
दलित महिला संघ (फेडो)को प्रकाशन

# मार्गदर्शन

वर्ष ३०, अंक १, २०८१-०८२
Margadarshan Half-Yearly Magazine Vol. 1, 2025

## तथ्याङ्कले देखाउँछ दलितको अवस्था, राज्यको अनुहार

दुई दशकमा भएको समष्टिगत दलित जनसङ्ख्याको अनुपात




- सरकारका नीति तथा बजेटमा दलित सवाल सम्बोधनका लागि देशभर छलफल
- चमार समुदायको पहिलो महिला डाक्टर
- विभेदविरूद्ध एकैस्वरः 'जातीय छुवाछूत तथा विभेदविरूद्ध दृढतापूर्वक उभिऔं'
- सफलता र सङ्घर्षका कथाः 'फेडोसँगको सहकार्य वरदान सावित भयो'

# तस्बिरमा दलित महिला संघका गतिविधि




















दलित महिला संघको प्रकाशन

FEDO

# मार्गदर्शन

वर्ष ३०, अंक १, २०८१-०८२ Margadarshan Half-Yearly Magazine Vol. 1, 2025

**सल्लाहकार**

दुर्गा सोब

कला स्वर्णकार

रेनु सिजापती

डा. रबिना रसाईली

**सम्पादक**

मुना खड्गी

**लेखा व्यवस्थापन**

भवेश विशुंखे

**प्रकाशक**

**दलित महिला संघ (फेडो)**

केन्द्रीय कार्यालय, ललितपुर

फोन: ०१-५४२०९८२

इमेल: dms.fedo@gmail.com

वेबसाइट: www.fedonepal.org

**मुद्रण**

**अन्नपूर्ण अफसेट प्रेस**

सामाखुशी, काठमाडौं





## यसभित्र....


- दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदन, एक ऐतिहासिक कार्य
- तथ्याङ्कले देखाउँछ दलितको अवस्था, राज्यको अनुहार
- सरकारका नीति तथा बजेटमा दलित सवाल सम्बोधनका लागि देशभर छलफल
- दलितमाथि देशभर भएका घटनालगायत विषयमा गृहमन्त्री र कानूनमन्त्रीको ध्यानाकर्षण
- विभेदविरूद्ध एकैस्वरः 'जातीय छुवाछूत तथा विभेदविरूद्ध दृढतापूर्वक उभिऔं'
- राष्ट्रपति र प्रधानमन्त्रीको सन्देश : जातीय विभेद मानवीय गरिमाविरूद्धको अपराध
- अन्तरराष्ट्रिय जातीय तथा रंगभेद विरूद्धको दिवस मनाइयो
- मानवअधिकार कार्यान्वयनसम्बन्धी प्रतिवेदनबारे परामर्श
- अभावले छेकेन 'स्मृति' को गन्तव्य, परिवारको सपना
- 'टोलका जातीय नाम फेरिए, आत्मसम्मान महसुस भयो'
- फेडोका गतिविधि
- सफलता र सङ्घर्षका कथा
- अन्तरराष्ट्रिय मञ्चमा फेडो
- मिडियामा फेडोका गतिविधि

# सम्पादकीय

# दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदन एक ऐतिहासिक कार्य

नेपालमा विसं १९६८ मा जनगणना शुभारम्भ भएकामा त्यसले एक शताब्दी पार गरिसकेको छ । हरेक दश/दश वर्षमा जनगणनामार्फत जनसङ्ख्याको आकार, संरचना, वितरण, वृद्धिदर र घरपरिवारसँग जोडिएका सामाजिक तथा आर्थिक सूचकका आधार तथ्याङ्कमा उपलब्ध गराउँदै आइएको छ । यसक्रममा नेपालका विविध जातजातीको अवस्थाबारे पनि तथ्य उजागर हुँदै आएको छ । यिनै तथ्यले सरकारलाई आफ्ना नीति, योजना तथा कार्यक्रम निर्माण गरी देशको समग्र भूगोलमा बसोबास गर्ने नागरिकको उत्थानका लागि काम गर्ने आधार दिन्छ । यति महत्त्वपूर्ण दस्ताबेजमा दलितलगायत जातजाती, तिनको आर्थिक, सामाजिक, शैक्षिक र समग्र अवस्था समेट्ने प्रयास हुँदै आएको छ । यो सराहनीय छ ।

यसपटक भने इतिहासमै पहिलोपटक राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा आधारित रहेर दलितसम्बन्धी एकीकृत तथ्याङ्कीय प्रतिवेदन तयार गरिएको छ । दलित महिला संघ (फेडो) को परिकल्पनाअनुसार प्रतिवेदन प्रकाशन गर्ने राष्ट्रिय तथ्याङ्क कार्यालय र यसमा सहयोग गर्ने लुथरन वर्ल्ड फेडेरेशन (एलडब्लुएफ) नेपाल, केयर नेपाल, फाउन्डेशन फर जस्ट सोसाइटी (एफजेएस) को भूमिका पनि यस ऐतिहासिक दस्तावेजमा दर्ज भएको छ । यो एक तथ्याङ्कीय प्रतिवेदन भए पनि यसमा प्रस्तुत तथ्याङ्कलाई आम प्रयोगकर्ताले सहजै बोध गर्न सक्नेगरी सरल भाषामा विश्लेषण, अर्थापन र मूलभूत प्रवृत्तिहरूको सङ्केत गरिएको छ । यस प्रतिवेदनले दलितको जनसङ्ख्यासँग सम्बन्धित लक्षित नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सहज हुने भएकाले यस कदमलाई ऐतिहासिक मान्नुपर्दछ ।

नेपालले समतामूलक समाज र समावेशी लोकतन्त्रको सपना देख्दै संविधानको पहिलो अनुच्छेदमै 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक' समाजलाई समेट्ने लोकतान्त्रिक राज्य व्यवस्थाको परिकल्पना गरेका छ । त्यसअनुसार आफ्ना नीति तथा कानुन निर्माण गरिरहेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बृहत् छातामुनी तीन तहका सरकार, राज्यका निकायमा समान प्रतिनिधित्व र पहुँच तथा समाजमा हरेक नागरिकलाई सम्मानजनक आदर्शपूर्ण जीवन बाँच्न पाउने आधार तयार गरेको छ । संविधानको परिकल्पना साकार गर्नका लागि अब तथ्य र प्रमाणमा आधारित नीति तथा कार्यक्रम आवश्यक हुन्छ । त्यसको आधार यस प्रतिवेदनले तयार गरिदिएको छ । राष्ट्रिय जनगणना २०७८ को बृहत् दस्ताबेजबाट दलितसम्बन्धी तथ्याङ्क झिकेर एकीकृत तथ्याङ्क तयार गरी नीति निर्माता, सरकार र विकास साझेदारलाई प्रमाण र प्राथमिकतामा आधारित पहलकदमीका लागि यसले स्पष्ट आधार तय गरिदिएको छ ।

यो प्रतिवेदन केवल तथ्याङ्कको संग्रह होइन, यो हाम्रो सामाजिक संरचनामा विद्यमान विभेद, भेदभाव र अवसरको असमान उपलब्धता, दलितहरूको आर्थिक र सामाजिक अवस्थाको साक्षी हो । यो राज्यले हालसम्म गर्दै आएका कामले दिएका परिणामको ऐना पनि हो । प्रतिवेदन सरकारले हालसम्म गर्दै आएका दाबी र उपलब्धि खुला किताब हो । राज्यले देशको छातामुनि रहेका सबै नेपालीलाई समान अवसर दिएको दाबी गर्दा, यस तथ्याङ्कले एकपटक सोच्न बाध्य बनाएको छ–त्यो छाता कतै चुहिएको पो छ कि !


प्रतिवेदनमा उजागर भएका शिक्षा र अवसरको स्थितिले सामाजिक बहिष्करणको चित्र देखाएको छ । घर त छ, तर एउटा शौचालय, गुणस्तरीय खानेपानीलगायत आधारभूत आवश्यकताकै अभाव छ । इन्धनको अभावमा अझै दाउराको भरमा चुल्हो बाल्नुपरेको छ । लैङ्गिक असमानता व्याप्त छ । तथ्यले दलित महिलाले अझै न शिक्षा, न स्वास्थ्य सेवा, न त आर्थिक स्वामित्व पाएको देखाउँछ । दलित महिला गैरदलित महिलाभन्दा बढी 'घरमुली' छन् भन्ने तथ्य सुनिँदा सशक्त लाग्न सक्छ, तर यस समुदायका पुरुष देशभित्रै विकल्प नदेखेपछि रोजगारी खोज्दै परदेशिएको तथ्यलाई यसले सँगसँगै बोक्छ । बालविवाह र गरिबीको चक्रव्यूह बाँकी नै छ । दलित समुदायको ३६ प्रतिशत परिवार अझै 'अति न्यून वर्ग' मा जीवन गुजार्दै छन् ।

यसर्थ, प्रतिवेदनले स्पष्ट तथ्य राखिदिएको छ । अब राज्य, नीतिनिर्माता, तीनै तहका सरकार, नागरिक समाज, विकास साझेदार, सञ्चारकर्मी सबैको परीक्षाको घडि सुरु भएको छ । यो प्रतिवेदनको सार्थकता तब हुनेछ जब यी तथ्यको आधारमा नीति निर्माणको आधार बन्नेछ । तथ्यले दलित समुदायको अवस्थाको गणना गरेको छ, अब त्यसअनुसारको न्याय आवश्यक छ । अन्यथा यी तथ्याङ्कहरू हाम्रो सामूहिक असफलताको दस्तावेज भएर रहने छन् ।

# तथ्याङ्कले देखाउँछ दलितको अवस्था, राज्यको अनुहार

**काठमाडौं:** राष्ट्रिय जनगणना २०७८ को दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदनले देशमा विद्यमान असमानता र भेदभावको अवस्थालाई उजागर गरेको छ। प्रतिवेदनले शिक्षा, रोजगार, आर्थिक, सामाजिक अवस्थामा दलित समुदायको कमजोर अवस्था देखाएको छ। त्यसमा पनि तराईमा दलितको शैक्षिक र सामाजिक अवस्था निकै नाजुक रहेको तथ्य उजागर भएको छ । धैरैजसो अधिकारकर्मीले दलितको जनसङ्ख्यालाई लिएर विविध टिकाटिप्पणी गरिरहेको अवस्थामा तथ्याङ्कले विगतमा भन्दा करिब एक प्रतिशतले जनसङ्ख्या बढेको देखाएको छ। जनसङ्ख्या बढे पनि अवसर भने खुम्चिरहेको यथार्थ प्रतिवेदनले प्रष्ट गरेको छ।

**दुई दशकमा भएको समष्टिगत दलित जनसङ्ख्याको अनुपात**




विसं २०५८ को जनगणनामा दुई करोड २७ लाख ३६ हजार ९३४ जना व्यक्तिहरूमध्ये ११ प्रतिशत दलित जनसङ्ख्या रहेको थियो। त्यसको दश वर्षपछि विसं २०६८ को जनगणनामा नेपालको कुल जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ मध्ये दलितको हिस्सा १२.५ प्रतिशत रहेको छ। विसं २०६८ बाट २०७८ को अवधिमा दलितको कुल जनसाङ्ख्यिक अनुपात, पहाडी दलितको अनुपात र तराई दलितको अनुपात केही बढेको देखिन्छ। खासगरी कुल दलितको अनुपात करिब १ प्रतिशत विन्दुले बढेको देखिन्छ।

- *कुल जनसङ्ख्यामा दलितको हिस्सा ३८ लाख ९८ हजार ९९० अर्थात् १३.४ प्रतिशत छ। यसमा पहाडी दलित ८.६ प्रतिशत र तराईमा दलित ४.८ प्रतिशत।*
- *कुल दलितको अनुपात करिब १ प्रतिशतले बढेको।*
- *दलिततर्फ कुल जनसङ्ख्यामा सबैभन्दा धेरै १४ लाख ७० हजार १० (५ प्रतिशत) हिस्सा विश्वकर्मा।*
- *दलितको साक्षरता दर झन्डै ९ प्रतिशत कम।*
- *तराईका ३१.६ प्रतिशत मधेसी दलित महिला कहिल्यै विद्यालय नगएका, त्यहाँका ५५.९ प्रतिशत र पहाडका २९.९ प्रतिशत दलित महिला निरक्षर।*
- *समग्र बालविवाह विद्यमानतादर १४.१ प्रतिशत रहेकामा दलिततर्फ करिब २३ प्रतिशत*
- *दलितको विवाह गर्ने औसत उमेर १८.७ वर्ष, पुरुषको २०.२ र महिलाको १७.५ वर्ष।*
- *पहाडी दलित महिलाभित्र एकल महिलाको हिस्सा ८.६ र तराई दलित महिलाभित्र ६.१ प्रतिशत। समग्र दलितमा ७.८ प्रतिशत एकल महिला।*
- *दलितमा २.४ प्रतिशत अपाङ्गता।*
- *१५.७ प्रतिशत दलित महिलाको नाममा घरजग्गाको स्वामित्व।*

## क) घर त बन्यो, तर छानोमुनि विभेद !

नेपालका कुल ६६ लाख ६० हजार ८४१ परिवारमध्ये ८६ प्रतिशत आफ्नै स्वामित्वको घरमा बसोबास बस्छन्, तर तथ्याङ्कले औसतभन्दामाथि कुल ९० दशमलव ७ प्रतिशत

# दलितसम्बन्धी एकीकृत तथ्याङ्क सार्वजनिक




**काठमाडौँः** नेपालको इतिहासमा पहिलोपटक जनगणनामा आधारित पहिलो एकीकृत तथ्याङ्कीय प्रतिवेदन प्रकाशित भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७८ को जनगणनामा प्राप्त तथ्यहरूलाई विश्लेषण गरी दलित र गैरदलित समुदायको तुलनात्मक अवस्थासहितको विस्तृत प्रतिवेदन (असार १३ गते) सार्वजनिक गरेको हो ।

तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त तथ्याङ्कलाई सरल भाषामा विश्लेषणसहित विषयगत एवं जनसाङ्ख्यिक प्रतिवेदन तयार गर्ने क्रममा दलितसम्बन्धी प्रतिवेदनका लागि दलित महिला संघ (फेडो) को विशेष पहल र योगदान रहेको त्यसक्रममा जानकारी दिइयो । प्रतिवेदनको तयारी र मुद्रणमा लुथरन वर्ल्ड फेडेरेशन (एलडब्लुएफ) नेपाल, केयर नेपाल, फाउन्डेशन फर जस्ट सोसाइटी (एफजेएस) ले सहयोग गरेकाले यस कार्यले सार्थकता पाएको पनि त्यस अवसरमा जानकारी दिइएको थियो ।

प्रतिवेदनले नेपालका दलित र विशेषतः दलित महिलाहरूको आर्थिक, सामाजिक र जनसाङ्ख्यिक अवस्थाको तुलनात्मक विश्लेषण गर्ने प्रमुख उद्देश्य र दलित जनसङ्ख्याको पारिवारिक र व्यक्तिगत सूचकहरूलाई राष्ट्रिय परिदृश्य र गैरदलित जनसङ्ख्यासँग सन्दर्भअनुसार तुलना, प्रवृत्ति विश्लेषण र नीति निर्माणका लागि सुझाव प्रस्तुत गर्ने अन्य सहायक उद्देश्यअनुसार प्रतिवेदन प्रकाशन गरिएको फेडोका संस्थापक दुर्गा सोवले बताउनुभयो ।

यसका साथै भाषिक, वैवाहिक, शैक्षिक, बसाइँसराइ तथा अनुपस्थित जनङ्ख्या, आर्थिक क्रियाकलाप, बालबालिका, महिलाको प्रजननसम्बन्धी अवस्था, वृद्ध व्यक्तिहरुको अवस्था र »» **क्रमशः**

दलित आफ्नै स्वामित्वको घर छ। पहाडी दलित परिवारमध्ये ८८.४ प्रतिशत र तराईका कुल दलित परिवारमध्ये ९५.७ प्रतिशतको आफ्नै स्वामित्वको घर रहेको देखिन्छ ।

भाडाको घरमा बसोबास गर्ने राष्ट्रिय औसत १२.८ प्रतिशत मात्र छ। जसमा दलित परिवार तराईमा न्यूनतम अर्थात् १.८ प्रतिशत र पहाडी दलित परिवारमध्ये १०.४ प्रतिशत छन् । गैरदलित जातजातिको कुल परिवारमध्ये १३.५ प्रतिशत भाडाको घरमा बसोबास गरेको देखिन्छ । यो अनुपात गैरदलितभन्दा दलितको उच्च हो । यसले आत्मनिर्भरताको संकेत दिन्छ, तर त्यो घरभित्रको जीवन कस्तो छ ? दलित अधिकारकर्मी भन्छन्,"जब भान्सामा दाउरा बल्छ, शौचालयको अभावमा खुला मैदानतिर जानुपर्छ, गुणस्तरीय खानेपानीको अभाव छ । त्यसले घरभित्रै सङ्घर्ष गर्नुपर्ने अवस्था छ ।"

अपाङ्गता भएका दलित जनसङ्ख्याको स्थितिसमेत उजागर गर्ने प्रयास गरिएको उहाँले बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले दलित समुदायको विस्तृत अवस्थासहितको एकीकृत तथ्याङ्क प्रकाशनका लागि सम्बद्ध पक्षलाई धन्यवाद दिँदै यसले तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहलाई सहज हुने विश्वास व्यक्त गर्नुभयो । "सरकारले वञ्चितीकरणमा रहेकालाई मूलधारमा समावेश गर्ने गरी नीति कार्यक्रमहरू समावेश गरिरहेको छ । आगामी दिनमा तीनै तहका सरकारलाई आफ्ना नीति, कार्यक्रम तथा योजनामा दलितसम्बन्धी विषयलाई समेट्न निकै सघाउ पुग्नेछ", उहाँले भन्नुभयो ।

दलित महिला संघ फेडोकी महासचिव रेनु सिजापतिले दलितसम्बन्धी एकीकृत तथ्याङ्क प्रकाशन गर्ने ऐतिहासिक काम भएको भन्दै अब प्रतिवेदनले औंल्याएका विषय सम्बोधनका लागि सरोकारवाला सबै निकायले गम्भीरतापूर्वक काम गर्नुपर्ने बताउनुभयो । उहाँले मुलुकको औसत साक्षरता दर ७६.२ प्रतिशत रहेको अवस्थामा दलित समुदायको साक्षरता दर भने ६७.४ प्रतिशत रहेको र त्यसमा पनि तराईका दलितको साक्षरता दर ५१.९ प्रतिशत रहेकाले गम्भीर अवस्था देखाएको बताउनुभयो । "अझ उच्च शिक्षा प्राप्त गर्ने दलितको जनसङ्ख्या झन् चिन्ताजनक छ । दलित समुदायका एक दशमलव छ प्रतिशतले मात्रै स्नातक वा सोभन्दा माथिको पढाइ गरेका, विद्यालय जाने उमेरमध्ये दलित समुदायको १३ दशमलव एक प्रतिशत कहिल्यै विद्यालय नगएको र तराईका दलितमध्ये २७ दशमलव पाँच प्रतिशत त कहिल्यै विद्यालय नगएको तथ्याङ्कले देखाएको छ । यस्तो अवस्थामा सामाजिक रूपान्तरणको मुख्य आधार नै कमजोर हुनु चिन्ताजनक हो । यसमा सबै गम्भीर बनौं", उहाँले भन्नुभयो ।

मुलुकको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ । जसमा दलितको जनसङ्ख्या ३८ लाख ९८ हजार ९९० छ । जुन कुल जनसङ्ख्याको १३.४ प्रतिशत हो । पहाडी दलित ८.६ प्रतिशत र तराईमा दलित ४.८ प्रतिशत रहेका छन् । कुल गैरदलित जातजातिको हिस्सा ८६.२ प्रतिशत छ । तथ्याङ्कीय प्रतिवेदनमा दलितका २२ जातजाति सूचीकृत भएका छन् । पहाडी दलिततर्फ विश्वकर्मा-कामी, परियार-दमाई, मिजार-सार्की, बादी र गाइनेसहित पाँचवटा जाति छन् ।

**यस्तो छ अभाव**

**शौचालयः** शौचालय नहुने परिवार नेपालमा ४.५ प्रतिशत छ, जब कि गैरदलिततर्फ यो सङ्ख्या केवल ३.७ प्रतिशत छ । दलित जातजातिका परिवारमध्ये १०.१ प्रतिशत शौचालयविहीन छन् । त्यसमा तराईका दलितमध्ये २४ दशमलव ६ प्रतिशत र पहाडी दलित परिवारमध्ये ३.३ प्रतिशत शौचालय सुविधाविहीन छन् ।

नेपालमा करिब ६५ प्रतिशत परिवारले फ्लस भएको शौचालय गर्छन् । गैरदलित जातजाति परिवारमध्ये करिब ६७ प्रतिशतले यस्तो सुविधा उपभोग गर्छन्, यो औसतभन्दा बढी हो । जबकी दलित जातजातितर्फ ५२.१ प्रतिशतले मात्र यसप्रकारको शौचालय सुविधा उपभोग गरिरहेको देखिन्छ । त्यसमा केवल २५.७ प्रतिशत तराई दलित र ६४.५ प्रतिशत पहाडी दलितले घरभित्र यस्तो सुविधा प्राप्त गरिरहेका छन् ।

**खानेपानीः** नेपालका कुल परिवारमध्ये ५७ प्रतिशतले पाइप धारा (घरपरिसरभित्र र बाहिरसमेत) को स्रोतबाट खानेपानी प्राप्त गरेका छन् । दलित परिवारमा भने औसतभन्दा ४.१ प्रतिशत विन्दुले न्यून अर्थात् ५२.९ प्रतिशत । दलितभित्र पनि तराईका दलित परिवारमध्ये करिब १८ प्रतिशत परिवारले मात्र पाइप धाराबाट खानेपानी उपभोग गरेको देखिन्छ भने पहाडी दलिततर्फ यो मान करिब चारगुणा बढी अर्थात् ६९.४ प्रतिशत रहेको छ । तराईका दलितमध्ये ७७.० प्रतिशतले हातेपम्प वा ट्युबवेलबाट खानेपानी प्राप्त गरेको अवस्था छ भने नेपालमा गैरदलित जातजातितर्फ ट्युबवेलका पानी प्रयोक्ताको यो मान २९ प्रतिशत हाराहारी रहेको छ । केवल १४.३ प्रतिशत पहाडी दलितले मात्र ट्युबवेलको पानी खानेपानीका रूपमा उपभोग गरेको अवस्था छ ।

**चुल्होमा दाउरा, जीवनमा अभाव बल्छ**

नेपालका कुल ५१ प्रतिशत परिवार अझै पनि काठ-दाउरामा खाना पकाउँछन्, तर तराईका ६९.९ प्रतिशत र पहाडी दलितमध्ये ६७.५ प्रतिशत परिवार काठकै भरमा खाना पकाउँछन् । गैरदलित जातजातिको

अंश (४८.५ प्रतिशत) राष्ट्रिय औसत (५१.० प्रतिशत) भन्दा कम रहेको छ ।

एलपी ग्यास प्रयोग गर्ने गैरदलितको हिस्सा ४७ प्रतिशत छ, यो राष्ट्रिय औसत (४४.३) भन्दा २.७ ले बढी छ, जब कि दलित समुदायमा यो केवल २६.१ प्रतिशत छ । यसमा दलितभित्र पहाडी दलित परिवारमध्ये ३१.६ र तराई दलित परिवारमध्ये केवल १४.६ प्रतिशत मात्र छन् ।

### बिजुली बल्यो तर अवसर ?

नेपालमा ९२.२ प्रतिशत परिवारले बिजुली बाल्छन् । तथ्याङ्कमा दलित समुदाय पनि धेरै पछि छैनन् अर्थात् ८७.६ प्रतिशत ले बिजुली पाएका छन् । यसमा ८४.४ प्रतिशत पहाडी दलित र ९४.४ प्रतिशत तराई दलित छन् । अन्य जातजातिको तुलनामा यो सुविधा उपयोगमा तराईका दलित अगाडि रहेका छन् । त्यसो हो भने यथार्थमा बिजुलीको उज्यालोजस्तै जीवनको अँध्यारो हटेको छ त ? छैन ।


**उदाहरण हो,** केवल २.५ प्रतिशत तराई दलित र ५.६ प्रतिशत पहाडी दलितसँग कम्प्युटर हुनु । इन्टरनेट सुविधा अझै सपना हो । नेपालमा ४९.४ प्रतिशत परिवारसँग टेलिभिजन रहेकामा गैरदलित परिवारमध्ये करिब ५२, करिब ३७ प्रतिशत पहाडी दलित र तराईका करिब ३० प्रतिशत दलित परिवारमा मात्र टेलिभिजन छ । नेपालमा ७३.२ प्रतिशत परिवारसँग साधारण मोबाइल फोन छ । कम्प्युटर (साधन) र इन्टरनेट (सुविधा) हुने परिवारका बिच उल्लेख्य विषमता विद्यमान छ । नेपालका १५ प्रतिशत परिवारसँग कम्प्युटर वा ल्यापटप छ । गैरदलित जातजातिका कुल परिवारमध्ये औसतभन्दा बढी १६.५ प्रतिशतसँग यो साधन रहेको छ, दलितसँग निकै कम ।

**परिवारमा उपलब्ध केही प्रमुख साधन सुविधा (प्रतिशत)**

| विवरण | टेलिभिजन | मोबाइल फोन (साधारण) | स्मार्ट मोबाइल फोन | कम्प्युटर/ ल्यापटप | इन्टरनेट सुविधा | रेफ्रिजरेटर | विद्युतीय पंखा |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ४९.४ | ७३.२ | ७३.० | १५.० | ३७.८ | २३.७ | ५३.१ |
| पहाडी दलित | ३६.७ | ७३.५ | ६३.८ | ५.६ | २७.० | १२.१ | ३४.२ |
| तराई दलित | २९.८ | ६६.८ | ५२.४ | २.५ | १२.४ | ३.५ | ६६.१ |
| गैरदलित जातजाति | ५१.७ | ७३.५ | ७४.९ | १६.५ | ४०.१ | २५.८ | ५४.४ |

## ख) शिक्षाको अवस्था नाजुक : ५६ प्रतिशत तराईका दलित महिला निरक्षर

**दलित र गैरदलित जातजातिको निरक्षर जनसङ्ख्याको अवस्था (प्रतिशत)**




नेपालको औसत साक्षरतादर ७६.२ प्रतिशत छ, तर दलित समुदाय योभन्दा ८.८ प्रतिशत विन्दुले तल अर्थात् ६७.४ छ । त्यसमा तराई दलितहरूको साक्षरतादर केवल ५१.९ प्रतिशत र पहाडी दलितको ७५.७ छ । विद्यालय जाने उमेर समूहका १३ दशमलव १ प्रतिशत दलित समुदायका व्यक्ति कहिल्यै विद्यालय नगएको, त्यसमा तराईका दलित २७ दशमलव ५ प्रतिशत छन् । पहाडमा भन्दा तराईमा दलितको शैक्षिक र सामाजिक अवस्था निकै कमजोर छ । महिलातर्फ तराईका ३१.६ प्रतिशत कहिल्यै पनि विद्यालय नगएको पाइएको छ । त्यहाँ ५५.९ प्रतिशत र पहाडका २९.९ प्रतिशत दलित महिला निरक्षर छन् । समग्रमा ३९ प्रतिशत दलित महिला निरक्षर छन्। समग्र दलिततर्फ निरक्षरतादर ३२.६ प्रतिशत छ । जसमा पुरुषको २५.८ र महिलाको ३८.७ प्रतिशत रहेको छ। तराईका दलित (महिला-पुरुष गरी) ४८.१ प्रतिशत निरक्षर छन् भने पहाडी दलित २४.२ प्रतिशित निरक्षर छन् ।

समग्र दलिततर्फ बाल साक्षरतादर राष्ट्रिय औसतभन्दा ४ प्रतिशत विन्दुले न्यून अर्थात् ९० प्रतिशत रहेको छ । दलित बालिकाको समग्र साक्षरतादर दलित बालकको तुलनामा १ प्रतिशतभन्दा कम अङ्कले न्यून रहेको छ तर गैरदलित बालिकाको तुलनामा दलित बालिकाको औसत साक्षरतादरमा ४.२ प्रतिशत विन्दुले न्यून हुनुको फरक छ ।

### तहगत शिक्षा उत्तीर्ण हुने

नेपालमा ३३.१ प्रतिशतले आधारभूत तह, ५७.६ प्रतिशत माध्यमिक तह, ७ प्रतिशत स्नातक वा सोभन्दा माथिको उच्च शिक्षा पूरा गर्ने जनसङ्ख्या छ । दलित जनसङ्ख्यामध्ये माध्यमिक तह पूरा गर्नेको अनुपात ५१.३ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा ६.३ प्रतिशत विन्दुले कम छ । स्नातक वा सोभन्दा माथिको तह पूरा गर्नेको अनुपात केवल १.६ प्रतिशत छ ।

### ग) जग्गाको स्वामित्व र महिला

महिलाको नाममा जग्गा हुनु सशक्तीकरणको सूचक मानिन्छ, तर समग्रमा महिलाको नाममा घर-जग्गा भएको परिवार २४ प्रतिशत हुँदा दलिततर्फ यो केवल १५.७ प्रतिशत मा सीमित छ। नेपालका कुल ६६ लाख ६० हजार ८४१ परिवारमध्ये करिब २४ प्रतिशत परिवारका कम्तीमा एक जना महिलाको नाउँमा घर वा जग्गा वा घरजग्गा दुवैमाथि स्वामित्व रहेको देखिन्छ । तर, १५.७ प्रतिशत दलित परिवारभित्र कम्तीमा एक जना महिलाको नाउँमा यसप्रकारको स्वामित्व रहेको छ भने गैरदलित जातजातिको राष्ट्रिय औसत दलितको भन्दा ९.४ प्रतिशत विन्दुले बढी अर्थात् २५.१ प्रतिशत रहेको छ । गैरदलित जातजातिका २८.४ प्रतिशत परिवारमा महिलाको नाउँमा घरजग्गामाथि स्वामित्व रहेको छ भने दलित जातजातितर्फ यो मान १०.६ प्रतिशत विन्दुले न्यून अर्थात्१७.८ प्रतिशत मात्र रहेको छ।


### घरमुली र परदेशिएका सपना

नेपालको कुल जनसङ्ख्यामध्ये २२.९ प्रतिशत जनसङ्ख्या स्वयं परिवारमुली रहेको देखिन्छ । त्यसपछिको दोस्रो ठुलो (२८.३ प्रतिशत) समूह छोरा वा बुहारीको रहेको छ। तेस्रो (१६.३ प्रतिशत) र चौथो (१५.४ प्रतिशत) ठुलो समूह क्रमशः श्रीमान्/श्रीमती र छोरी वा ज्वाइँको रहेको देखिन्छ । समग्र दलित जनसङ्ख्यामध्ये २२.३ प्रतिशत परिवारमुली, २९.० प्रतिशत छोरा वा बुहारी, १७.६ प्रतिशत छोरी वा ज्वाइँ र १५.३ प्रतिशत श्रीमान्/श्रीमती नाता पर्ने व्यक्ति देखिन्छन् ।

नेपालका ६६ लाख ६६ हजार ९३७ परिवारमध्ये ३१.५ प्रतिशत परिवारमा महिला परिवारमुली छन्, तर पहाडी दलितको कुल ५ लाख ९२ हजार ४८७ परिवारमध्ये ४२.६ प्रतिशत परिवारमा महिला परिवार मुली रहेको तथ्याङ्क छ। यो मान राष्ट्रिय औसतभन्दा ११.१ प्रतिशतले उच्च हो । महिला परिवारमुलीको अनुपात सबैभन्दा न्यून तराई दलितमा ३०.८ प्रतिशत छ जुन समग्र दलितको भन्दा १३.२ प्रतिशतले र राष्ट्रिय अनुपातभन्दा ८.२ प्रतिशतले न्यून रहेको छ । गैरदलित जातजातिको कुल परिवारमध्ये ३०.८ प्रतिशत परिवारमा महिला परिवारमुली रहेका छन्जुन राष्ट्रिय औसतभन्दा ०.७ प्रतिशत विन्दुले न्यून देखिन्छ। पहाडी दलित परिवारमा महिला परिवारमुली ४० प्रतिशतभन्दा बढी छन् ।

यो सशक्तीकरण हो कि पुरुषहरूको देशबाहिर पलायन? यस्तै पहाडी दलित महिलामध्ये २१.४ प्रतिशत (दलित पुरुष ७८.६ प्रतिशत र गैरदलित पुरुष ८२.२) र तराई दलित महिलाका २.२ प्रतिशत हिस्सा नै विदेश गएको देखिन्छ।

**भौगोलिक क्षेत्र र सहरीकरणको तहअनुसार दलित र गैरदलित परिवारका महिलामुली प्रतिशत**




### एकल महिला तथा विधवा महिलाको अवस्था


नेपालमा समग्रमा ८.० प्रतिशत एकल महिला रहेको देखिन्छ। गैरदलित जातजातितर्फ एकल महिलाको अंश १० वर्ष र सोभन्दा माथिको जनसङ्ख्यामा ८.१ प्रतिशत रहेको छ । पहाडी दलित महिलाभित्र एकल महिलाको हिस्सा ८.६ प्रतिशत र तराई दलित महिलाभित्र ६.१ प्रतिशत एकल महिला रहेका छन्। समग्र दलिततर्फ १० वर्ष र सोभन्दा माथिको जनसङ्ख्यामा ७.८ प्रतिशत एकल महिला रहेको देखिन्छ।

## घ) व्यवसाय र सम्पन्नता

### कतिले गर्छन् व्यवसाय ?

नेपालका कुल परिवारमध्ये ९.४ प्रतिशत परिवारले मात्र कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेको देखिन्छ भने ९०.६ प्रतिशत परिवारले यसप्रकारको कुनै पनि व्यवसायमा संलग्न नरहेको पाइयो । जसमा गैरदलित जातजातिमध्ये ९.६ प्रतिशत र दलित जातजातिको संलग्नता राष्ट्रिय औसतभन्दा १.२ प्रतिशत विन्दुले न्यून अर्थात् ८.२ प्रतिशत रहेको छ । यसमा पनि तराई दलितको अवस्था पहाडी दलितको तुलनामा २.४ प्रतिशत विन्दुले कमजोर छ ।

**केही प्रमुख पेसामा दलित र गैरदलित जातजातिको संलग्नतादर (प्रतिशत)**





नेपालमा ६ महिना र सोभन्दा बढी अवधि काम गर्ने जनसङ्ख्या ४१ प्रतिशत छ। यसमा दलितको हिस्सा करिब ३९ प्रतिशत छ भने गैरदलितको ४१.३ प्रतिशत। तराई दलित ३४.८ प्रतिशत) र पहाडी दलित ४०.७ प्रतिशत। आर्थिक काम नगर्ने जनसङ्ख्या नेपालमा ३७.५ प्रतिशत छ र दलितमा यसको अनुपात ३१.३ प्रतिशत रहेको छ। यसमा पहाडी दलित ३३.९ प्रतिशत र तराई दलित ४२.२ प्रतिशत रहेको छ।

आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या नेपालमा ३४.३ प्रतिशत, समग्र दलितका ३३.५ प्रतिशत, गैरदलितको ३४.४ प्रतिशत (राष्ट्रिय औसतसँग बराबर), पहाडी दलितको ३०.९ प्रतिशत र तराई दलितको ३८.६ प्रतिशत रहेको छ।

### अनि कसरी धनि हुनु (सम्पन्नताको स्थिति) ?

**दलित तथा गैरदलित परिवारको सम्पन्नताको वर्गीकरण (प्रतिशत)**




नेपालमा एकचौथाइ परिवार मात्र अति न्यून वर्गमा रहँदा समग्र दलिततर्फ यो मान एक तिहाइभन्दा बढी अर्थात् ३६.० प्रतिशत रहेको छ। यसमा पहाडी दलित परिवारमध्ये ३२.० र तराई दलितको हिस्सा ४४.५ प्रतिशत छ । गैरदलित परिवारको हिस्सा १८.० प्रतिशत रहेको छ जुन राष्ट्रिय औसतभन्दा २.३ प्रतिशत, समग्र दलितको तुलनामा आधा, पहाडी दलितको तुलनामा १४.० प्रतिशत र तराई दलित परिवारको तुलनामा २६.५ प्रतिशत विन्दुले कम छ । नेपालका कुल २० प्रतिशत परिवार यस पञ्चमक (वर्ग) मा रहेका छन्भने गैरदलित जातजातितर्फ यो मान करिब २१ प्रतिशत रहेको छ। समग्र दलिततर्फ लगभग १४ प्रतिशत परिवार मात्र उच्च वर्गमा परेको देखिन्छ।

## ङ) दलितभित्रको अनुपात

दलितमध्ये पहाडी दलित ८.६ प्रतिशत र तराई दलित करिब आधा अर्थात् ४.८ प्रतिशत रहेको छ। पहाडी दलितमा विश्वकर्मा/कामी, परियार/दमाई, मिजार/सार्की, बादी र गाइनेसहित पाँचओटा जातिहरू रहेका छन् । दलिततर्फ सबैभन्दा धेरै (५.० प्रतिशत) हिस्सा विश्वकर्मा, दोस्रो (१.९ प्रतिशत) र तेस्रो (१.६ प्रतिशत) हिस्सा क्रमशः परियार र मिजारको। पहाडी दलितका बाँकी दुई जातिमध्ये देशभरिमा बादीको सङ्ख्या ११,४७० रहेको छ।

### दलित जातजातिभित्र विभिन्न जातिको सङ्ख्या

| विवरण | | २०७८ | प्रतिशत | विवरण | | २०७८ | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | | २,९१,६४,५७८ | १०० | १० | खत्वे | १,२४,०६२ | ०.४ |
| **जम्मा दलित** | | ३८,९८,९९० | १३.४ | ११ | धोबी | १,०१,०८९ | ०.४ |
| **पहाडी दलित** | | २५,०६,६१२ | ८.६ | १२ | बाँतर/सरदार | ६१,६८७ | ०.२ |
| १ | विश्वकर्मा/कामी | १४,७०,०१० | ५ | १३ | कोरी | २०,६७० | ०.०७ |
| २ | परियार/दमाई | ५,६५,९३२ | १.९ | १४ | डोम | १९,९०१ | ०.०७ |
| ३ | मिजार/सार्की | ४,५२,२२९ | १.६ | १५ | खटिक | ९,१५२ | ०.०३ |
| ४ | बादी | ११,४७० | ० | १६ | सरवरिया | ५,७९३ | ०.०२ |
| ५ | गाइने | ६,९७१ | ० | १७ | धन्कार/धरिकार | ४,०९० | ०.०१ |
| **मधेसी/तराई दलित** | | १३,९२,३७८ | ४.८ | १८ | हलखोर | २,९२९ | ०.०१ |
| ६ | चमार/हरिजन/राम | ३,९३,२५५ | १.४ | १९ | नटुवा | २,८९६ | ०.०१ |
| ७ | मुसहर | २,६४,९७४ | ०.९ | २० | ढाँडी | २,३३९ | ०.०१ |
| ८ | दुसाध/पासवान/पासी | २,५०,९७७ | ०.९ | २१ | चिडिमार | १,६१५ | ०.०१ |
| ९ | तत्मा/तत्वा | १,२६,०१८ | ०.४ | २२ | कलार | ९३१ | ० |
| | | | | **जम्मा गैरदलित जातजाति** | | २,५२,६५,५८८ | ८६.६ |

गाइनेको सङ्ख्या ६ हजार ९७१ रहेको छ । तराई दलित जातजाति समूहभित्र विभिन्न २२ ओटा जातिहरू समावेश गरिएका छन् । तराई दलितका यी २२ ओटा प्रकाशित जातिमध्ये कुल जनसङ्ख्यामा अनुपातका दृष्टिले शीर्ष सात स्थानमा रहेको जातिहरू क्रमश: चमार/हरिजन/राम (१.४ प्रतिशत), मुसहर (०.९ प्रतिशत), दुसाध/पासवान/पासी (०.९ प्रतिशत), तत्मा/तत्वा (०.४ प्रतिशत), खत्वे (०.४ प्रतिशत), धोबी (०.४ प्रतिशत) र बाँतर/सरदार (०.२ प्रतिशत) रहेका छन् । तराईका दलितमध्ये सबैभन्दा न्यून जनसङ्ख्या कलार जातिको रहेको छ जुन ९३१ मात्र रहेको छ ।

## च) दलितमा छिटो विवाह

मुलुकमा पुरुष तथा महिलाको विवाहको समग्र औसत उमेर १९.९ वर्ष रहेको छ । पहिलो विवाह गर्दाको औसत उमेर पुरुषहरूले २१.६ र महिलाको १८.५ वर्ष छ । समग्र दलित (पुरुष तथा महिला) मध्ये पहिलो विवाह गर्दाको औसत उमेर १८.७ वर्ष रहेको छ। जुन पुरुषका हकमा २०.२ वर्ष र महिलाका हकमा १७.५ वर्ष रहेको छ ।

### बालविवाह उच्च

नेपालमा २० देखि २४ वर्षसम्मका पुरुषले १८ वर्ष नपुग्दै विवाह गरेको सङख्याका पुरुषतर्फ ५ प्रतिशत मात्र छ। जब कि महिलातर्फ यो मान करिब २२ प्रतिशत रहेको छ। समग्र बालविवाह विद्यमानतादर १४.१ प्रतिशत रहेको छ भने समग्र दलिततर्फ बालविवाह करिब २३ प्रतिशत छ । यसले समग्रतामा बालविवाह दलित जातजातिभित्र सार्थक अंकले उच्च रहेको देखाएको छ । मुलुकमा ८ प्रतिशत दलित पुरुष बालविवाह भएको समूहमा पर्छन् भने ३४ प्रतिशत विवाहित महिला बालविवाह भएकोमा पर्दछन् । गैरदलिततर्फ बालविवाहमा पर्ने पुरुष ४.४ र महिला करिब २० प्रतिशत रहेका छन् ।

## छ) दलितमा वृद्ध र अपाङ्गता कति ?

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा समग्र जनसङ्ख्या अर्थात् २ करोड ९१ लाख ६४ हजार ५७८ मध्ये २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ। यसमा दलिततर्फ पहाडमा ८.६ प्रतिशत र तराईमा ७.७ प्रतिशत जनसङ्ख्या ६० वर्ष र सोभन्दा माथिका रहेका छन्। समग्र दलितमा २.४ प्रतिशत अपाङ्गता रहेको पाइयो । यस्तै, तराईका दलितमध्ये १.६ र पहाडी दलितमध्ये २.९ प्रतिशत कुनै न कुनै प्रकारको अपाङ्गता छ, जुन राष्ट्रिय औसतभन्दा ०.७ प्रतिशत विन्दुले उच्च हो ।

**प्रतिवेदन विस्तृतमा पढ्न यहाँ जानुस्**

SCAN ME

# सरकारका नीति तथा बजेटमा दलित सवाल सम्बोधनका लागि देशभर छलफल




**काठमाडौँः** दलित महिला संघ (फेडो) ले तीनै तहका सरकारले आफ्ना नीति, कार्यक्रम तथा बजेटमा दलित सवालहरूलाई सम्बोधन गराउने उद्देश्यले देशका विभिन्न स्थानमा छलफल तथा अन्तरक्रिया आयोजना गरेको छ ।

यस क्रममा कोशी प्रदेशको विराटनगर, मधेशको जनकपुरधाम, बागमतीको हेटौँडा, सुदूरपश्चिमको धनगढी र कर्णाली प्रदेशको सुर्खेतमा सरोकारवालाको उपस्थितिमा 'प्रदेशस्तरीय वार्षिक नीति, कार्यक्रम र बजेटमा समेटिनुपर्ने दलित तथा महिलाका सवाल' विषयक कार्यक्रम सम्पन्न भएका छन् ।

यी कार्यक्रममा प्रदेश तथा स्थानीय तहका प्रमुख एवं प्रतिनिधिले आर्थिक वर्ष २०८२/८३ को बजेट, नीति तथा कार्यक्रममा फेडो तथा सरोकारवालाहरूले उठान गरेका विषय र प्राथमिक क्षेत्र सम्बोधनका लागि प्रतिबद्धता जाहेर गरेका थिए ।

ती अवसरमा कार्यक्रममा फेडोका प्रतिनिधिले दलित समुदायका अधिकार, समानता र न्यायका सवालमा गम्भीर बन्न आग्रह गरेका थिए । संघले आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट समीक्षा गर्दै आव २०८२/८३ का लागि समावेशी र न्यायपूर्ण नीतिहरू अवलम्बन गर्न सुझाव दिएको थियो ।

कार्यक्रमहरूमा प्रदेशका मन्त्री, प्रदेशसभा सदस्य, प्रदेश नीति तथा योजना आयोगका प्रतिनिधि, विभिन्न मन्त्रालयका सचिव, पालिकाका प्रमुख-उपप्रमुख, प्रशासकीय अधिकृत, नागरिक समाजका अगुवा, दलित महिला सदस्य तथा सञ्चारकर्मीको उल्लेखनीय उपस्थिति रहेको थियो ।

विभिन्न कार्यक्रम उपस्थित फेडोकी संस्थापक अध्यक्ष दुर्गा सोब, वर्तमान अध्यक्ष कला स्वर्णकार, महासचिव रेणु सिजापति, कार्यकारी निर्देशक डा रबिना रसाइलीलगायतले सङ्घीय व्यवस्थामा निर्णायक तहमा प्रतिनिधित्व र स्रोतसाधनमा पहुँच वृद्धि हुनेपर्नेमा त्यसो हुन नसकेको भन्दै सम्बद्ध पक्षको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँहरूले पछिल्लो समय दलित समुदायप्रति बजेट र प्रतिनिधित्व दुवै घट्दै गएको भन्दै प्रदेश तथा स्थानीय तहका प्रतिनिधिको गम्भीर ध्यानाकर्षण गराउनुभएको थियो ।

अधिकारकर्मी तथा दलित अगुवाहरूले नीतिगत र व्यवहारिक भेदभाव अन्त्य गर्न सरकार, राजनीतिक दल र नागरिक समाजबीच सहकार्यको आवश्यकता औँल्याउदै दलित तथा सीमान्तकृत समुदायका मुद्दालाई नीति तथा बजेटमा प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

धनगढीमा आयोजित कार्यक्रममा संस्थापक अध्यक्ष सोबले सरकारले ल्याएको 'दलित सशक्तिकरण ऐन' को प्रभावकारी कार्यान्वयन र स्थानीय तहसम्म पहुँचका लागि आवश्यक संयन्त्र नहुँदा दलित समुदाय अझै पनि भेदभाव र उत्पीडनमा रहेको बताउनुभयो । उहाँले

सुदूरपश्चिम अझै पनि जातीय तथा लैङ्गिक विभेदको गढजस्तै रहेको भन्दै सबै तहका सरकारले यसमा गम्भीर बन्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले दलित र सीमान्तकृत समुदायको वर्तमान अवस्था र सुधारको आवश्यकता विषयक प्रस्तुति राख्दै जातीय भेदभावको अन्त्यसहित शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच विस्तारका लागि स्पष्ट नीति निर्माण जरुरी भएको बताउनुभएको थियो ।

यस्तै, प्रदेश सरकारले विशेष रूपमा बादी उत्थान छात्रवृत्ति, टीकाराम पार्की दलित सशक्तिकरण कार्यक्रम तथा आर्थिक रूपमा कमजोर दलित विद्यार्थीहरूलाई उच्च शिक्षा (एमबीबीएस/एमडी) छात्रवृत्तिमा प्राथमिकता दिइएको र यसलाई निरन्तरता दिइने प्रतिबद्धता प्राप्त भएको थियो ।

संघको चरणबद्ध बहस र पैरवीपछि सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा 'दलित सशक्तिकरण ऐन' कार्यान्वयनका लागि प्रदेशस्तरीय दलित विकास समिति गठन गर्ने निर्णय गरेको छ । ऐनमा देखिएका कानुनी जटिलता समाधानका लागि संशोधन प्रक्रियासमेत अघि बढाइएको जानकारी प्राप्त भएको छ भने प्रदेशका १४ वटा प्राथमिक क्षेत्रभित्र महिला र सामाजिक न्यायका विषयहरूलाई समावेश गरिएको छ ।

## स्थानीय तहमा पनि पहल

फेडोले देशका विभिन्न स्थानीय तहमा पनि नीति, कार्यक्रम तथा बजेटमा दलित समुदायका सवाल सम्बोधनका लागि पहल गरेको थियो । पहिलपछि कैलालीको गौरीगङ्गा नगरपालिकाले 'स्थानिय दलित सशक्तिकरण ऐन' बनाउने नीति पारित गर्दै रु १० लाख दलित लक्षित कार्यक्रममा छुट्याएको छ ।

यस्तै, धनगढी उपमहानगरपालिकाले विसं २०७९ मा पारित 'छुवाछुत उन्मूलन कार्यविधि'लाई ऐनको रूपमा रूपान्तरण गर्ने निर्णय गर्दै दलित लक्षित कार्यक्रमका लागि रु २५ लाख बजेट प्रस्ताव विनियोजन गरेको छ । त्यसैगरी, जेहन्दार दलित छात्राहरूका लागि 'जुठे दमाई छात्रवृत्ति कार्यक्रम' अन्तर्गत कक्षा ८ देखि १२ सम्मका लागि वार्षिक रु दुई हजार स्टेशनरी खर्च तथा कक्षा १२ पछिका लागि छात्रवृत्ति प्रदान गरिने नीति ल्याइएको छ ।

## मधेश सरकारका प्रतिनिधिको प्रतिबद्धता

दलित महिला संघ (फेडो) धनुषाले मधेश प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा दलित महिलाका सवाल सम्बोधन गराउने उद्देश्यले प्रदेशस्तरीय अन्तरक्रिया आयोजना गरेकामा प्रदेश सरकारका प्रतिनिधिले त्यहाँ उठान भएका विषय सम्बोधनको प्रतिबद्धता जाहेर गरेका छन् ।

गत जेठ १४ आयोजित अन्तरक्रियामा प्रशेको नीति तथा योजना आयोग, प्रदेशका विभिन्न मन्त्रालय, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज, पत्रकार र दलित महिला नेतृहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सामाजिक विकासमन्त्री प्रमोद जयशवालले मधेश प्रदेशमा दलित र सीमान्तकृत महिलाको अवस्था गम्भीर रहेको र त्यसको सम्बोधनका



लागि आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम तथा बजेटमा विशेष कार्यक्रम समावेश गरिएको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नीति तथा योजना आयोगकी सदस्य डा रीना यादवले दलित र सीमान्तकृत महिलाका आवश्यकता पहिचान गर्दै बजेटमा प्राथमिकता दिइने बताउनुभएको थियो । पूर्वसांसद् चमेली दासले आर्थिक, सामाजिक र लैङ्गिक रूपमा पछाडि पारिएका दलित महिलाहरू अझै पनि घरेलु हिंसा, छुवाछुत र यौनजन्य हिंसाबाट पीडित भइरहेकाले सरकार गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगर प्रमुख मनोजकुमार साह, मिडिया काउन्सिलका तत्कालीन कार्यवाहक अध्यक्ष कैलाश दास, वातावरणविज्ञ चण्डेश्वर सदालगायतले प्रदेश सरकार नीतिमा समावेशीकरण र समानताका सवालमा गम्भीर बन्नुपर्ने सुझाव दिनुभएको थियो ।

# प्रदेश तथा स्थानीय प्रतिबद्धता कार्यान्वयन गर्नु स्वागतयोग्यः फेडो

दलित महिला संघ (फेडो) ले नीति तथा कार्यक्रम र बजेटपूर्वको बहसका क्रममा जाहेर प्रतिबद्धता कार्यान्वयनको विषयलाई सूक्ष्म अध्ययन गरिरहेको जनाएको छ । महासचिव रेणु सिजापतिले प्रदेश तथा स्थानीय तहमा गरिएका कार्यक्रमको प्रतिफलस्वरुप कतिपय ठाउँमा फेडोले राखेका सरोकार र केही ठाउँमा फेडोको नामै उल्लेख गरी बजेट विनियोजन भएको भन्दै यस्ता कदमको स्वागत गर्नुभयो । आफूहरू दलितमैत्री बजेटका विषयमा अध्ययनकै क्रममा रहेकाले देशका विभिन्न स्थानमा आयोजित कार्यक्रममा व्यक्त प्रतिबद्धता कार्यान्वयनको स्थिति चाँडै सार्वजनिक गरिने उहाँको भनाइ छ ।

संघका अध्यक्ष कला स्वर्णकारले देशका विभिन्न स्थानीय तह र प्रदेश सरकारबाट बजेट विनियोजन गरिएकोमा स्वागत गर्नुभयो ।

प्राप्त जानकारीअनुसार कर्णाली प्रदेश सरकारले पनि दलित लक्षित कार्यक्रम सञ्चालनका लागि रु पाँच करोड विनियोजन गरेको छ । फेडोले सुर्खेतमा आयोजना गरेको प्रदेशस्तरीय बजेटपूर्व छलफल कार्यक्रममा दलित महिला सशक्तिकरण, सीप विकास, सामाजिक जागरण र नेतृत्व विकास जस्ता बहुआयामिक कार्यक्रमहरू राख्न ध्यानाकर्षण गराएको थियो ।

फेडो कर्णाली प्रदेश अध्यक्ष मन्जु सुनारले नीति तथा बजेटमार्फत प्रदेशलाई यथार्थ र आवश्यकतामा आधारित कार्यक्रम प्रस्ताव गरेकामा सरकारले त्यसलाई सम्बोधन हुनेगरी बजेट छुट्याएको बताउनुभयो । विनियोजित रकम दलित समुदायको जीवनस्तर उकास्ने उद्देश्यले दलित समुदाय, महिला तथा युवाहरूलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिने जानकारी पाइएको उहाँले बताउनुभयो ।

यस्तै, कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयले दलित महिला सङ्घ (फेडो) मोरङको नाम उल्लेख गरेर आर्थिक वर्ष २०८२/८३ का लागि रु पाँच लाख विनियोजन गरेको छ । फेडो मोरङ शाखाले यस निर्णयलाई दलित महिलाको सशक्तिकरण, सहभागिता र समावेशीतालाई प्रवर्द्धन गर्न प्रदेशस्तरबाट गरिएको स्वागतयोग्य तथा सराहनीय पहलका रूपमा लिएको जनाएको छ ।

“फेडोले लामो समयदेखि दलित महिलाहरूको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्याय र नेतृत्व विकासको क्षेत्रमा क्रियाशील रहँदै विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा सङ्घले दलित महिलालाई विकासको मूलप्रवाहमा ल्याउन रहेक आर्थिक वर्षमा प्रदेश तथा स्थानीय तहका नीति, कार्यक्रम र बजेटमा समन्वय, सहकार्य र पैरवी गर्दै आएको छ । वडादेखि प्रदेशसम्म विभिन्न निकायमा प्रस्तावनाहरू पेस गर्दै आएको सन्दर्भमा प्रदेश सरकारले बजेट विनियोजन गर्नु सङ्घको प्रयासप्रति सम्मान हो । यस निर्णयले दलित महिलाहरूको सशक्तिकरण, सहभागिता र समावेशीतालाई प्रोत्साहन गर्नेछ। यो कदम दलित महिलाका सवालहरूलाई राज्यको नीति र कार्यक्रममा प्राथमिकता दिइएको स्पष्ट संकेत हो”, फेडोले बजेटको स्वागतमा भनेको छ ।

बजेट थोरै भए पनि यसले दलित महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य सामाजिक सेवाहरूमा

पहुँच विस्तार गर्न, उनीहरूको आत्मबल वृद्धि गराउन र सामाजिक तथा आर्थिक स्वतन्त्रता प्राप्तिमा सहयोग पुऱ्याउन महत्त्वपूर्ण सन्देश प्रवाह भएको फेडोको बुझाइ छ। सामाजिक, आर्थिक र राजनीतिक रूपले पछाडि पारिएका दलित महिलाहरूको जीवनस्तर उकास्न राज्यबाट गरिएको यो सहयोग प्रशंसनीय रहेको फेडोले जनाएको छ।

फेडो कोशी प्रदेशले विनियोजित बजेटलाई दलित महिलाको आवश्यकतामा आधारित प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्न प्रयोग गर्ने जनाएको छ। कार्यक्रम कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न स्थानीय सरकार, सरोकारवाला निकाय तथा समुदायसँग समन्वय गर्दै अघि बढ्नेसमेत फेडोले प्रतिबद्धता जनाएको छ। "सङ्घ कोशी प्रदेश सरकारप्रति आभार व्यक्त गर्दछ। यस्तो सहयोग भविष्यमा पनि निरन्तरता पाउने अपेक्षा छ, जसले दलित महिलाहरूको सशक्तिकरणलाई दीगो रूपमा अगाडि बढाउने सघाउ पुग्नेछ। दलित महिलाका सवालमा मिलेर काम गर्न हामी सधैं तयार छौं", फेडोले प्रतिबद्धता जनाएको छ।

# दलितमाथि देशभर भएका घटनालगायत विषयमा गृहमन्त्री र कानूनमन्त्रीको ध्यानाकर्षण



**काठमाडौँ:** गृहमन्त्री रमेश लेखक र कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियासँग दलित आन्दोलनका नेतृत्वले विशेष छलफल गर्नुभएको छ। गत माघ (१७ गते) मा पूर्वमन्त्री मीनबहादुर विश्वकर्माको नेतृत्वमा प्रतिनिधिसभा सदस्य, संविधानसभा सदस्य, विभिन्न राजनीतिक दलका नेता तथा नागरिक समाजका प्रतिनिधिहरूको टोलीले उहाँहरूसँग भेटगरी देशभर दलितमाथि भएका घटना र पीडितको न्यायका लागि ध्यानाकर्षण गराउनुभएको हो।

दलित महिला संघ (फेडो) कोसमेत सहकार्यमा गरिएको भेटमा संविधान संशोधन र एकीकृत निर्वाचन ऐनमा दलित अधिकार सुनिश्चित गर्ने विषयमा आवश्यक व्यवस्थाका लागि ध्यानाकर्षण गरिएको थियो।

त्यस अवसरमा दलित प्रतिनिधिहरूले संविधानमा उल्लेख गरिएका समानता र समावेशी प्रतिनिधित्वका प्रावधानहरूको पूर्ण कार्यान्वयनको माग गर्दै, दलित समुदायको राजनीतिक पहुँच, निर्वाचनमा समान अवसर र नीति निर्माणमा प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न आग्रह गरिएको फेडोका महासचिव रेणु सिजापतिले बताउनुभयो।

मन्त्रीद्वयले छलफलमा उठेका विषयमा आफूहरूको गम्भीर ध्यानाकर्ष भएको जनाउँदै सवाल सम्बोधन र नीति सुधारका लागि सरोकारवालासँग संवाद र आवश्यक छलफल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

# विभेदविरुद्ध एकैस्वर : 'जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिऔँ'




**काठमाडौँ** : यस वर्षको जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस देशैभर विविध कार्यक्रम गरी मनाएका छन् ।

यस अवसरमा दलित मानवअधिकारवादी संघसंस्थाले जातीय विभेद तथा छुवाछूतविरुद्धमा ऐक्यबद्धता जनाउँदै दिवश मनाएका हुन् । दलित महिला संघ (फेडो) ले पनि केन्द्रीय कार्यालय काठमाडौँ र देशैभर रहेका शाखा कार्यालयमार्फत सरोकारवाला निकायको उपस्थितिमा छलफल, अन्तरक्रिया, सभा तथा गोष्ठी आयोजना गरी भव्यताका साथ दिवश मनाएको छ ।

विसं २०६३ जेठ २१ गते सरकारले मुलुकलाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरेको दिनको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गतेलाई 'जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवस'का रूपमा मनाउन थालिएको हो । नेपाल छुवाछूतमुक्त राष्ट्र घोषणा भएको १९ वर्ष पूरा भएको छ ।

राष्ट्रपति र प्रधानमन्त्रीको सन्देश

## जातीय विभेद मानवीय गरिमाविरुद्धको अपराध

यसैबीच राष्ट्रपति, प्रधानमन्त्रीलगायत उच्चपदस्त व्यक्ति तथा मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोगलगायत संघसंस्थाले जातीय भेदभाव तथा छुवाछूतविरुद्ध सबैले दृढतापूवर्क उभिनुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले एक विज्ञप्ति जारी गरी जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिनुपर्ने बताउनुभयो । उहाँले जातीय विभेद सामाजिक, नैतिक तथा मानबीय गरिमाविरुद्धको अपराध भएकाले यसविरुद्ध सबै लाग्नुपर्ने बताउनुभयो ।

सन्देशमा उहाँले सामाजिक जागरण र समभावको विकास गर्न सबै जात-जाति र समुदायबीच आपसी सद्भाव, मेलमिलाप र सहयोगको भावना अभिवृद्धि गरी समतासहितको राष्ट्रिय एकतालाई सुदृढ बनाउन र जातीय छुवाछूत तथा विभेदविरूद्ध दृढतापूर्वक उभिदैँ लोकतान्त्रिक राज्य प्रणालीलाई सार्थक बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

छुवाछूत तथा विभेदविरूद्ध लाग्न राष्ट्रपतिले सम्पूर्ण व्यक्ति, परिवार, समाज, तीनवटै तहका सरकारी निकाय, राजनीतिक दल, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी सङ्घसंस्था, नागरिक समाज र सञ्चारकर्मीलाई अझ बढी संवेदनशील हुन आह्वान गर्नुभएको छ ।

## विज्ञप्तिमा राष्ट्रपति पौडेलले भन्नुभएको कुरा यस्तो छः

*"नेपालको संविधानमा... वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ । सोच, शैली, प्रथा एवं सामाजिक प्रचलन तथा व्यवहारमा सकारात्मक परिवर्तन ल्याई आपसी एकता, मेलमिलाप तथा सद्भावको अभिवृद्धिबाट सामाजिक व्यवहारमा रहेको जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यलाई न्यूनीकरण गर्न सकिन्छ । त्यसैले जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसबाट सुसंस्कृत र छुवाछूतरहित समतामूलक समृद्ध राष्ट्र निर्माण गर्न सबैलाई प्रेरणा मिलोस् ।"*

यसैगरी प्रधानमन्त्री ओलीले प्रधानमन्त्री केपी शर्मा ओलीले समभाव र समानताको विकास गर्दै जातीय छुवाछूत उन्मूलन हुनुपर्नेमा जोड दिनुभएको छ । उहाँले जात, थर वा जन्मले होइन, कर्म, विचार र योगदानले मूल्याङ्कन गरिने समाज बनाउनुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री ओलीले जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा सामाजिक सञ्जालबाट यस्तो भन्नुभयोः

*"आमाले जात जन्माउँदिनन्, नवजात मानव जन्माउँछिन् । नवजात शिशु हिँड्न थालेपछि समाजले जात र थर सोध्न थाल्यो । मानवताभन्दा माथि कुनै जात छैन । रगत सबैको एउटै रङ्को हुन्छ । आँसु सबैको उस्तै वेदनाले बग्छ । हामीले जात, थर वा जन्मले होइन, कर्म, विचार र योगदानले मूल्याङ्कन गरिने समाज बनाउनु छ ।"*

# दुई आयोगद्वारा अपिल

दिवशका अवसरमा राष्ट्रिय दलित आयोग र राष्ट्रिय मानव अधिकार आयोगले छुट्टाछुट्टै विज्ञप्ति प्रकाशन गरी नागरिक तहबाट विभेदविरुद्ध ऐक्यबद्धता र सरकारी तहबाट संवैधानिक तथा कानुनी व्यवस्थाको इमान्दारीपूर्ण कार्यान्वयनका लागि अपिल गरेका छन् ।

**राष्ट्रिय मानव अधिकार आयोग**

छुवाछूत तथा जातीय विभेद गम्भीर सामाजिक अपराध हो । यो अपराधको अन्त्य गर्न नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, अपराधपीडितको हक, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, दलितको हक र सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । कानुनी रूपमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ तथा अन्तरराष्ट्रिय रूपमा सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ समेतको पक्ष राष्ट्र भई यस विषयमा नेपालले कार्य गर्दै आएको छ । यो सकारात्मक पक्ष हो, तर संवैधानिक तथा कानूनको इमान्दारीपूर्ण कार्यान्वयन हुन नसक्दा व्यवहारमा भने जातीय भेदभाव तथा छुवाछूतको अन्त्य हुन सकेको छैन । यस वर्ष अछाममा विद्यालयभित्र दलित विद्यार्थीमाथि विभेद गरिएको र सप्तरीमा अन्तरजातीय विवाहको विषयलाई लिएर भएको घटनालाई न्यायिक प्रक्रियामा लैजानुको सट्टा मिलापत्र गराउने क्रममा बालिकाले आत्महत्या गरेको, सिराहाको औरहीमा महायज्ञ लगाउन मण्डप तयार गर्दा नजिकै रहेको दलितको घर भत्काइएको, मन्दिरको पर्खाल बनाउँदा दलितको घरको बाटो बन्द भएको लगायतका घटना सार्वजनिक भएका छन् । आयोगले स्थापनाकालदेखि नै दलित अधिकार र जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारका विषयमा निरन्तर अनुगमन, अध्ययन तथा अनुसन्धान र

त्यसको प्रतिवेदन सार्वजनिक गर्दै तीन तहका सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यमलाई समेत विभिन्न सिफारिस गर्दै आएको छ, तर आयोगका सिफारिससमेत पूर्ण कार्यान्वयन हुन सकेका छैनन् ।

अतः जातीय भेदभाव तथा छुवाछूत जस्तो गम्भीर मानव अधिकार उल्लङ्घनको विषयलाई संवेदनशील रूपमा लिई कानुन कार्यान्वयनमा जोड दिन, आयोगका सिफारिस पूर्ण कार्यान्वयन गर्न, छुवाछूत र जातीय विभेदको व्यवहारिक अन्त्यका लागि प्रभावकारी कदम चाल्न आयोग तीनै तहका सरकार, राजनीतिक दल, नागरिक समाज, सबै धार्मिक संघसंस्था, मानव अधिकारकर्मी तथा आमनागरिकलाई अनुरोध गर्दछ । साथै, जातीय विभेदमा संलग्नलाई राजनीतिक संरक्षण नगरी कानुनी कारबाही गर्न समेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

**राष्ट्रिय दलित आयोग**

नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट समाजमा रहेका सबै प्रकारका असमानता, उत्पीडन, विभेद र विकृति, विसंगतिको अन्त्य गर्ने सङ्कल्पका साथ नयाँ संविधान जारी भएको पनि नौ वर्ष पूरा भएको छ । हाम्रो संविधानले सबै प्रकारका शोषण, दमनको अन्त्य गर्ने व्यवस्था गरेको छ र विविधताको सम्बोधन गर्ने मार्गचित्रसहितको सङ्कल्प गरेको छ ।

नेपाली समाजको अधोगति र पछौटेपनको मुख्य कारक तत्वका रूपमा रहेको जातिपाति प्रथा तथा उचनिचको भावनालाई समूल अन्त्य गर्ने उद्देश्यका साथ २०६२/२०६३ को ऐतिहासिक जनआन्दोलनबाट पुनःस्थापित संसदले मिति २०६३ जेठ २१ गतेको दिन जातीय छुवाछुत प्रथाको अन्त्य (उन्मूलन) भएको घोषणा गरेको थियो । सार्वभौम संसद्को त्यो ऐतिहासिक घोषणा चौध प्रतिशत जनताको मुक्तिको दिन थियो । अझै पनि प्रथा, परम्परा र संस्कृतिका नाममा यो संस्कार जोगाउन खोज्ने मान्छे नभएका होइनन् । तथापि, राज्यका तर्फबाट सङ्कल्प गरिएको छ कि अब उप्रान्त कसैले कसैमाथि उचनिचको भावना राखे वा त्यसअनुरुप व्यवहार गरे त्यो दण्डनीय हुनेछ । राज्यको घोषणा र सङ्कल्पलाई व्यवहारमा कार्यान्वयन गर्ने यो दिवस तीनै तहका सरकार, राज्यका सबै अङ्गहरू र आमजनताको समेत प्रथम दायित्वमा पर्दछ । अशिक्षा, असचेतना र भूलवश यो परम्परा अनुसरण गरिरहेकाहरूलाई यो दिवसमार्फत नयाँ शिक्षा दिन सकिन्छ । त्यसैले आजको दिनले आमनेपाली दाजूभाइ तथा दिदिबहिनीमा जातीय छुवाछूत तथा भेदभाव अन्त्य गर्न महत्वपूर्ण प्रेरणा दिन सकोस् भन्ने हार्दिक शुभकामना प्रकट गर्दछौँ । संविधानतः भएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्दै सबै नेपाली हामी समान हौँ, कोही जन्मका आधारमा सानो र ठूलो हुँदैन भन्ने भवनाको विकास गर्न यस दिवसले हामी सबै नेपालीलाई शिक्षा दिन सकोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना प्रकट गर्दछौँ ।

# अन्तरराष्ट्रिय जातीय तथा रंगभेद विरुद्धको दिवस मनाइयो

**काठमाडौँः** 'समान हक, समान अवसर – एकताबद्ध दलित आन्दोलनको सरोकार' भन्ने नारासहित यस वर्षको अन्तरराष्ट्रिय जातीय तथा रंगभेदविरुद्धको दिवस दलित महिला संघ फेडोले विविध कार्यक्रम गरी मनाएको छ ।

यसक्रममा जातीय छुवाछुत तथा विभेद अन्त्यका लागि सरोकारवालाहरूको भूमिकालगायत विषयमा केन्द्रीय कार्यालय र देशभरका शाखा कार्यालयमार्फत विविध कार्यक्रम आयोजना गरिए । ती कार्यक्रममा जातीय छुवाछुत तथा विभेद अन्त्यका लागि आवश्यक रणनीति, साझा दृष्टिकोण र नीति निर्माणमा सरोकारवालाहरूको भूमिकामाथि छलफल गर्दै सबै पक्षबीच सहकार्य, ऐक्यबद्धता र साझा प्रतिबद्धता आवश्यक रहेको निष्कर्ष निकालिएको थियो । फेडोले आगामी दिनमा समानता, सामाजिक न्याय र विभेदविरुद्धको संघर्षमा थप व्यापक अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाएको महासचिव रेणु सिजापतिले बताउनुभयो ।

यो दिवश संयुक्त राष्ट्र सङ्घबाट २१ मार्च १९६५ मा सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि जारी भएको सन्दर्भमा मनाउने गरिन्छ । विश्वका संयुक्त राष्ट्रसङ्घ पक्षधर राष्ट्रहरूले जस्तै नेपालमा पनि यो दिवस विभिन्न कार्यक्रम गरी मनाउँदै आइएको छ ।




नेपाल पक्ष भएको संयुक्त राष्ट्र सङ्घद्वारा जारी जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिमा भेदभावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र संवर्द्धन गर्ने उल्लेख गरिएको छ। महासन्धिका प्रावधानअनुसार नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हक र धारा ४० मा दलितको हकको व्यवस्था गरिएको छ। यसका साथै, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन २०६८, मुलुकी अपराध संहिता, २०७४ र विद्युतीय कारोबार ऐन, २०६३ मासमेत छुवाछूत तथा जातीय भेदभावजन्य कसुरलाई दण्डनीय अपराधका रूपमा व्यवस्था गरिएको छ। यस्ता संवैधानिक तथा कानूनी व्यवस्थाका बावजुद पनि प्रत्यक्षरुपमा छुवाछूत तथा भेदभावजन्य कार्य भइरहेका भन्दै सरोकारवालाहरूले अन्तरराष्ट्रिय प्रतिबद्धता, संवैधानिक र कानुनी व्यवस्थाको अक्षरशः कार्यान्वयनको माग गरिरहेका छन्।

यसैक्रममा फेडो डोटी शाखाले सम विकास केन्द्र (इडिसी) नेपाल, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, दिगो विकास समाज र जुरी नेपालको साझेदारीमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रम जिल्ला समन्वय समिति डोटी र दिपायल सिलगढी नगरपालिकासँगको सहकार्यमा सम्पन्न भएको हो।

दलित अगुवा कुमारसिंह टेलरको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख लक्ष्मणबहादुर सिंह प्रमुख अतिथि रहनुभएको थियो। विशेष अतिथिमा उपप्रमुख स्मृति चुनारा विक, दिपायल सिलगढी नगरपालिका उपप्रमुख कलावती महर साउद तथा प्रहरी उपरीक्षक विनोद शर्मा सहभागी हुनुभयो।

विभिन्न क्षेत्रका ६२ जना सहभागी कार्यक्रमको सहजीकरण फेडो डोटी जिल्ला संयोजक शंकर विश्वकर्मा र स्वागत मन्तव्य फेडो डोटी अध्यक्ष सरिता दयालीले दिनुभएको थियो। इडिसीका कार्यकारी निर्देशक महेश त्रिखत्रीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा कानुन कार्यान्वयन, शिक्षा र आर्थिक सशक्तिकरण, भूमिहीन दलितहरूका लागि आवास सुनिश्चितता, दलित समुदायसम्बन्धी तथ्याङ्क सङ्कलन र त्यसमा आधारित नीति निर्माण, जातीय आधारमा नामाकरण भएका टोल-बस्तीको नाम परिवर्तन, सचेतना र सामाजिक संवादलाई अझ सशक्त बनाउने आवश्यकतालगायत विषयमा छलफल भएको थियो।

# मानवअधिकार कार्यान्वयनसम्बन्धी प्रतिवेदनबारे परामर्श



**काठमाडौँः** मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाका लागि प्रस्तुत गरिने दलित समुदायको मानवअधिकार कार्यान्वयनसम्बन्धी प्रतिवेदनबारे परामर्श छलफल गरिएको छ ।

दलित गैरसरकारी संस्था (फेडो) र डिग्निटी इनिसियटिभलगायत दलित नागरिक समाजका सङ्घसंस्थाले आज (असार १६ गते) यहाँ आयोजना गरेको राष्ट्रिय परामर्श कार्यशालामा संयुक्त राष्ट्रको मानवअधिकार परिषद्मा प्रस्तुत गरिने प्रतिवेदनबारे छलफल गरिएको हो ।

संयुक्त राष्ट्रसङ्घमा अबद्ध राष्ट्रले आवधिक रूपमा हरेक साढे चार वर्षमा मानवअधिकारप्रतिको उत्तरदायित्व, प्रतिबद्धता र चुनौतीका साथै यस क्षेत्रमा गरेका प्रगति र सुधारका लागि गरिनुपर्ने पहलबारे समीक्षा प्रतिवेदन पेस गर्दै आएका छन् । यसै सन्दर्भमा नेपाल सरकारले आगामी अक्टोबरमा चौथो चक्रअन्तर्गतको राष्ट्रिय प्रतिवेदन पेस गर्दैछ । यसका साथै मानवअधिकारसम्बन्धी राष्ट्रिय संयन्त्रहरू र नागरिक समाजका सङ्घसंस्थाहरूले पनि छुट्टाछुट्टै प्रतिवेदन पेस गर्नेछन् ।

दलित नागरिक समाजका सङ्घसंस्थाहरूले पनि त्यसको तयारी गरिरहेका छन् । कार्यक्रममा डिग्निटी इनिसियटिभका अध्यक्ष रुप सुनारले समीक्षाका लागि प्रस्तुत गरिने प्रतिवेदनका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले मानवअधिकारको चौथौ विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदनमा हालसम्म भएको तयारीबारे जानकारी दिन र थप सुझाव सङ्कलनका लागि राष्ट्रिय परामर्श कार्यशाला आयोजना गरिएको बताउनुभयो ।

त्यस अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले समग्र मानवअधिकारका साथै दलित मावअधिकारका क्षेत्रमा दलित आयोगसँग मिलेर काम भइरहेको बताउनुभयो । उहाँले मानवअधिकारको प्रत्याभूतिका लागि बनेको कार्ययोजना कार्यान्वयनका लागि राज्यलाई जवाफदेही बनाउन आयोग प्रतिबद्ध रहेको बताउनुभयो ।

अध्यक्ष मगरले बृहत् छलफल गरी निष्कर्षमा पुग्न आग्रह गर्दै प्रतिवेदनमा समस्याका साथै तिनको कार्यान्वयनका लागि पनि समाधानसहितको सुझाव दिन आग्रह गर्नुभयो ।

राष्ट्रिय दलित आयोगका सदस्य मीनादेवी सोवले यसअघिको समीक्षाका क्रममा दलित आयोगबारे पनि सुझाव दिइएको उल्लेख गर्दै आयोगले सीमित स्रोत साधनका बाबजुद दलित मानवअधिकार उल्लङ्घन र ज्यादतिका घटनाहरूको अभिलेखन, अनुगमन तथा कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्दै आएको बताउनुभयो । उहाँले बदलिँदो समयअनुसारका मुद्दा समावेश गरेर आगामी प्रतिवेदन पेस गरिनुपर्नेमा जोड दिनुभयो ।

फेडोका संस्थापक एवं अधिकारकर्मी दुर्गा सोवले सरकार र मानवअधिकार संयन्त्रहरूले




प्रतिवेदन बुझाए पनि नागरिक समाजको प्रतिवेदन बढी समालोचनात्मक हुने भन्दै सोहीअनुसार सबैसँग छलफलगरी प्रतिवेदनको तयारी भइरहेको बताउनुभयो । उहाँले परिषद्मा पठाइने प्रतिवेदनको पृष्ठ र शब्दसमेत तोकिएअनुसार हुने हुँदा मूलभूत विषयको उठान र समीक्षासहित एकीकृत प्रतिवेदन तयार गर्न लागिएको जानकारी दिनुभयो । अधिकारकर्मी सोवले यसअघि दिइएका सुझाव र सिफारिस तथा तिनको कार्यान्वयन अवस्थाबारे चर्चा गर्दै दलित मानवअधिकार कार्यान्वयनमा विभेदलाई पक्षपोषण गर्ने मानसिकता नै मुख्य चुनौतीका रूपमा रहेकाले यसमा हस्तक्षेपकारी भूमिका जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा सरोकार भएका विभिन्न व्यक्तिहरूले विभेदको बदलिँदो प्रवृत्ति, यसअघिका सिफारिस र राज्यले राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा गरेका प्रतिबद्धता कार्यान्वयनका आधारमा वस्तुनिष्ठ प्रतिवेदन पेस गर्न विविध सुझाव दिएका थिए ।

## दलित महिला र अपाङ्गता भएका महिला लक्षित सिफारिसहरु

| चासोका मूख्य क्षेत्र | चासोका सवालहरु | सिफारिसहरु |
|---|---|---|
| महासन्धिको प्रदर्शन, त्यसमा रहेको ऐच्छिक आलेख र समितिको सामान्य सिफारिसहरू | समितिले सर्वोच्च अदालतका १२१ निर्णय, आदेश र निर्देशनहरूमा महासन्धिलाई उल्लेख गरिएको कुराको प्रशंसा गर्दै टिप्पणी गर्छ । यद्यपि, महिलाहरू, विशेष गरी ग्रामीण महिलाहरू, आदिवासी महिलाहरू, दलित महिलाहरू र अपाङ्गता भएका महिलाहरू, महासन्धिमा भएका अधिकारहरुको बारेमा र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उनीहरूलाई उपलब्ध उपचारहरू बारे सचेत नरहेको प्रति चासो व्यक्त गर्दछ । यस समिति र अन्य मानवअधिकारका संयन्त्रहरुले गरेका सिफारिसहरुको कार्यान्वयनको लागि बृहत् संयन्त्रको अभाव रहेको प्रति पनि चिन्ता व्यक्त गर्दछ । | ९. क. महासन्धि अन्तर्गत महिलाहरूलाई उनीहरूको अधिकारहरू र ती अधिकारहरूको उल्लङ्घनको दाबी गर्न उपलब्ध कानुनी उपचारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने, र महासन्धि, स्वेच्छिक आलेख र समितिका सामान्य सिफारिसहरू सम्बन्धी जानकारी सबै महिलाहरूलाई पहुँचयुक्त ढाँचाहरूमा उपलब्ध छ भनी सुनिश्चित गर्ने; |
| संवैधानिक तथा विधायिकी संरचना | १०. पक्षराष्ट्र विभेदका अन्तरसम्वद्दताका विभिन्न स्वरुपहरुको सामना गरिरहेका पिछडिएका र सीमान्तकृत समूहका महिलाहरु, विशेष गरी ग्रामीण महिला, वृद्ध महिला, आदिवासी महिला, दलित महिला, अपाङ्गता भएका महिला, समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिला, एकल महिला, धार्मिक अल्पसंख्यक महिला, मधेशी महिला र शरणार्थी तथा आप्रवासी महिलाहरूको संरक्षण गर्न रहेको बृहत् भेदभाव विरुद्दको कानूनको रिक्तता उपर यस समिति चासो व्यक्त गर्दछ । समिति विशेष अवसर विधेयक अपनाउनमा भएको ढिलाइप्रति समेत चासो व्यक्त गर्दछ । | ११. क. विशेष गरी ग्रामीण महिला र पिछडिएका र सीमान्तकृत समूहका महिलाहरूलाई किफायती वा आवश्यक परेमा निःशुल्क कानुनी सहायता सेवाहरूमा पहुँच सुनिश्चित गर्ने;<br>११. ख. महिलाहरू विरुद्ध हुने विभेदहरुलाई उमेर, राष्ट्रियता, जातीयता, अपाङ्गता, तथा सामाजिक-आर्थिक स्थितिका आधारमा खण्डिकृत तथ्यांक संकलन गर्न प्रभावकारी प्रणाली स्थापना गर्ने। |

| चासोका मूख्य क्षेत्र | चासोका सवालहरु | सिफारिसहरु |
|---|---|---|
| न्यायमा पहूँच | १२. क. महिलाको न्यायमा पहूँचमा निरन्तर अवरोधहरू, कलंक, प्रतिशोधको डर, जरा गाडेर रहेको लैङ्गिक पुरातन सोंच, सीमित कानुनी साक्षरता, र कानूनी लागतहरू, विशेष गरी महिला यौनकर्मी, दलित महिला, आदिवासी महिला, अपाङ्गता भएका महिला र आप्रवासी महिला जस्ता पिछडिएका र सीमान्तकृत समूहका महिला र किशोरीहरु; | १३. ख. महिला र किशोरीहरु, विशेष गरी पिछडिएका समूहका महिलाहरूमा, महासन्धि अन्तर्गतका आफ्ना अधिकारहरू र नागरिक समाज संस्थाहरूसँगको सहकार्यमा ती अधिकारहरू दाबी गर्न उपलब्ध उपचारहरूको बारेमा सचेतना अभिवृद्धि गर्ने, र महिलाहरूको न्यायमा पहुँचलाई रोक्ने वा सीमित गर्ने अवरोधहरूलाई सम्बोधन गर्ने, विशेष गरी आदिवासी महिला र अपाङ्गता भएका महिलाहरूद्वारा, आदिवासी भाषाहरूमा व्याख्या सेवाहरू र पहुँचयुक्तताका उपायहरू, उपयुक्त अनुकुलता, प्रक्रियागत समायोजन र सहयोगी सहितको निर्णय प्रक्रियाका प्रावधानहरुमा सहजीकरण गर्ने । |
| महिलाको उन्नतिका लागि राष्ट्रिय संयन्त्र | १६. क. राष्ट्रिय लैङ्गिक समानता नीति, लैङ्गिक-उत्तरदायी बजेटको प्रयोग र सबै सरकारी विभागहरूमा अन्तरविविधताको दृष्टिकोणको साथ लैङ्गिक मूलप्रवाहीकरणको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गरिएका उपायहरूको बारेमा जानकारीको अभाव; | १७.ग. पिछडिएका समूहहरुमा लक्षित सार्वजनिक समानता र गैर-भेदभाव नीतिहरूको परिभाषा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपाङ्गता, आदिवासी वा दलितको स्थिति, यौन झुकाव, लैङ्गिक पहिचान र आप्रवासी स्थिति जस्ता पहिचानका लागि महिलाहरूको फरक अवस्थाहरूमा आधारित लैङ्गिक र विविधताको लागि अन्तरविविधताको दृष्टिकोण अवलम्बन गर्ने । |
| अस्थायी विशेष उपायहरु | २०. क. सबै क्षेत्रहरूमा, विशेष गरी राजनीतिक र सार्वजनिक जीवनमा निर्णायक तहहरुमा, यी उपायहरूको विकास र कार्यान्वयनमा, आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, आप्रवासी महिला र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरु लगायत विपन्न समूहहरूका महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अस्थायी विशेष उपायहरू र पर्याप्त संयन्त्रहरूको अभाव; | २१. ख. विशेष गरी आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, आप्रवासी महिला र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरूको सन्दर्भमा अस्थायी विशेष उपायहरू तर्जुमा गर्दा अन्तरविविधताको भेदभावको सामना गरिरहेका सबै महिला र किशोरीहरूको विशेष आवश्यकताहरू पहिचान गर्ने, र यी उपायहरुको प्रभावकारिताको नियमित रूपमा मूल्याङ्कन गर्न संयन्त्रहरू स्थापना गर्ने; |
| महिला विरुद्ध हुने लिङ्गमा आधारित हिंसा | २६. क. महिला विरुद्ध हुने सबै प्रकारका लिङ्गमा आधारित हिंसालाई विशेष रूपमा अपराधीकरण गर्ने विस्तृत कानूनको अभाव, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहज हिंसा र जलवायु उत्प्रेरित हिंसा, र ग्रामीण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र किशोरीहरू, आदिवासी महिला र किशोरीहरु, धार्मिक र जातीय अल्पसंख्यकका महिला र किशोरीहरु, आप्रवासी र शरणार्थी महिला र किशोरीहरु, समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिला र यौनकर्मीहरू लगायत अन्तरविविधताको विभेदको सामना गरिरहेका महिला र किशोरीहरूको लागि लिङ्गमा आधारित हिंसाबाट अपर्याप्त संरक्षण; | २७. क. महिला र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका लिङ्गमा आधारित हिंसालाई विशेष रूपमा अपराधीकरण गर्ने सुनिश्चित गर्न बृहत् कानूनको अबलम्बन गर्नुपर्ने, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहयोगी हिंसा र जलवायु-प्रेरित हिंसा समावेश छ, ग्रामीण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र किशोरीहरु, आदिवासी महिला र किशोरीहरु, धार्मिक र जातीय अल्पसंख्यकहरू, आप्रवासी र शरणार्थी महिलाहरू र किशोरीहरू, यौनकर्मीहरू, र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू लगायत सीमान्तकृत समूहहरूको महिलाहरूको विशेष सुरक्षा आवश्यकताहरूलाई ध्यानमा राख्दै;<br>२७. ग. लैङ्गिक हिंसाका पीडित महिला तथा बालिकाहरूका लागि विशेष सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने, त्यस्ता सेवाहरू समावेशी, पहुँचयुक्त र ग्रामीण क्षेत्रमा उपलब्ध छन् भनी सुनिश्चित गर्ने; |
| शिक्षा | ३६.ख. शिक्षामा बालिकाहरू, विशेष गरी मधेश प्रदेशमा, कम उमेरमा गर्भावस्था, बालविवाह र अपाङ्गता भएका बालिकाहरू विरुद्धको भेदभावका कारणले गर्दा शिक्षा छोड्ने घटनाहरू;<br>३६.ग. शिक्षामा अपाङ्गता भएका महिला र बालिकाहरू विरुद्ध भेदभाव; | ३७.ग. अपाङ्गता भएका सबै महिला र किशोरीहरूको गुणस्तरीय समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्ने र विद्यालयमा उनीहरूको टिकाइलाई प्रवर्द्धन गर्नुपर्ने, र अपाङ्गता भएका महिला र किशोरीहरू सहित महिला र किशोरीहरूलाई सुरक्षित र समावेशी शैक्षिक वातावरण प्रदान गर्न भेदभाव, उत्पीडन र हिंसाबाट मुक्त राष्ट्रिय दुर्व्यवहार विरोधी नीति अपनाउनुपर्ने; |
| रोजगार | ३८.ङ. डिजिटल अर्थतन्त्रमा अपाङ्गता भएका महिला र अन्य पिछडिएका समूहका महिलाहरूको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्न चालिएका उपायहरूको अभाव । | ३९.ङ. विशेष गरी डिजिटल अर्थतन्त्र जस्ता उदीयमान क्षेत्रहरूमा महिला र किशोरीहरू, अपाङ्गता भएका महिला र किशोरीहरू सहित, समान अवसरहरू सुनिश्चित गर्नुपर्ने । |

| चासोका मूख्य क्षेत्र | चासोका सवालहरु | सिफारिसहरु |
| --- | --- | --- |
| स्वास्थ्य | ४२. ख. यौन तथा प्रजनन स्वास्थ्यको बारेमा उमेर-उपयुक्त शिक्षाको अभाव, र किफायती महिनावारी स्वच्छता उत्पादनहरू, गर्भनिरोधकहरू, परिवार नियोजन सेवाहरू, स्त्री रोग सेवाहरू, मानसिक स्वास्थ्य सेवाहरूमा सीमित पहुँच, आत्महत्या रोकथाम, र गैर-आकस्मिक चिकित्सा सेवा सहित, विशेष गरी ग्रामीण महिलाहरूको लागि, आदिवासी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, यौनकर्मीहरू र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू;<br>४२.ग. पक्षराष्ट्रमा गर्भपतनलाई वैधानिकता दिइए पनि, पक्षराष्ट्रभरी गर्भपतन सेवाहरूको सीमित उपलब्धता र गुणस्तर, प्रशिक्षित कर्मचारीहरूको अभाव, अपर्याप्त पूर्वाधार, उपलब्ध सेवाहरूको बारेमा महिलाहरूको चेतनाको कमी र कलंकका कारण सुरक्षित गर्भपतन सेवाहरू पूर्ण रूपमा पहुँचयुक्त छैनन्;<br>४२. घ. विशेष गरी युवतीहरू, आदिवासी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, महिला यौनकर्मीहरू र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू विरुद्ध भेदभाव, दुर्व्यवहार, अपमानपूर्ण व्यवहार र प्रसूति हिंसाका रिपोर्टहरू;<br>४२. च. युवतीहरु सहित अन्तरलिङ्गी बालबालिका र अपाङ्गता भएका किशोरीहरूमा गरिएको चिकित्सकीय रूपमा अनावश्यक र अपरिवर्तनीय शल्यक्रिया र उपचारका रिपोर्ट गरिएका घटनाहरू | ४३.ख. ग्रामीण महिला तथा बालिकाहरू, अविवाहित महिलाहरू, र अपाङ्गता भएका महिला तथा बालिकाहरू लगायत महिला तथा बालिकाहरूको परिवार नियोजन, गर्भनिरोधका आधुनिक उपकरणहरू, र सुरक्षित गर्भपतन र गर्भपतनपछिको सेवाहरू लगायत यौन तथा प्रजनन स्वास्थ्य सेवा र जानकारीमा पर्याप्त पहुँच सुनिश्चित गर्नुपर्ने;<br>४३.ग. विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा, जातीय अल्पसंख्यक, अपाङ्गता भएका, ग्रामीण महिला तथा किशोरीहरू, यौनकर्मी र र समयौनिक महिला, द्विलिङ्गी, पारलिङ्गी र अन्तरलिङ्गी महिलाहरू सहित सबै महिला तथा किशोरीहरूको आत्महत्या रोकथाम कार्यक्रमहरू सहित मानसिक स्वास्थ्य सेवाहरू, र यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू र जानकारी, आधुनिक तथा आपतकालीन गर्भनिरोधक र महिनावारी स्वच्छता उत्पादनहरू सहित पर्याप्त पहुँच सुनिश्चित गर्नुपर्ने; |
| चासोको मूख्य क्षेत्र | चासोका सवालहरु | सिफारिसहरु |
| महिलाको आर्थिक सशक्तिकरण | ४४.क. ऋण, जग्गा र सम्पत्तिमा पहुँच सम्बन्धी कानूनी प्रावधानहरूको बावजुद, कानून कार्यान्वयन कमजोर छ र महिलाहरू, विशेष गरी आदिवासी महिलाहरू, दलित महिलाहरू, मधेसी महिलाहरू, अपाङ्गता भएका महिलाहरू, लैङ्गिक हिंसाबाट बचेका महिलाहरू, गरिबीमा बाँचिरहेका महिलाहरू, बेतलबी काममा रहेका महिलाहरू र एकल महिलाहरूले प्रायः आर्थिक र सामाजिक लाभ र आर्थिक अवसरहरूमा पहुँच पुर्‍याउन चुनौतीहरूको सामना गर्छन्; | ४५.क. सामाजिक सुरक्षाको लागि राष्ट्रिय रणनीतिमा लैङ्गिकतालाई मुख्यधारामा समावेश गरेर गरिबीको महिलावादीकरणलाई सम्बोधन गर्ने र महिलाहरू, विशेष गरी पिछडिएका समूहका व्यक्तिहरू, राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नवीकरणमा समान रूपमा सहभागी हुने र पर्याप्त सामाजिक र आर्थिक लाभ, आर्थिक सशक्तिकरण र सामाजिक सुरक्षा योजनाहरूमा पहुँच हुने कुरा सुनिश्चित गर्ने; |
| अपाङ्गता भएका महिला र किशोरीहरु | ४८. समितिले अपाङ्गता-उत्तरदायी स्वास्थ्य सेवा निर्देशिका (२०२१) अपनाएको कुरालाई ध्यानमा राखेको छ । यद्यपि, पक्षराष्ट्रमा अपाङ्गता भएका महिला र किशोरीहरूले भेदभाव, कलंक र लिङ्ग-आधारित हिंसाका अन्तरविविधताका विभेदहरु सामना गर्छन्, साथै न्याय, शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरूमा पहुँचमा महत्त्वपूर्ण अवरोधहरू सामना गर्छन्, र राजनीतिक र सार्वजनिक जीवनबाट बहिष्कृत रहेको प्रति समिति चासो व्यक्त गर्दछ । समिति अपाङ्गता भएका महिला र किशोरीहरूले उनीहरूको स्वतन्त्र र सूचित सहमति बिना शारीरिक परीक्षण र चिकित्सा उपचार र प्रक्रियाहरू, जबरजस्ती बन्ध्याकरण प्रति समेत चासो व्यक्त गर्दछ । | ४९. अपाङ्गता भएका महिला सम्बन्धी समितिको सामान्य सिफारिस नम्बर १८ (१९९१) र २०१८ को अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समिति (CRPD/C/NPL/CO/1) को सिफारिसहरू अनुरूप, समितिले पक्षराष्ट्रलाई अपाङ्गता भएका महिला र किशोरीहरूले न्याय, समावेशी शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरू, यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू सहित पहुँच गर्न सक्षम छन् भनी सुनिश्चित गर्न र कुनै पनि परीक्षण वा उपचार उनीहरूले आफ्नो निःशुल्क र सूचित सहमति दिएपछि मात्र गर्न सिफारिस गर्दछ । |
| विवाह र पारिवारीक सम्बन्ध | ५२.घ. छोरी र श्रीमतीहरूको लागि समान उत्तराधिकार अधिकार सुनिश्चित गर्ने कानुनी प्रावधानहरूको बावजुद, परम्परागत अभ्यास र सामाजिक दबावले महिलाहरूलाई, विशेष गरी श्रीमान गुमाएकाहरु, एकल आमाहरू र अपाङ्गता भएका महिलाहरू र किशोरीहरूलाई, आफ्नो उत्तराधिकार दाबी गर्नबाट रोक्छ; | ५३.ङ. उत्तराधिकार सम्बन्धी कानुनी प्रावधानहरू लागू गर्नुपर्ने र महिलाहरूलाई उत्तराधिकार प्राप्त गर्नका लागि सबै व्यावहारिक अवरोधहरू हटाउनुपर्ने, विशेष गरी विधवाहरू, एकल आमाहरू, र महिलाहरू र अपाङ्गता भएका किशोरीहरू, सचेतना अभिवृद्धि गर्ने उपायहरू र धम्कीबाट संरक्षण, र न्यायपालिकाको लागि तालिम,परम्परागत न्यायकर्मीहरू र परम्परागत अदालतका न्यायाधीशहरू सहित; |

चमार समुदायको पहिलो महिला डाक्टर

# अभावले छेकेन
## 'स्मृति' को गन्तव्य, परिवारको सपना



■ टिकाराम सुनार



> तिमी जहाँ जन्मियौ, त्यो तिम्रो दोष होइन । तिमी जस्तो रहिरहन्छौ, त्यसको दोषी तिमी पनि हौ । त्यसैले हिम्मत गर, तिम्रो भाग्य र भविष्य तिमीले नै निर्धारण गर्ने हो । तिमीलाई सपना देख्ने, पढ्ने, नेतृत्व गर्ने र सेवा गर्ने सम्पूर्ण अधिकार छ ।

**काठमाडौँः** सन्तराम हरिजनका खल्ती रित्ता भए पनि सपना कहिल्यै रित्तिएनन् । अभाव थियो तर अत्यास थिएन । उल्झन थिए तर अल्झिने फुर्सद थिएन । अपमान थियो, तिरस्कार थियो । जात व्यवस्थाले समाजको पत्रपत्रमा गाँजिएका विभेदका व्यथा त झनै निर्मम, तर सन्तराम गुनासो गरेर बस्नुभएन । समस्यासँग हार्नुभएन, अभाव देखाएर भाग्नुभएन ।

समस्याले थिचिनै रह्यो तर सपनाले निदाउन दिएन । जिम्मेवारीले थाक्न दिएन । सायद सन्तानले पनि बाउभित्रको त्यो 'जुनुन्' देखेँ । बाउआमाको मुहारमा 'हाँसो' नदेखे पनि आँतभित्रको 'आँट' देखेँ । त्यसैले त आज 'ढुङ्गाको काप फोरेर पनि निस्किन्छ पिपल, सिर्जनाशक्ति संसारमा हुँदैन कहिल्यै विफल' भन्ने राष्ट्रकवि माधवप्रसाद घिमिरेको कवितांश यथार्थमा परिणत भएको छ । उहाँकी एउटा छोरी सम्भवतः नेपालमा चमार समुदायबाट चिकित्सा शिक्षामा स्नातक (एमबिबिएस) गर्ने पहिलो महिला बन्नुभएको छ । अरू दुई सन्तानले पनि शिक्षामा राम्रो सफलता हासिल गरेका छन् । माइली छोरी सृजना हरिजन हाल बेलायतमा र कान्छो छोरा सन्दीप हरिजन भारतको प्रतिष्ठित प्राविधिक संस्थान एनआइटी राउरकेला, उडिसामा कम्प्युटर साइन्स एण्ड इन्जिनियरिङ अध्ययन गरिरहेका छन् ।

यो परिवारको सङ्घर्ष र सफलताको कथा हाल सबैका लागि उदाहरणीय बनेको छ । यसका पछाडि बुबाआमाको असाधारण सङ्घर्ष छ, अदम्य साहस पनि । त्यो सङ्घर्षको आक्रोस्‌बाट बुबा सन्तराममा 'अदम्य अठोट' र सन्तानहरूमा बुबाको सपना पछ्याउने 'इख' ले सफलताको बाटो तय गरेको हो ।

### 'इँटाको भुङ्ग्रोबाट जन्मिएका सपना'

कपिलवस्तुको बहादुरगञ्ज, त्यहाँभित्रको चमार बस्ती । घन्घोर पञ्चायतकालीन समय, जात व्यवस्थाको पिँधमा रहनु अर्थात् चमार हुनुका व्यथा सन्तरामसँग कतिछन् कति । त्यो क्षण सम्झियो भने अहिले पनि उहाँको मन भत्भति पोल्छ, आँखालाई आक्रोस्‌को आँसुले बिटुलो बनाउँछ । कथित जात र पेसाले कहिल्यै आत्मसम्मानका साथ बाँच्न नदिने । एकातिर जात व्यवस्थाको जाँतो, अर्कोतिर त्यसैले सिर्जना गरेको गरिबीको खाडल । सन्तरामले आफ्ना बुबाको सङ्घर्ष देख्नुभयो । इँटाभट्टाको भुङ्ग्रोमा काँध थाकिने र हात ठेला उठ्ने गरी गरेको बाउको सङ्घर्षभन्दा 'जातका कारण भोगेको अपमान' को 'घाउ' ले सन्तरामलाई भत्भति पोल्थ्यो । "हो त्यहीबाट सपनाको जन्म भएको हो । बुबासँग इँटाभट्टामा मजदुरी गर्दा गर्दै एसएलसी उत्तीर्ण गरेँ । बुबाको इमानको कमाइबाट प्लस टु पढेँ, थप उच्च शिक्षाको सपना देँखे तर अभाव र गरिबीले टाउँको

उठाउन दिएन । सपना त कति देँखे देँखे तर त्यसलाई पछ्याउँदा सधैँ व्यवधान!", उहाँले भन्नुभयो ।

विसं २०४२ चैत ३१ गते सन्तरामको जीवनले नयाँ मोड लियो । सङ्घर्षकै क्रममा सो दिनदेखि उहाँ नेपाल प्रहरीको सहायक निरीक्षक बन्नुभयो । "कलिलो मस्तिष्कमा अभाव र अपमानको पीडा बेस्सरी गडेको थियो । त्यसको समाधानको उपयुक्त माध्यमका रूपमा राष्ट्रसेवामा प्रवेश गरेँ। अभावमा हुर्किए पनि जीवित सपनाले साकार रूप ग्रहण गरेको दिन थियो त्यो", उहाँ सम्झिनुहुन्छ,"अब त सपनाले नयाँ उडान भर्ने भयो भन्ने लाग्यो । प्रायः हाँसो नदेखिने बुबाको मुहारमा हाँसो ल्याउने, आमाको गहना बन्दकी राखेर पढेको ऋण तिर्ने र उन्नत भविष्यको कल्पना गर्ने, सन्तानलाई सुखको जीवन दिने । यही त थिए सपना ! अहँ, त्यो तीन वर्ष पनि टिकेन । निसाफको कुरा गर्दा जागिरबाट बर्खास्त हुनुपर्‍यो ।"

काठमाडौँको तत्कालीन कमलपोखरी वडा प्रहरी कार्यालयमा कार्यारम्भ गरेका सन्तराम त्यहीबाट बर्खास्तीमा परेर फेरि सडकमै आउनुभयो । बर्खास्तीको दिन अर्थात् २०४५ साउन १७ गते आजजस्तै लाग्छ उहाँलाई । सन्तरामले बताएअनुसार उहाँको कमाण्डमा रहेको टोलीले जबरजस्ती करणीमा एउटा मान्छेलाई पक्राउ गर्‍यो । कारबाही अगाडि बढायो, पछि ती व्यक्ति तत्कालीन उच्च प्रहरी अधिकारीका आफन्त रहेछन् भन्ने थाहा भयो । यही घटना गिँजोलियो र पछि अर्को घटनामा सन्तराम रु तीन हजार घुस लिएको भनेर बर्खास्तीमा पर्नुभयो ।

"सङ्घर्ष गरेरै हुर्किए । ठूलो सपना बोकेर जागिर गरियो तर त्यो धेरै टिकेन । जबर्जस्ती बर्खास्तीमा परे । यो जीवनको असाधारण मोड थियो तर हिम्मत हारिन, फेरि सङ्घर्ष गरे । शिक्षण गरेर जीविको चलाए", उहाँ भन्नुहुन्छ,"दुःख त भयो तर हार मानिन । मसँगै सेवा प्रवेश गरेका कोही एसपी, डिएसी भएर अवकास हुँदैछन् । सायद म पनि माथि पुग्थे होला ! ठीकै छ, जीवन त बाहिर पनि रहेछ नि त ! सङ्घर्ष गरेँ, सन्तानलाई शिक्षा र संस्कार दिए । अहिले मेरा सपनालाई सन्तानले पूरा गर्दैछन् ।"

## 'छोरी चमार समुदायबाट पहिलो डाक्टर'

कपिलवस्तुको कृष्णनगर नगरपालिका–९ बाहादुरगञ्जमा विसं २०५६ कात्तिक ५ गते जन्मिएकी तिनै सन्तरामकी छोरी स्मृति हरिजन हाल 'डाक्टर' बन्नुभएको छ । उहाँ ७२औँ नेपाल मेडिकल काउन्सिल लाइसेन्स परीक्षा उत्तीर्ण हुनुभएको छ । यही जेठ १२ देखि १५ सम्म सञ्चालित परीक्षाबाट उहाँ उत्तीर्ण हुनुभएको हो । "छोरी डाक्टर बनेको खबर सुनेपछि खुसीको सीमा नै छैन । पत्रपत्रिकामा खबर आइरहेका छन्, विश्वविद्यालय अनुदान आयोगबाट पनि फोन आएको थियो, तपाईकी छोरी चमार समुदायको पहिलो महिला डाक्टर बन्नुभयो भनेर", बुबा सन्तरामले भन्नुभयो,"हुन त अन्य सन्तान पनि राम्रै छन् । तीन जनाले सधैँ उत्कृष्ट नतिजासहित उच्च शिक्षा छात्रवृत्तिमा नै पढे । छोरी स्मृतिको सफलताले मेरो छाति गर्वले चौडा भएको छ ।"

काठमाडौंको पेन्टागन कलेजबाट ११ र १२ कक्षा छात्रवृत्तिमा अध्ययन गर्नुभएकी स्मृतिले नेपाल सरकारको छात्रवृत्तिमा जानकी मेडिकल कलेज, जनकपुरबाट एमबिबिएस उत्तीर्ण गर्नुभएको हो । उहाँ यसको सबै श्रेय आफ्नो बुबालाई दिनुहुन्छ । "आज म यहाँ एक डाक्टर र महिलाको रूपमा मात्र होइन, मेरो देशको चमार समुदायबाट पहिलो महिला डाक्टरको रूपमा छु । यो मेरा लागि गर्व, भावुक र उत्साहित क्षण हो", डा स्मृति भन्नुहुन्छ,"हाम्रा लागि अध्ययन, अध्ययनका रूपमा मात्रै थियो होला तर मेरो बुबाका लागि स्वाभिमान, आत्मसम्मान र मुक्तिमार्ग थियो । हाम्रै खुसीका लागि उहाँले जे गर्न सकिन्थ्यो, सबै गर्नुभयो । सङ्घर्ष गर्नुभयो । अपमान सहनुभयो । गहना बेचेर, ऋण लिएर, मजदुरी गरेर सपना बुन्नुभयो । म त त्यो सपनाको माध्यममात्रै हो ।"

उहाँले नेपाल सरकारले विश्वविद्यालय अनुदान आयोगमार्फत (चमार, डोम, मुसहर, वादी) दिइने छात्रवृत्तिमा अध्ययन गर्नुभएको हो । "मेरो बुबाआमाको सङ्घर्ष, मेरो मेहनत त छँदैछ, नेपाल सरकारले पनि ठूलो गुन लगाएको छ । यदि यो छात्रवृत्ति नपाएको भए सायद मेरो जीवनको मोड नै अर्को हुन्थ्यो । जुन सपना मैले र मेरो परिवारले देखेका थियौँ, त्यो यही  छात्रवृतिले पूरा गरेको हो । त्यसैले सरकारप्रति आभार ।"

सरकारले यस छात्रवृत्तिअन्तर्गत मेडिकल कलेज शुल्क, प्रतिमहिना रु पाँच हजार खाजा र स्टेशनरी खर्च दिने गरेको छ । यसर्थ, अब आफ्नो जिम्मेवारी र दायित्व परिवारका लाीग मात्र नभइ आफ्नो समाज र सिङ्गो देशकै लागि थपिएको र त्यो विश्वास कहिल्यै नतोड्ने उहाँको भनाइ छ ।

डा स्मृति जात व्यवस्थामा हेयको दृष्टिले हेरिने समाजमा जन्मिएका हरेक युवाले आँटेमा हरेक कुरा सम्भव हुने भन्दै अब गुनासो गरेर बस्ने छुट कसैलाई नभएको बताउनुहुन्छ । "मैले गरिब, कथित तल्लो जात र महिला भएकैले दोहोरो तेहेरो उत्पीडन भोग्नु त पर्‍यो

नै । चमार समुदायलाई वर्षौंदेखि सस्तो श्रम र जातीय पूर्वाग्रहको चस्माबाट हेरिएको छ । त्यसैले गुनासा त छन्, समाज, सामाजिक संरचना, हाम्रो व्यवस्थाबारे, तर गुनासो गरेर पुगिने कही होइन", उहाँले भन्नुभयो,"मैले मेरो आमाबुवा र शिक्षकहरूबाट सुनें, 'शिक्षा नै शक्तिको सबैभन्दा ठूलो हतियार हो' भनेर । त्यसैले सबै तिरस्कार, अपमान, अभाव र गुनासाहरूलाई छोडेर सपना पछ्याउन हिँडे । त्यही भएर यो स्थानमा छु ।"

उहाँ धेरै मानिसका लागि डाक्टर बन्नु व्यक्तिगत लक्ष्य भए पनि आफ्ना लागि त्यो व्यक्तिगत मात्र नभइ समाजमा आशा जगाउने अभियान हो भन्नुहुन्छ । आफ्नो सफलता वर्षौवर्षको मौनता तोड्ने, हिम्मत गर्ने, तिमी सक्दैनौं भनेर 'भूइँमान्छे'लाई हेलोहोचो गर्नेहरूलाई उत्तर पनि भएको डा स्मृतिको बुझाइ छ । उहाँ भन्नुहुन्छ, "मैले, हामी सक्छौं भनेर उत्तर दिनु थियो । चुपचाप सपना देखिरहेकी चमार समुदायकी हरेक युवतिलाई भन्न चाहन्छु–तिमी जहाँ जन्मियौं, त्यो तिम्रो दोष होइन । तिमी जस्तो रहिरहन्छौं, त्यसको दोषी तिमी पनि हौं । त्यसैले हिम्मत गर, तिम्रो भाग्य र भविष्य तिमीले नै निर्धारण गर्ने हो । तिमीलाई सपना देख्ने, पढ्ने, नेतृत्व गर्ने र सेवा गर्ने सम्पूर्ण अधिकार छ । बस् अब उठ, जाग ।"

## अबको योजना

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार (राष्ट्रिय जनगणना २०७८) नेपालमा १४२ जातिहरू र १२४ भाषाभाषीहरू छन् । १४२ जातिहरूमध्ये १७ औं नम्बरमा चमार, राम र हरिजन भनेर उल्लेख छ भने यो समुदायको जनसङ्ख्या तीन लाख ९३ हजार २५५ छ । जसमा पुरुषको सङ्ख्या एक लाख ९६ हजार ७९९ र महिलाको सङ्ख्या एक लाख ९६ हजार ४६४ रहेको छ । यो समग्र जनसङ्ख्याको एक दशमलव ३५ प्रतिशत हो ।

चमारलाई दलितभित्र पनि शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक दृष्टिले पिछडिएको, राजनीतिक पहुँचबाट टाढा रहेको र जातीय संरचनाका कारण अत्यन्त पिँधमा रहेको जातिका रूपमा लिइन्छ । यसैकारण सदियौंदेखि चमार जातिले अनेकौं सामाजिक तथा सांस्कृतिक बन्धनभित्र बसेर कष्टपूर्ण जीवन बिताउँदै आएका छन् । यही समाजमा जन्मिएकाले स्मृतिको भोगाइ पनि पृथक छैन । "बुबा सङ्घर्षशील भएकाले हामीले धेरै अभावको सामना त गर्नुपरेन तर समाजको संरचनाभित्र रहँदा पटकपटक अपमानको सामना गर्नुपर्‍यो । विगतमा मात्रै होइन, कतिपय अवस्थामा अचेल पनि जातको कुरा आएपछि अपमान भोग्नुपर्छ", उहाँले भन्नुभयो,"त्यो बन्धन, अपमान छिचोलेर यहाँसम्म पुगेकी छु, अब आफ्नो सम्पूर्ण जीवन आत्मसम्मान, समाजको हित र चिकित्सा सेवा तथा शिक्षामार्फत समाजमा जागरण ल्याउने हुनेछ ।"

बाल्यकालका धेरै अपमानका कथाहरू डा स्मृतिको मनस्पटलमा कति छन् कति । ती सबै सम्झेर साध्य छैन । चिकित्सा शिक्षा पढ्दै गर्दा भोगेको एउटा घटना भने मनमा 'खिल' झै गडेको छ । "चिकित्सा शिक्षा अध्ययनकै क्रममा समुदायमा अभ्यासमा गएको एकदिन एउटा घरमा बच्चालाई बिस्कुट दिए । लगत्तै उसको अभिभावकले जात सोध्नुभयो, चमार भनेपछि बच्चाले खाइरहेको बिस्कुट खोसेर फालिदिए", उहाँले सम्झिनुभयो,"यसले निशब्द बनायो । केही बोलिन तर आफैंसँग प्रश्न गरें, आखिर यसमा मेरो के गल्ती भयो ? म चमार जातिमा जन्मिनु मेरो पाप हो ? त्यो दूटना सम्झिँदा निकै दुःख लाग्छ ।"

यसैकारण डा स्मृति आफुनो उपलब्धिलाई केवल आफ्नो र परिवारको विषय मात्र बनाउन चाहनुहुन्न । यो आफ्नो समुदायकै आत्मसम्मानको सुरुआत हो भन्नेमा प्रष्ट हुनुहुन्छ । "यो केवल मेरो व्यक्तिगत सफलता होइन, त्यसैले अबको मेरो लक्ष्य केवल जागिर गर्ने मात्र होइन, समाजमा जागरण ल्याउने पनि हो । समाजसेवा, समान अधिकारको पैरवी, हिजो विविध कारणले हामी दबिएका थियौं तर अब उठका छौं भनेर संसारलाई भन्नुछ", उहाँको कथन छ । बुबा सन्तराम पनि पढाई र विभिन्न समस्यामा घर, जग्गा, सम्पति बन्धकी राखेर लिएको करिब रु ४० लाखको हिसाबकिताबमा कम, आफूजस्तै अरु छोरीहरूमा शिक्षा र चेतनाको 'भोग' जगाउनमा बढि लागेको देख्ने चाहना सुनाउनुहुन्छ । "अब घरको जिम्मेवारी बाँडिएको छ । माइली छोरी, छोरा र स्मृतिले पनि त्यो जिम्मेवारी उठाउलान् । त्यसैले चिन्ता घटेको छ । अब मेरा सन्तानले समाजका लागि केही गर्छन् कि गर्दैनन् भनेर अर्को चिन्ता थपिएको छ । त्यसका लागि पनि म उत्प्रेरक बनिरहने छु", उहाँले भन्नुभयो ।

चिकित्सा शिक्षा अध्ययनमा प्रत्यक्ष जोडिनुभएका जानकी मेडिकल कलेजका मेडिकल सुपरिटेन्डेन्ट डा धर्म सुवेदी पनि राज्य र आफूहरूले दिएको अवसरलाई स्मृतिले समाज र देशको हितमा लगाउने अपेक्षा रहेको बताउनुहुन्छ । "उहाँमाथि अभिभावक मात्रै होइन, राज्यले ठूलो लगानी गरेको छ । हाम्रो योगदान पनि त्यत्तिकै छ । त्यसैले अब स्मृतिले आफूजस्तै सीमान्तकृत समुदायको हितमा पनि काम गर्न सक्नुपर्छ", उहाँले भन्नुभयो ।

# ‘टोलका जातीय नाम फेरिए, आत्मसम्मान महसुस भयो’




**काठमाडौँ** : आफू बस्ने ठाउँ स्वर्गभन्दा पनि प्यारो लाग्छ भन्छन्, तर डोटीकी अम्बिका आउजीलाई आफ्नो थातथलोको नामले सधैँ अपमान महसुस भइरह्यो। उनले मात्र होइन, टोल छिमेकका अधिकांश दलित समुदायका व्यक्तिले वर्षौंदेखि यस्तै महसुस गरिरहे।

“आउजी/ढोली बाडामा बस्छु भन्न पनि अपमान महसुस हुन्छ। आफ्नै ठाउँको नाम लिन नपाए हुन्थ्यो जस्तो लाग्छ किनकि त्यो शब्द मात्रै थिएन आत्मसममानमा चोट पुऱ्याउने कारण थियो। झन् युवापुस्ता त लाजले भुतुक्क हुन्थे”, अम्बिकाले भनिन्।

अचेल भने उनको टोलको नाम फेरिएको छ। पुस्तौँदेखि कायम आउजी/ढोली बाडा अचेल फूलबारी टोल भएको छ। यसरी नाम बदलिएसँगै अम्बिकाले आफ्नो आत्मसम्मान पनि फेरिएको महसुस गरेकी छन्। “अब फूलबारी बस्तीकी अम्बिका हुँ भन्न गर्व लाग्छ। अरूले पनि आत्मसम्मान महसुस गर्न थालेका छन्। यो केवल नामको फेरबदल होइन, मानवअधिकार, सामाजिक पहिचान र आत्मसम्मानको पुनर्स्थापना पनि हो”, उनले भनिन्।

यो समाचार डोटीको दिपायल सिलगढी नगरपालिका-५ को हो। त्यहाँ जातीय आधारमा पुस्तौँदेखि कायम टोलका नामहरू फेर्ने अभियान सुरु भएको छ। केही टोलका नाम औपचारिक रूपमा परिवर्तन भइसकेका छन्, केही टोलमा नाम फेर्ने उद्देश्यले अभियान जारी छ। यहाँ गठित विभिन्न महिला समूह, वडा कार्यालय र स्थानीय सरोकार भएका व्यक्ति तथा निकायको सहकार्यमा अभियान सुरु भएको दलित महिला संघ (फेडो)का कार्यक्रम संयोजक शंकर विश्वकर्माले बताए।

अचेल पुस्तौँदेखिको भुलबाडा ‘चेतना बस्ती’, आउजी/ढोली बाडा ‘फूलबारी बस्ती’ र लोहारबाडा ‘बेतालदेउ बस्ती’मा परिवर्तन भएका छन्। वडा नं ५ बाट सुरु भएको यो अभियान अन्य वडा र गाउँपालिका हुँदै जिल्लाभर सञ्चालन गर्ने योजना रहेको विश्वकर्मा बताउछन्। “जातका आधारमा नाम दिइएका बस्तीले दैनिक जसो बिझाउँथे। आफ्नो ठाउँको नाम भन्न पनि हीनताबोध हुन्थ्यो, किनकि त्यो पहिचानसँग अपमान, जातीय विभेद र तिरस्कार जोडिएको थियो। विद्यालय, अस्पताल, कार्यालयलगायत हरेक ठाउँमा जातमा आधारित स्थान जनाउँदा नयाँ पुस्ताले झन् अपमान बोध गर्थे”, उनले भने, “दलित समुदाय र विशेषगरी यहाँका युवापुस्ताले यस पहलकदमीलाई ऐतिहासिक भनेका छन्। हिजो आफ्नो ठाउँको नाम भन्न हिच्किचाउनेहरू अचेल गर्वले उच्चारण गर्न थालेका छन्।”

यहाँ वडा कार्यालयको समन्वयनमा सरोकार एकाहरूसँगको निरन्तर छलफल, समुदायस्तरका बैठक, समझदारी र सहकार्यपछि अन्ततः पुस्तैनी नामहरू परिवर्तन सम्भव भएको फेडोका जिल्ला अध्यक्ष सरिता दयालीको भनाइ छ। “ठाउँसँग जातीय पहिचान र

जातसँग अपमान तथा विभेद नजोडिएको भए सायद त्यस्ता स्थानबोधक नाममा गौरवबोध हुन्थ्यो होला । हाम्रो सामाजिक परिवेशका कारण ती शब्दहरूले आत्मसम्मानमा चोट पुर्याउँथे । त्यसैले सबैको सहमतिमा नाम फेर्ने अभियान सुरु गर्यौं, ती नाम अब सम्मानमा बदलिएका छन्", उनले भनिन् ।

ज्येष्ठ नागरिक दिलबहादुर कोली यस पहललाई विगतमा भोगेका अपमान र विभेदका चोटमा मल्हम लगाउने कामका रूपमा चर्चा गर्छन् । उनी जीवनको उत्तरार्द्धमा समाजमा भइरहेका परिवर्तन र सकारात्मक सोचले आफूहरूलाई उत्साहित बनाइरहेको बताउछन् । "टोलका नाम नाममात्र थिएनन्, तिनले पुस्तौंदेखिका गलत संस्कार, विभेदका कथाव्यथा पनि बोकिरहेका थिए । बिस्तारै समय बदलिएको छ, टोलका नाम बदलिएका छन्", कोलीले भने, "त्यसले विगतका विस्मृतिलाई केही भए पनि भुलाउने छन् । आत्मसम्मान बढाउन योगदान गर्नेछन्, तर नाम बदलिएसँगै विभेदका बाँकी अवशेष पनि हटाउन आवश्यक छ । नाम फेरिएजस्तै अब समानताविरोधी सोच र व्यवहार पनि बदल्न लाग्नुपर्छ ।"

## यसरी सुरू भयो अभियान

डोटीको दिपायल सिलगढी नगरपालिका-५ मा दलित महिलाहरूलाई सङ्गठित गर्दै विभिन्न छ वटा समूह गठन गरिएका छन् । यसमा फेडोले सहयोग गरेको छ । यी समूहले दलित तथा सीमान्तकृत महिलालाई सङ्गठित गर्दै अधिकारको पैरवी, आर्थिक सशक्तीकरण, नागरिक चेतना अभिवृद्धि, नेतृत्व विकासका माध्यमबाट स्थानीय सरकारका नीति, कार्यक्रम र बजेटमा आफ्ना सवाल सम्बोधन गर्न पहल गरिरहेका छन् ।

यसै क्रममा ती समूहले संयुक्त रूपमा कार्य योजना बनाएर जातिगत टोलका नाम परिवर्तन गर्ने नीति लिएका थिए । त्यसका लागि समूहले स्थानीय जनप्रतिनिधि र सरोकार भएकासँग संवाद गरे । संवादले जातीय विभाजनमा आधारित नामहरू परिवर्तन गर्दै समावेशी र सकारात्मक पहिचानबोध नाम राख्ने निष्कर्ष निकाले । यसमा त्यस क्षेत्रमा क्रियाशील विभिन्न निकाय, जनप्रतिनिधि, विशेषगरी वडा नं ५ कार्यालयले सहयोग गरेपछि नाम परिवर्तन सम्भव भएको सक्रिय महिला समूहकी अध्यक्ष जानकी भूलले जानकारी दिए। पछि बृहत् छलफल र घोषणासभा आयोजना गरी सबैको सहमतिमा टोलका नाम अनुमोदन गरिएका आवाज स्वयं सहायता पैरवी समूहका अध्यक्ष सृजना सिलाधरले बताए ।

नाम परिवर्तनबाट जातीय पहिचानका आधारमा हुने विभाजनलाई हटाउँदै सामाजिक सद्भावको उदाहरण प्रस्तुत गरिएको वडाध्यक्ष गणेशबहादुर भण्डारीको भनाइ छ । "नाम भनेका त पहिचान र आत्मसम्मानका आधार पनि हुन्, तर तिनमा आत्मसम्मान महसुस गरिएन भने किन राखिरहनु । विगतमा जे भयोभयो अबको सचेत समाजले त्यसलाई स्वीकार्दैन । त्यसैकारण नाम बदल्न हाम्रो पनि समर्थन रह्यो", उनले भने, "यसले दलित समुदायका व्यक्तिले सम्मानको अनुभूति गरेका छन् । समुदायबीच एकता र भाइचारा सुदृढ गर्न जातीय भेदभावजन्य कुनै पनि कुरालाई स्थान दिनुहुँदैन । समावेशी र सशक्त समाज निर्माणमा सबैले अपनत्व र आत्मसम्मान महसुस गर्नुपर्छ । त्यसमा यो अभियानले सघाउ पुर्‍याएको छ ।"

फेडोका केन्द्रीय महासचिव रेणु सिजापति डोटीको एउटा वडाबाट सुरु भएको अभियानले सकारात्मक सन्देश प्रवाह गरेकाले अन्य ठाउँमा पनि यसको विस्तार गरिने बताउनुहुन्छ । "यो समस्या डोटी, त्यहाँको एउटा वडाको मात्र होइन, जिल्ला र देशभरिकै हो । त्यसैले यसबाट अरूले पनि सिक्नुपर्छ । त्यसका लागि हामीले सहजीकरण गर्छौं", उनले भने ।

## पहल सानो तर सन्देश ठूलो

वर्षौंसम्म जातीय आधारमा राखिएका टोलका नामलाई सामान्य मानिन्थ्यो । दलितहरूले पुस्तौदेखि चुपचाप समर्थन जनाइरहे पनि आफ्नो थातथलोबारे अपनत्व भने महसुस गरेका थिएनन् । अभियन्ता दुर्गा सोव यस्तो अवस्था देशका अधिकांश ठाउँमा रहेको बताउछन् । "कतिपय ठाउँमा त डुम बाडा, कामी बाडा, दमाई बाडा र यस्तैयस्तै नाम अहिले पनि छन् । विगतको पुस्ताले यसलाई सामान्य रूपमा लिए पनि अहिलेको पुस्ताले त अपमान महसुस गरिरहेको छ । आफ्नो ठाउँबारे गर्व महसुस नभएपछि कतिपयले थातथलो छाडेको भनेर गुनासोसमेत गरेको सुनेकी छु । त्यसैले डोटीको एउटा वडाबाट सुरु भएको पहल सानो भए पनि यसमा सन्देश ठूलो छ", उनी भन्छन्।

फेडोका संस्थापक सोव थातथलो मात्र होइन, दलित समुदायका कतिपय व्यक्तिले आफ्नो नाममै

अपमान महसुस गरिरहेको बताउछन् । त्यसबारे २०७९ सालको सुरुतिर नागरिकतामा होच्याउने गरी राखिएका दलित समुदायका व्यक्तिका नामबारे आएका खबर उनी सम्मरण गर्छन् । "यहाँहरू जस्तै मिडियाले लेखेपछि विषय बाहिर आयो । दलित समुदायका कतिपय व्यक्तिका नागरिकतामा फ्याउरो, सिँगाने, कुत्ता, कुकुर्नी, कुकुर, नौपुठे, ढाले, काली गासे, गोप्लो, लाटो, लुखुरीजस्ता नाम राखिएका थिए", उनले भने, "सुरुमा यी कुरा सामान्य लाग्थे, पछि दलित समुदायका सचेत नागरिक र अरु अधिकारकर्मीले विरोध जनाएपछि सरकार नागरिकता सच्याउन बाध्य भएको थियो । अब वर्षौंदेखि जातीय आधारमा राखिएका विभिन्न ठाउँका अपमानबोधक नाम फेर्ने डोटीको पहललाई सराहना गर्नुपर्छ ।"

त्यसबेला व्यापक विरोधपछि सरकारले त्यस्ता नागरिकता जारी नगर्न र जारी भएका नागरिकता सच्याउन मातहतका निकायलाई निर्देशन दिएको थियो । विसं २०७९ साउन २३ गते सरकारले गृह मन्त्रालयमार्फत एक विज्ञप्ति जारी गरी नागरिकता सच्याउन भनेको थियो । अपमानजनक शब्द प्रयोग गरी नागरिकतामा व्यक्तिको नाम र थर जानिने गरी प्रमाणपत्र जारी नगर्न र त्यसरी अपमानजनक शब्द प्रयोग गरी जारी भएका नागरिकता प्रमाणपत्रमा व्यक्तिले सच्याउन माग गरेमा आवश्यक प्रक्रिया पूरा गरी सच्याउने व्यवस्था मिलाइएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ", विज्ञप्तिमा भनिएको थियो ।

बस्तीका नाम फेर्ने कुरा नागरिकता सच्याउने जस्तो ठूलो विषय पनि होइन । त्यसैले यस अभियानलाई देशव्यापी बनाइने फेडोका केन्द्रीय अध्यक्ष कलापति सुवर्णकारको भनाइ छ ।

"नाम नाममात्र होइन, त्यसमा पहिचान जोडिएको हुन्छ । पहिचान मानिसको सबैभन्दा ठूलो सम्पत्ति हो, तर यसैमा कसैले आत्मसम्मान महसुस गर्दैन भने त राम्रो भएन नि ! त्यसैले डोटीमा दलितको अभियानमा गैरदलितले पनि समर्थन जनाएपछि अभियान सार्थक हुँदैछ । अब यसको विस्तारमा लाग्छौँ", उनले भने ।

वडाअध्यक्ष भण्डारी यस अभियानलाई वडा, गाउँपालिका हुँदै जिल्लाभर विस्तार गर्न आफूहरूको सहयोग रहने बताउछन्, "अबको पुस्ता जातले होइन, चेतनाले चिनिने छ । त्यसका लागि हाम्रो वडाबाट सामाजिक रूपान्तरणको सुरुआत भएको छ । हामीले नाम त परिवर्तन गर्यौं, अब मन र व्यवहार पनि बदल्नुपर्छ । जातीय विभेदबाट मुक्ति पाउनु केवल दलित समुदायको सरोकारको कुरामात्र होइन, यो सामूहिक उत्तरदायित्व हो ।"

समस्या डोटीमा मात्र छैन देभभरि नै छ, तर विशेषगरी सुदूरपश्चिममा यो समस्या अझ बढी छ । यहाँका अधिकांश जिल्लाका बस्तीमा गैरदलित बसोबास गर्ने स्थानका नाम देवीदेउता, ऐतिहासिक पृष्ठभूमि र भूगोलको गौरबगाथासँग जोडेर राखिएका छन्, तर दलित बस्तीका नाम भने संविधानले नै बर्जित गरेका शब्दलाई जातसँग जोडेर राखिएका छन् । त्यसैकारण यस्तो अभियान सञ्चालन गर्नुपरेको सरोकारवालाको भनाइ छ ।

# दलितका संवैधानिक हक कार्यान्वयन गर्न माग



**काठमाडौँः** सरोकारवालाले दलित समुदायका लागि संविधानले व्यवस्था गरेका हक र अधिकार तथा सशक्तिकरणका कार्यक्रमहरू कानून बनाएर यथासक्य चाँडो कार्यान्वयन गर्न माग गरेका छन् । संविधान र कानूनले जातीय भेदभाव र छुवाछुतलाई अपराध मानेपनि अहिले पनि सिंहदरबारभित्रै र सिंहदरबारबाटसमेत दलित समुदायबाट अन्याय भइरहेको वक्ताहरूको भनाइ छ ।

लामो संघर्षपछि दलित समुदायको अधिकारका सवालमा केही हदसम्म संविधानले सम्बोधन गरेको, तर संविधानले व्यवस्था गरेका विषयहरूमा समेत दस वर्षसम्म पनि सरकारले कार्यान्वयन नगरेका विषयमा वक्ताहरूले सरकारको ध्यानाकर्षण गराए ।

११५औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा दलित महिला संघ (फेडो) ले बुधबार काठमाडौँमा गरेको ‘दलित महिला र बालिकामाथि हुने हिंसा र यसले पारेको असर’ विषयक छलफलमा वक्ताहरूले महिलामाथि हुने सबै प्रकारका हिंसामा दलित महिला र बालिकाको सङख्या धेरै भएपनि सरकारले नीति, कार्यक्रम र कानून बनाउँदा दलित महिला र बालिकाहरूलाई लक्षित नगर्ने गरेको गुनासो गरे ।

छलफलमा सरोकारवालाका मागहरूलाई सम्बोधन गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले दलित समुदायको संवैधानिक अधिकारलाई कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले संविधानको धारा २४ र ४० ले दलित समुदायको अधिकारलाई सुनिश्चित गरेपनि यतिका लामोसमयसम्म कार्यान्वयन नभएकाप्रति असन्तुष्टि जनाए । ’दलित समुदायको बारेमा केही नि भएको छैन भन्ने होइन, २०७२ साल अघि थिएन होला, तर नयाँ संविधानले दलित समुदायको लागि धैरै दिएको छ, त्यसलाई कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने छ,’ उनले भने, ’तर सरकारले कानून बनाएर ती अधिकारको सुनिश्चित गर्नुपर्ने कुरामा अब ढिला गर्नुहुँदैन ।’

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले भने अहिले पनि सिंहदरबारभित्रै र सिंहदरबारबाटै जातीय भेदभाव र हिंसा गर्ने काम भइरहेको आरोप लगाए । उनले सरकारले नीति कार्यक्रम र बजेट निर्माण तथा कानून निर्माणमा दलित समुदायमाथि भेदभावको सोच राखेको र त्यहीकारण परिणामले दलित समुदायको अपेक्षाकृत उत्थान हुन नसकेको बताए । ’सिंहदरबारका कोठाहरूमा दलितको उपस्थिति हुन थालेको छ । त्यहाँ पनि उनीहरूले विभेद सहनुपरिरहेको छ । सिंहदरबारबाटै दलितहरूमाथि अहिले पनि अन्याय भइरहेको छ,’ उनले भने ।

उनले लामो संघर्षपछि प्राप्त अहिलेका संवैधानिक व्यवस्थाहरूको कार्यान्वयनका लागि सरकारलाई पटक पटक आयोगले सिफारिस गरेपनि कार्यान्वयनमा सरकारले चासो नदिएको गुनासो गरे ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले महिला र दलित समुदायभित्र पनि दलित महिला सबैभन्दा बढी विभेदमा परेको यथार्थलाई राज्यले ख्याल गर्नुपर्ने बताइन् । 'हिंसापीडित महिलाको सङख्या घटेको छैन । अहिले पनि विभिन्न हिंसाका घटनाहरू सार्वजनिक भइरहेका छन् । ती हिंसापीडितमध्ये पनि दलित महिला र दलित बालिकाहरूको सङख्या धेरै छ,' उनले भनिन्,'सरकारले नीति नियम बनाउँदा यी कुराहरूलाई ध्यान पुऱ्याउन आवश्यक छ ।'

दलित महिला संघकी संस्थापक अध्यक्ष दुर्गा सोवले दलित महिलामाथि अहिले पनि तेहोरो विभेद निरन्तर रहेको बताइन् । 'दलित भएको नाममा दलित महिलामाथि जातीय विभेद छ । महिला भएको नाममा उनीहरूमाथि अर्को विभेद छ, हिंसा भइरहेको छ,' उनले भनिन्, 'दलित महिलाहरूलाई शक्तिशाली नबनाएसम्म बलात्कार, हत्या र हिंसामा उनीहरू नै निशाना बनिरहन्छन् ।'

संविधानले हक र अधिकारको व्यवस्था गरेपनि त्यसको कार्यान्वयन पक्ष कमजोर रहेकोमा दलित समुदायले खबरदारी गर्नुपर्ने उनले बताइन् ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक तिलक विश्वकर्माले हिंसाका घटना र तिनले दलित महिला र बालिकामा पुऱ्याएको विषयमा कार्यपत्र प्रस्तुत गरे । उनका अनुसार समग्रमा सबै महिलाले भोग्ने हिंसा दलित महिलाले भोगिरहेका छन् भने त्यस्तो हिंसा भोग्नेमध्ये तुलनात्मकरुपमा दलित महिला र बालिका नै धेरै छन् ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार हिंसापीडित दलित महिलाको कुल सङख्या ११ दशमलव ५४ प्रतिशत छ । हिंसापीडित दलित बालिकाको सङ्ख्या १९ दशमलव ४४ प्रतिशत छ । राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये ११ दशमलव ३४ प्रतिशत दलित महिलासँग सम्बन्धित छन् । ओरेक नेपालको अभिलेखअनुसार हिंसापीडित महिलामा दलित महिलाको सङ्ख्या २७ प्रतिशत छ ।

फेडोकी संस्थापक अध्यक्ष सोव डर, त्रास र अभावका कारण अझैपनि न्यायको पहुँचमा नपुग्ने दलित महिला र बालिकाहरूको सङख्या समेत ठूलो रहेको बताउँछिन् । 'हिंसा हुन्छ । तर हिंसा सहनेमा पनि दलित महिलाहरू नै धेरै भएको देखिन्छ । यसको कुनै तथ्याङ्क छैन । तर यथार्थ हामीले देखेभोगेकै छौं,' उनले भनिन् ।

त्यस्तै, दलित र दलित महिलाहरूप्रति हुने विभेद र दमनको विकराल रुप अन्तरजातीय विवाहमा समेत देखिएको छ । अन्तरजातीय विवाह गरेका ७१ दशमलव सात प्रतिशत महिलाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा डर, धाक र धम्कीको सामना गर्नु परेको अध्ययनको निष्कर्ष छ । फेडोकी महासचिव रेनु सिजापतिका अनुसार उनीहरूले सार्वजनिक स्थानमा दुर्व्यवहार र अपमान भोगिरहेका छन् । अन्तरजातीय विवाह गरेका दम्पतीबाट जन्मिएका २५ दशमलव आठ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको छैन । जसले गर्दा उनीहरूले स्कुल भर्नामा समस्या भोग्न परेको र सरकारले प्रदान गरेको सेवासुविधाबाट पनि वञ्चित हुनपरेको अनुसन्धानको निष्कर्ष छ ।

(**कान्तिपुरबाट साभार गरिएको**)

# दलित महिलाको सशक्तिकरण र समावेशीकरणबारे कोशी प्रदेशस्तरीय सम्मेलन सम्पन्न



**कोशी प्रदेश:** दलित महिला संघ (फेडो) को आयोजनामा दलित महिलाको सशक्तिकरण र समावेशीकरण विषयक दुईदिने कोशी प्रदेशस्तरीय सम्मेलन, नेतृत्व तथा क्षमता विकास तालिम विराटनगरमा सम्पन्न भएको छ ।

गत पुसमा आयोजित सम्मेलनको उद्घाटन गर्दै कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले जातीय तथा लैङ्गिक विभेद अन्त्यका लागि सबै निकायले प्रभावकारी काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले जातीय विभेदको अन्त्यबिना समाजको विकास सम्भव नहुने भन्दै व्यवहारबाटै विभेदको अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सभामुख विष्टले सम्मेलनमा कोशी प्रदेशमा दलित सशक्तिकरण विधेयक सदनमा छलफलको तयारीमा रहेको र कार्यान्वयनमा लैजान आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले दलित महिलालाई संगठित, सचेत र सशक्त बनाउन राज्यले ठोस कदम चाल्नुपर्नेमा जोड दिनुभयो।

सम्मेलनमा फेडोले अघिल्लो वर्षको सम्मेलनमा गरिएका प्रतिबद्धता र घोषणाहरूको कार्यान्वयनमा जोड दिएको थियो । सहभागीहरूले स्थानीय सरकारलाई योजना, नीति, कार्यक्रम र बजेटमार्फत दलित महिलाको सशक्तिकरणका पक्षमा काम गर्न आग्रह गरेका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्यहरू, प्रदेश योजना आयोगका प्रतिनिधि, विभिन्न स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाज, दलित आन्दोलनका अगुवा तथा दलित महिलाहरूको उल्लेख्य सहभागिता रहेको थियो।

यसैबीच 'अगुवा अभियन्ता तथा जनप्रतिनिधि महिलाको साझा मञ्चका पदाधिकारीहरू' का लागि नेतृत्व तथा क्षमता विकास तालिम पनि आयोजना गरिएको थियो । तालिममा मोरङका २५ जना अगुवा अभियानकर्मी र ३२ जना दलित महिला जनप्रतिनिधि गरी ५७ जनाको सक्रिय सहभागिता रहेको थियो ।

दलित महिला सङ्घ (फोडो) का संस्थापक अध्यक्ष दुर्गा सोबको नेतृत्वमा विराटनगर महानगरपालिकाका प्रतिनिधि सरोज गौतम, फोडोका महासचिव रेनु सिजापति तथा केन्द्रिय परियोजना संयोजक सृजना विश्वकर्माले तालिममा सहजीकरण गर्नुभएको थियो । उहाँहरूले सहभागिताको नेतृत्व विकास, निर्णय प्रक्रियामा पहुँच, नीति तथा कार्यक्रम निर्माणमा सहभागिता र सञ्जाल विस्तारलगायत विषयमा सहभागीलाई व्यवहारिक ज्ञान प्रदान गर्नुभएको थियो ।

सहभागीहरूले संस्थापक अध्यक्ष सोबको जीवन अनुभव र मार्गदर्शनले सहभागीहरूमा आत्मबल, प्रेरणा र रणनीतिक सोचको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताएका थिए । साथै महासचिव सिजापति, केन्द्रिय परियोजना संयोजक विश्वकर्माको सहजीकरणले

आफूहरूको सोचलाई समृद्ध र ज्ञानलाई व्यवहारिक बनाउन सहयोग पुगेको धारणा राखेका थिए ।

यसअघि फेडोले बागमती, मधेश, लुम्बिनी र गण्डकी प्रदेशमा पनि यस्तै सम्मेलनहरू सम्पन्न गरिसकेको छ । हेटौँडामा बागमती 'न्याय, समानता र सम्मान' भन्ने मूल नाराका साथ अभिमुखीकरण तथा प्रशिक्षणमूलक कार्यक्रमसहित प्रदेश सम्मेलन आयोजना गरिएको थियो ।

यस्तै, दलित मानव अधिकारका मुद्दाहरूबारे सचेतना जगाउने उद्देश्यले दलित महिलाको शसक्तिकरण र समावेशिकरणको सवाल विषयक मधेश प्रदेशस्तरीय सम्मेलन जनकपुरमा सम्पन्न भएको थियो । यसैगरी गण्डकी प्रदेश सम्मेलनमा सहभागीहरूले अनुभव आदानप्रदान गर्दै दलित सशक्तिकरण विधेयक छिटो पारित गर्न आग्रह गरेका थिए । यहाँ भएको दुईदिने कार्यक्रममा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट प्रमुख अतिथि हुनुहुन्थ्यो । त्यस क्रममा दलित सशक्तिकरण विधेयकको मस्यौदा यथाशिघ्र पारित गर्न आग्रह गर्दै प्रदेश प्रमुख र प्रदेशसभा सदस्यसमक्ष माग प्रस्तुत गरिएको थियो ।

फेडोले देशभर दलित महिला अधिकारका सवालमा चेतना अभिवृद्धि गर्दै दलित महिलाको सहभागिता, पहिचान र अधिकार सुनिश्चित गर्न निरन्तर पहल गर्दै आएको छ ।

# फेडो काभ्रेमा नयाँ नेतृत्व




**काभ्रेः** काभ्रेमा सुशिला परियारको अध्यक्षतामा दलित महिला संघ (फेडो) को ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको छ । गत जेठ २९ गते भएको वार्षिक साधारणसभा र जिल्ला अधिवेशनबाट आगामी दुई वर्षका लागि समिति चयन गरिएको हो ।

समितिको उपाध्यक्षमा अनिता बोगटी, सचिव ज्योति बोगटी, कोषाध्यक्ष गीता पुरकोटी र सदस्यहरूमा सुमित्रा परियार, राधिका शंकर, सुस्मिता नेपाली, निर्मला सदाशंकर तथा पम्फा पुरकोटी रहनुभएको छ ।

बनेपामा भएको अधिवेशनले जिल्लाको दलित महिला आन्दोलनलाई नयाँ गति दिने उद्देश्यसहित नयाँ नेतृत्व चयन गरेको वक्ताहरूको भनाइ थियो ।

अधिवेशन उद्घाटन सत्रमा प्रमुख अतिथि एवं जिल्ला समन्वय समितिका प्रमुख दिपककुमार गौतम, विशिष्ट अतिथि बनेपा नगरपालिकाकी उप-प्रमुख विमला सापकोटा, फेडोकी केन्द्रीय महासचिव रेनु सिजापति र जिल्लामा क्रियाशील मानवाधिकारकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बनेपा जिल्लाका सबै स्थानीय तहबाट दलित महिला प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उद्घाटन सत्रमा बोल्ने सबैजसो वक्ताहरूले स्थानीयस्तरको बजेटमा दलित र दलित महिलाहरूको पहुँच बढ्नुपर्नेमा जोड दिएका थिए । वक्ताहरूले दलित महिलाहरूको सशक्तिकरण र समावेशी विकासका लागि विशेष कार्यक्रम र बजेट विनियोजन गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ।

कार्यक्रममा फेडो काभ्रेकी अध्यक्ष मनु रोकायाले नयाँ कार्यसमितिलाई बधाईज्ञापन गर्दै कार्यभार हस्तान्तरण गर्नुभएको थियो ।

# छ दिने उद्यमशिलता विकास तालिम ४० महिला उद्यमी लाभान्वित



**विराटनगरः** मोरङको विराटनगरमा छ दिने उद्यमशिलता विकास तालिम सम्पन्न भएको छ ।

विराटनगर महानगरपालिकाको सहयोगमा दलित महिला संघ (मोरङ) को आयोजनामा गत फागुन २४ गतेदेखि २९ गतेसम्म तालिम सफलतापूर्वक सम्पन्न भएको हो । तालिमबाट ४० जना महिला लाभान्वित भएका छन् । सहभागीलाई व्यवसाय विकासका लागि आवश्यक ज्ञान, सीप र उद्यमशिलताका आधारभूत तथा व्यवहारिक पक्षबारे प्रशिक्षण दिइएको थियो ।

व्यवसाय गर्न चाहने महिला उद्यमीहरूलाई व्यावसायिक योजना निर्माण, बजार तथा प्रविधिमा आधारित व्यवसाय छनोटलगायत सीप विकास गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । यसका साथै समूहमा आबद्ध लघु उद्यम व्यवसाय गरिरहेका महिलालाई व्यवसाय विस्तार, व्यवसाय प्रवर्द्धन तथा उत्पादनको बजारीकरणका विविध उपायहरूमार्फत आर्थिक रूपमा आत्मनिर्भर बनाउने विषयमा प्रशिक्षित गरिएको थियो ।

त्यसक्रममा आम्दानीका स्रोत, लघु व्यवसायका प्रकार, व्यवसायका फाइदा तथा सम्भावित जोखिम, सफल उद्यमीका विशेषता, व्यावसायिक अवसर पहिचान र व्यावसायिक योजना निर्माणलगायत विषयमा गहन छलफल गरिएको थियो । घरेलु महासंघकी अध्यक्ष सुनीता छाराहाङले तालिमको सहजीकरणगर्नुभएको थियो । उहाँले सहभागीको क्षमतामा अभिवृद्धिसँगै महिलालाई स्वरोजगारमुखी बनाउँदै आर्थिक रूपमा सबल र आत्मनिर्भर बनाउन तालिम महत्त्वपूर्ण कदम सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

यस्तै, महानगरपालिका उपप्रमुख शिल्पा निरौला कार्कीलगायत अन्य पदाधिकारीले तालिमको अवलोकन गर्नुका साथै विभिन्न सुझाव दिनुभएको थियो । कार्कीले महिलाको उद्यमशीलता विकास र स्वरोजगार सिर्जना गर्न फेडोसँगको सहकार्यमा तालिम आयोजना गर्दा खुसी लागेको भन्दै यहाँ सिकेको सीपलाई व्यवहारमा उतार्न सहभागीलाई उत्साह प्रदान गर्नुभएको थियो ।

छ दिने तालिमले व्यवसाय गरिरहेका महिलाको व्यावसायिक सीप विकास तथा व्यवसाय गर्न इच्छुक महिलालाई स्वरोजगारमुखी बनाउने अभिप्रेरित गर्दै आर्थिक रूपमा सबल र आत्मनिर्भर बनाउने दिशामा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

# देशभरका ३२५ अगुवा अभियन्तालाई सामग्री वितरण




**काठमाडौं** : दलित महिला संघ (फेडा) ले जातीय छुवाछूत, सामाजिक विभेद र लैङ्गिक हिंसाविरुद्धको अभियानलाई प्रभावकारी बनाउन देशभरका ३२५ जना अगुवा अभियन्तालाई झोलालगायत अत्यावश्यक सामग्री प्रदान गरेको छ । त्यस्ता सामग्रीमा अभियन्तालाई आवश्यक झोला, डायरी, बोतल, डटपेन तथा परिचयपत्रलगायत सामग्री रहेका छन् ।

बाँके, बर्दिया, कैलाली, सुर्खेत, दाङ, मकवानपुर, मोरङ, कास्की, धनुषा र बारालगायत देशका विभिन्न जिल्लामा आयोजित छुट्टाछुट्टै कार्यक्रममा सामग्री वितरण गरिएका हुन् । यसरी आयोजित कार्यक्रममा अभियन्ताहरूको भूमिका, कर्तव्य र जिम्मेवारी, दलित तथा महिला अधिकार, कानुनी व्यवस्था र मानव अधिकारलगायत सवालबारे प्रशिक्षणसमेत दिइएको थियो ।

मकवानपुरको हेटौंडामा गत जेठमा आयोजित कार्यक्रममा संघकी केन्द्रीय महासचिव रेनु सिजापतीले समुदायमा सामाजिक विभेद, छुवाछूत र लैङ्गिक हिंसाविरुद्ध अभियन्ताहरूले सक्रिय पैरवी गर्दै सकारात्मक परिवर्तनका लागि अग्रसर हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा संघकी कार्यकारी निर्देशक डा रविना जी रसाइली, परियोजना संयोजक सृजना विश्वकर्मा, मकवानपुर अध्यक्ष पवित्रा विश्वकर्मालगायतको उपस्थिति रहेको थियो ।

---

# जनकपुरधाम उपमहानगरसँगको सहकार्यमा क्षमता विकास तालिम

**जनकपुरधामः** दलित महिला संघ, धनुषाको आयोजना र जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक सहयोगमा मधेशी दलित महिलाहरूका लागि नेतृत्व सीप र क्षमता विकास तालिम सम्पन्न भएको छ ।

गत असार ९ गतेदेखि १८ गतेसम्म आयोजना गरिएको तालिममा उपमहानगरका २५ वटै वडाका करिब २०० जना दलित महिलाको सहभागिता रहेको थियो । राजनीतिक रूपमा पछाडि पारिएका दलित महिलाहरूमा नेतृत्व क्षमता विकास गर्दै नीतिगत तहमा सार्थक सहभागिता सुनिश्चित गर्ने उद्देश्यसहित तालिम आयोजना गरिएको थियो ।

सहभागी सरोकारवालाले पछिल्लो समय सङ्ख्यात्मक रूपमा दलित महिलाको राजनीतिक सहभागिता बढेको देखिए पनि निर्णायक तह र प्रक्रियामा अझै पनि सहभागिता हुन नसकेको गुनासो गरेका थिए । कतिपयले महिलाको भूमिका र सहभागिता हस्ताक्षर गर्नेमा सीमित रहेको धारणा राखेका थिए ।

तालिम उद्घाटन कार्यक्रममा उपमहानगर प्रमुख मनोजकुमार साहले दलित महिलाको नेतृत्व विकास र सशक्तिकरणमा संघले खेलेको भूमिकाको सराहना गर्दै यस कार्यमा महानगरले पनि सहकार्य गर्न पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भविष्यमा संघले अगाडि



सार्ने असल कार्यमा आफूहरूले सशक्त सहकार्य गर्ने प्रतिबद्धता जनाएउनुभयो ।

संघका प्रतिनिधिहरूले मधेशमा दलित महिलाको प्रभावकारी नेतृत्वविहीन अवस्थाको र मौन स्वीकार्यतालाई तोड्न नेतृत्व विकास अभियान सुरु गरिएको जनाएका थिए । सहभागी महिलाहरूले तालिमले आफूहरूमा आत्मबल, चेतना र राजनीतिक सहभागिताको चाहना थप बलियो बनाएको प्रतिक्रिया दिँदै आगामी दिनमा यस्ता कार्यक्रमलाई बढावा दिन आग्रह गरेका थिए ।

# दलित महिलाको सशक्तिकरणका लागि १० वटा महिला समूह गठन



**डोटी**: दलित महिलाको आर्थिक र सामाजिक सशक्तिकरण अभिवृद्धि गर्ने उद्देश्यले के आई सिंह गाउँपालिकामा १० वटा महिला समूह गठन गरिएका छन् ।

दलित महिला संघ (फेडो) डोटीले सन् २०२५ को प्रारम्भ अर्थात् गत पुष महिनामा यहाँ दलित र अन्य सीमान्तकृत महिलालाई आर्थिक र उद्यमशील गतिविधिमा सक्रिय बनाउँदै आत्मनिर्भरतातर्फ अघि बढ्न प्रेरित गर्न समूह गठन गरिएका हुन् ।

गाउँपालिकासँगको समन्वयमा गठन गरिएका यी समूहले सदस्यहरूको बचत र ऋण जस्ता आर्थिक गतिविधिमा संलग्नता बढाउन, यसरी जम्मा हुने रकम समूहका इच्छुक सदस्यहरूले आफ्नो व्यवसाय स्थापना वा विस्तार गर्न सघाउन र महिलाहरूका लागि जीविकोपार्जनका अवसरहरू विस्तार गर्ने विश्वास गरिएको छ ।

यसरी गठन भएका समूहमध्ये उत्थानशील महिला समूहमा ३४, एकता महिला समूहमा ३८, बिहानी महिला समूहमा २८, सुनौलो महिला समूहमा २८, कोपिला महिला समूहमा १९, सुशासन महिला समूहमा २२, उज्यालो महिला समूहमा १७, ज्योति महिला समूहमा २७, हरियाली महिला समूहमा ३१ र शान्ति महिला समूहमा २७ जना सदस्य गरी २७१ महिला संगठित भएका छन् ।

# जलवायु परिवर्तन तथा प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी सचेतना



**डोटीः** दलित महिला संघ (फेडो) को आयोजनामा दलित, महिला तथा सीमान्तकृत समुदायहरूमा पर्ने जलवायु परिवर्तन र प्रकोप जोखिम न्यूनीकरणका सम्बन्धमा यहाँ सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा जलवायु परिवर्तनलगायत जोखिमको असर सबै वर्ग र समुदायले भोग्नु परे पनि आर्थिक, सामाजिक र अन्य कारणले कमजोर अवस्थामा रहेका दलित तथा सीमान्तकृत महिला तथा समुदाय अझबढी जोखिममा पर्ने गरेका विषयमा जानकारी दिन र लक्षित कार्यक्रम तथा कार्यान्वयन रणनीति बनाउने विषयमा छलफल भएको थियो ।

आयोजकका तर्फबाट स्थानीय जनप्रतिनिधि र समुदायलाई वातावरणीय नीति, योजना र कानुनी संरचनासम्बन्धी जानकारी दिनुका साथै जोखिम न्यूनीकरण र अनुकूलनमा सामुदायिक नेतृत्व सशक्त बनाउनेलगायत उद्देश्यबारे जानकारी दिइएको थियो ।

दिपायल सिलगढी नगरपालिकाका वडा नं ४ (राजपुर), वडा नं ५ (बागठाँटा) र वडा नं ९ (कलेना) मा छुट्टाछुट्टै कार्यक्रम आयोजना गरिएका थिए । कार्यक्रमका सहभागीलाई जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण, त्यसका प्रभावबारे जानकारी प्रदान गरिएको थियो । यसैगरी सरकारी नीति, स्थानीय योजना र कानुनी ढाँचाले स्थानीयस्तरमा वातावरणीय दिगोपना प्रवर्द्धन, वातावरणीय जोखिम न्यूनीकरण र अनुकूलनका लागि कसरी काम गर्छ भन्नेबारे व्याख्या गरिएको थियो ।

यसले नीति निर्माण, विपद न्यूनीकरणका लागि सक्रिय सामुदायिक नेतृत्व निर्माण, जलवायु परिवर्तनलगायत विषयको बुझाइ, नीतिगत जानकारी र पहुँचमा वृद्धि गरी स्थानीयस्तरमा सामाजिक, पर्यावरणीय न्याय प्रवर्द्धनमा नेतृत्व विकास, स्थायी अनुकूलन रणनीति र स्थानीय योजना निर्माणमा सक्रिय सहभागिता बढाउने अपेक्षा गरिएको थियो ।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, महिला समूहका सदस्य, दलित महिला नेतृहरू तथा अन्य सीमान्तकृत समुदायका अगुवा महिला गरी २२९ जनाको सहभागिता रहेको थियो । कार्यक्रमपश्चात् सहभागीहरूमा जलवायु सङ्कट र त्यसको सामाजिक-आर्थिक असरबारे गहिरो बुझाइ बढेकाले वातावरणीय न्याय प्रवर्द्धनमा उनीहरूको सहभागिता थप सशक्त हुने अपेक्षा गरिएको थियो । सहभागीले भने वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन रणनीतिमा स्थानीय तह र सरोकारवालाको सशक्त भूमिका आवश्यक रहेकामा जोड दिएका फेडोका जिल्ला संयोजक शंकर विकले बताउनुभयो ।

# दलित महिला जनप्रतिनिधिहरुका लागि भाषण कला तालिम




**गुलरिया (बर्दिया)**: दलित महिला जनप्रतिनिधिहरूको नेतृत्व क्षमता अभिवृद्धि र सार्वजनिक अभिव्यक्ति सशक्त बनाउने उद्देश्यले बर्दियाको गुलरिया नगरपालिकामा भाषण कलासम्बन्धी क्षमता विकास तालिम सम्पन्न भएको छ । तालिममा यहाँको बाँसगढी नगरपालिका र मधुवन नगरपालिकाका ३० जना दलित महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सङ्घीयताको अभ्याससँगै स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएकाले प्रतिनिधित्वलाई अर्थपूर्ण बनाउनुपर्ने आवाज उठिरहेको सन्दर्भमा तालिम आयोजना गरिएको हो । पहिलो निर्वाचनपछि निर्वाचित अधिकांश जनप्रतिनिधि नव-प्रवेशी भएकाले शैक्षिक तथा व्यवहारिक सीपको अभाव महसुस गरिएकाले दोस्रो निर्वाचनपश्चात् आएका प्रतिनिधिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो ।

यही आवश्यकता पहिचान गर्दै २०८१ साल श्रावणमा बाँसगढी नगरपालिका र मधुवन नगरपालिकामा रहेका दलित महिला जनप्रतिनिधिको साझा मञ्च गठन गरिएको थियो । मञ्चको मागअनुसार भाषण कला दक्षता अभिवृद्धिका लागि तालिम आयोजना गरिएको हो ।

कपिल घिमिरे र रविन्द्र बोहोराले सहजीकरण गर्नुभएको तालिममा भाषण कला, प्रभावकारी प्रस्तुतीकरण, नेतृत्व विकास, आत्मविश्वास अभिवृद्धि र सञ्चार सीपलगायत विषयमा सैद्धान्तिक ज्ञान प्रदान र प्रयोगात्मक अभ्यास गरिएको थियो।

तालिममा सहभागिता अधिकांश जनप्रतिनिधिले तालिमले आफ्नो बोल्ने शैली र आत्मविश्वासमा ठुलो परिवर्तन ल्याएको बताएक छन् । मधुवन–७ की सन्तोषी विक र बाँसगढी– ५ की धनसरा सुनार सहभागीको तर्फबाट अनुभव साझा गर्दै तालिममा सिकेका सीप व्यवहारमा उतार्ने प्रतिबद्धता जनाउनुभयो । साझा मञ्चले आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तरता दिँदै दलित महिलाको नीति निर्माण तहमा सशक्त सहभागिता, नेतृत्वदायी भूमिका र समुदायमा प्रभावकारी उपस्थिति सुनिश्चित गर्ने लक्ष्य लिएको जनाएको थियो । कार्यक्रम गत फागुन २१ गते सम्पन्न भएको हो ।

# सुर्खेतमा ‘एग्रोइकोलोजी मास्टर ट्रेनिङ अफ ट्रेनर्स’



**सुर्खेत**: ‘दलित महिलाहरूको खाद्य अधिकार र मर्यादाका लागि स्थानीय नेतृत्व परियोजनाअन्तर्गत यहाँ पाँचदिने प्रशिक्षण आयोजना गरिएको छ ।

गत जेठ १३–१७ गतेसम्म सुर्खेतको घाटगाउँमा फास्टनएक्सन (Fastenaktion) को नेतृत्वमा दलित महिला सघं (फेडो) को सहआयोजनामा ‘ एग्रोइकोलोजी मास्टर ट्रेनिङ अफ ट्रेनर्स’ आयोजना गरिएको हो ।

पर्यावरणीय कृषि सहजकर्ताहरूलाई दिगो र पर्यावरणमैत्री कृषि प्रणालीसम्बन्धी उपयोगी ज्ञान र व्यावहारिक सीप प्रदान गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको थियो। प्रशिक्षणमा कृषिमा जैविक विविधता संरक्षण, माटोको स्वास्थ्य, जलस्रोत संरक्षण र प्राकृतिक स्रोतको दिगो उपयोगबारे आवश्यक ज्ञान प्रदान गरिएको थियो । साथै खाद्य सुरक्षामा समुदायको सहभागिता बढाउने उपायबारे पनि प्रशिक्षण दिइएको थियो ।

प्रशिक्षणमा प्रदान गरिएको ज्ञानले सफल प्रशिक्षक निर्माणमा टेवा पुग्नुका साथै उनीहरूलाई स्थानीय समुदायमा प्रभावकारी रूपमा काम गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ ।

प्रशिक्षणमा प्रयोगात्मक अभ्यास, समूह छलफल, अनुभव साटासाट र विविध घटना सामग्रीको माध्यमबाट सहभागीहरूको ज्ञान र क्षमता अभिवृद्धिमा जोड दिइएको थियो । सहभागीहरूले जैविक विविधता संरक्षण, माटो तथा जलस्रोतको संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग र खाद्य सुरक्षामा समुदायको सहभागिता बढाउने उपायहरूबारे जानकारी पाएपछि दिगो कृषि प्रणालीको प्रचार-प्रसार र कार्यान्वयनमा थप आत्मविश्वास बढेको प्रतिक्रिया दिएका थिए ।

आयोजकले प्रशिक्षणले दिगो विकासका लक्ष्यहरू पूरा गर्ने दिशामा ठूलो भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए ।

प्रशिक्षणमा साहस, क्यारिटास नेपाल, ओडा फाउण्डेसन, द लिटिल फ्लावर सोसाइटीलगायत विभिन्न साझेदार संस्थाका प्रतिनिधिहरू र कृषि सहजकर्ताहरूको सहभागिता रहेको थियो। यस्तै, रुकुम, जाजरकोट, कालीकोट, मकवानपुरलगायत विभिन्न जिल्लाका प्रतिनिधिहरूले प्रशिक्षण लिएका थिए ।

# 'फेडोसँगको सहकार्य वरदान सावित भयो'



**मकवानपुरः** बकैया गाउँपालिका–७, मकवानपुरकी कौशिला विश्वकर्माका लागि २०७१ साल कालो वर्ष बनेर आयो । यही वर्ष उहाँले श्रीमान् गुमाउनुपऱ्यो, जीवनमा कालो बादल मडारियो । २३ वर्षको कलिलै उमेरमा श्रीमान्को असामयिक निधनले सिउँदोको सिन्दुर पुछियो । जीवनको भरोसा टुट्यो । तीन सन्तानसहितको सम्पूर्ण जिम्मेवारी काँधमा आइपऱ्यो ।

विगमा श्रीमान्ले निर्वाह गर्ने सम्पूर्ण दायित्व उहाँले निर्वाह गर्नुपर्ने भयो, तर त्यसका लागि न सीप थियो, न त अनभव । त्यसपछि सङ्कर्षका कहाली लाग्दा दिन सुरु भए । सुरुमा ससुरा बुबासँग आरनको काम गर्नुपऱ्यो । फलाम पिट्ने, घन ठोक्ने, औजार बनाउने, यो उहाँको जीवनको एक दुःखद, तर साहसी सुरुआत थियो । वर्ष कट्दै गए, दुःख थपिँदै गए । त्यसपछि विसं २०७४ देखि कौशीलाले ज्यामीको काम गर्नुपऱ्यो । समस्या त थिए, तर उहाँलाई जिम्मेवारीबाट भाग्ने छुट थिएन । त्यसैले समस्यासँग हार्नुभएन, बरु मुकाबिला गर्नुभयो । परि स्थितिअनुसार सङ्घर्षको बाटो बदलिरहे पनि कौशिलाले आफ्ना तीन सन्तानको लालनपालन र पढाइमा कुनै कमी हुन दिनुभएन ।

उहाँको सङ्घर्षको कथा यसैमा सीमित भएन, न त सङ्घर्षको यात्रा रोकियो । बरु २०८० सालमा दलित महिला संघ(फेडो) मकवानपुरसँगको सहकार्यपछि सङ्घर्षको शैली बदलियो । फेडो सङ्घर्षको यात्रामा सहयात्री बन्यो । फेडोले विसं २०८० कात्तिकतिर बकैया गाउँपालिका–७ मा कौशिलासहित २५ जना महिलालाई सङ्गठित गरेर 'उद्यमशील दलित महिला समूह' गठन गऱ्यो । त्यो समूहमा कौसिला सर्वसम्मत अध्यक्ष बन्नुभयो । यहीबाट उहाँको जीवनले नयाँ मोड लियो ।

"फेडोसँग नजोडिएको भए जीवनले सायद अर्कै मोड लिन्थ्यो होला, अहिलेको अवस्था आउथ्यो वा आउँदैन थियो त्यसै भन्न सक्दिन । यसले मेरो जीविकोपार्जनको आधार मात्रै तयार गर्न सघाएको छैन, सामाजिक अभियन्ताको पहिचान बनाउन पनि योगदान पुगेको छ", कौशिलाले भन्नुभयो ।

विसं २०८० को अन्त्यतिर फेडोले रु ४२ हजार बराबर बीउपँजी सहयोग गरेर उक्त समूहको कोष निर्माण भएको र त्यसमध्ये समूहमार्फत रु १४ हजार ऋण लिएर आफूले सङ्घर्षको नयाँ चरण सुरु गरेको उहाँको भनाइ छ । रु १४ हजार समूहको र त्यसमा केही रकम थपेर रु ३० हजारमा कौशिलाले गाई किन्नुभयो। त्यसको केही महिनापछि पालिकाबाट थप अर्को गाई पाउनुभयो ।

"अब गोठमा दुई गाई भए, फेरि अर्को गाई थपे । हाल तीन गाई छन् । दैनिकजसो रु नौ सयदेखि रु एक हजारको दुध बेच्ने गरेकी छु", उहाँ भन्नहुन्छ,"यो पैसा मात्रै होइन मेरो आत्मसम्मानको आधार पनि हो। समूहसँग जोडिएपछि आत्मविश्वास र आम्दानी दुवै बढेको छ । पहिला घरकै दबाबमा थिए, बोल्न पनि डराउँथेँ, तर हाल समूहको नेतृत्व गरिरहेकी छु । फेडोसँगको सहकार्यले नयाँ जीवन दिएको छ ।"

हाल कौशिलाले गाईपालनबाट मासिक रु ३० हजारजति आम्दानी हुने गरेको सुनाउनुभयो । उहाँको सफलताको प्रभाव समूहका अन्य दिदीबहिनीहरूमा पनि परेको छ । त्यहाँका धेरैजसो महिलाहरू पशुपालन, विशेषतः गाईपालनमा लागिरहेका छन् । फेडोद्वारा गठित समूहमार्फत थोरै ब्याजमा पुँजी लिएर महिलाहरू

आत्मनिर्भर भइरहेका छन् । यसकार्यमा वडा कार्यालयले पनि सहयोग गरिरहेको छ । यसबीचमा वडा कार्यालयले समूहलाई रु ४० हजार सहयोग दिएपछि अन्य महिलालाई पनि आयआर्जनमा जोडिन सहयोग पुगेको छ ।

कौशिला भन्नुहुन्छ, "म फेडोलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु, जसको कारण मेरो सङ्घर्षको मोड फेरियो । सुखदुःख साँट्ने साथीसङ्गी भेटिए । अब मेरो सपना, समूहका अरु महिलासँग मिलेर आर्थिक सशक्तिकरण, सामाजिक समानता र राजनैतिक प्रतिनिधित्वका लागि अघि बढ्नु हो ।"

कौशिला विश्वकर्माको यस कथाले सङ्घर्ष, आत्मविश्वास र सही समयमा परिने सहयोगले एउटा व्यक्तिको जीवन मात्र होइन, समुदायलाई नै परिवर्तन गर्न सघाउ पुग्छ भन्ने सन्देश दिएको छ ।

# '...त्यसपछि जीवनमा आश्चर्यजनक परिवर्तन आयो'

**विराटनगरः** केही वर्षअघिसम्म विराटनगर महानगरपालिका-६, रामपुरकी २८ वर्षीया खुश्बु महासेठलाई आफ्नै परिवार नर्कजस्तै थियो । त्यसको कारण थियो, कुलतमा फँसेका श्रीमान्ले दैनिकजसो दिने पीडा । मदिरा र लागुपदार्थ सेवन गरेर श्रीमान्ले दैनिक दिने मानसिक तथा शारीरिक हिंसाले उहाँ लामोसमय आजित हुनुभयो ।

पछिल्लो समय भने खुश्बुको जीवनमा उल्लेखनीय सुधार आएको छ । स्थानीय महिला समूह र दलित महिला संघ (फेडो) सँग जोडिएपछि उहाँले घरेलु हिंसाबाट मुक्ति पाउनुभएको छ । फेडोले उहाँका श्रीमान्लाई सुधार केन्द्र पठाउन सहजीकरण गरेपछि यो सम्भव भएको हो ।

"धेरै समयसम्म आफ्ना पीडा लुकाएर राख्न बाधय थिएँ । लालिगुराँस दलित महिला समूहमा आवद्ध भएपछि भने खुलेर अगाडि आए । समूहका बैठकहरूमा सहभागी हुँदा महिला हिंसा, अधिकार र आत्मबलका विषयमा चर्चा सुन्न थालेँ । त्यहीबाट मलाई आफ्नो आवाज उठाउने हिम्मत आयो । त्यसपछि श्रीमान् सुधारको आधार बनेको हो", उहाँले सुनाउनुभयो ।

खुश्बुको समस्यालाई गम्भीरतापूर्वक लिँदै समूहले फेडोसँगको समन्वयमा समस्या समाधानको पहल गरेको थियो । फेडोकी अध्यक्ष शर्मिला परियार, कोषाध्यक्ष गोमा खाती र सामाजिक परिचालक मन्दिरा विश्वकर्माको सहजीकरणपछि श्रीमान्लाई स्थानीय रिजवान सुधार केन्द्रमा निःशुल्क उपचारको व्यवस्था मिलाइएको थियो ।



तीन महिनाको सुधार केन्द्र बसाइँपछि श्रीमान्को व्यवहारमा सकारात्मक परिवर्तन आएको खुश्बुले बताउनुभयो । "उहाँ अहिले घरको काममा सघाउनु हुन्छ, नशा गर्न छोड्नु भएको छ । पहिलेको तनाव र पीडा हाल शान्ति र सहकार्यमा बदलिएको छ । मैले र बालबच्चाले शान्तिको स्वास फेर्न पाएका छौँ", उहाँले भन्नुभयो ।

हाल खुश्बुले आफू आबद्ध समूहबाट लिएको ऋणबाट गाउँमा किराना पसल सुरु गर्नुभएको छ । यसले परिवारको जीविकोपार्जनमा सहयोग पुऱ्याइरहेको छ । "फेडो र लालिगुराँस समूहप्रति विशेष आभार प्रकट गर्दछु । यी संस्थाको सहयोगले मेरो जीवनमा नसोचेको परिवर्तन आएको छ । हाल श्रीमान् श्रीमतिको सम्बन्ध सुमधुर बन्दै गएको छ । सायद उहाँहरूसँग नजोडिएको भए मेरो जीवनले जुनसुकै मोड लिनसक्थ्यो । फेरि पनि आभार", उहाँले खुसी पोख्नुभयो ।

# ‘एक घर, एक व्यवसाय’ अभियानले बदलिँयो तुलसीको जीवन



**मोरङः** विसं २०५८ फागुन २९ मा जन्मिएकी तुलसी पासवानको १६ वर्षमा विवाह भयो । विराटनगर-१२ जनपथ टोलमा जन्मिएकी उहाँको विराटनगर-६, रामपुरका चन्दन पासवानसँग विवाह भएको हो । सात कक्षा मात्रै अध्ययन गरेपछि विवाह भएकी तुलसी हाल सात सदस्य भएको परिवारकी अभिभावक हुनुहुन्छ ।

उहाँको बाल्यवस्था समस्यामा गुज्रियो । स्कुल पढ्दै गर्दा बुबाको किड्नीमा समस्या देखियो । त्यसपछि तुलसीको आर्थिक अभाव र सामाजिक चुनौतीसँग जुध्नुपऱ्यो । परिवारकी जेठो सन्तान उहाँ, एक बहिनी, एक भाई र बुबाआमा । परिवारमा कमाउने मुख्य व्यक्ति (बुबा) थाला परेपछि परिवारका सबैजसो सदस्यले अरूको घरमा काम गरेर जीवन चलाउने बाध्यता आइलाग्यो । त्यही पृष्ठभूमिमा पढाई छोडेर कलिलै उमेरमा उहाँले विवाह गर्नुभएको थियो ।

विवाह गरेर गएको घरको अवस्थामा पनि राम्रो थिएन । श्रीमान् एक्लैको कमाइले घरको न्यूनतम आवश्यकता पूर्ति गर्न पनि धौधौ हुन्थ्यो । केही वर्षपछि तीन सन्तान थपिएर परिवारको आकार बढ्यो, तर आम्दानी बढेन । हातमुख जोर्नसमेत समस्या भयो । अचेल भने ती दिन फेरिन थालेका छन् । त्यसको आधार हो–दलित महिला संघ (फेडो) र त्यसको पहलमा गठन भएको महिला समूह ।

१८ महिनाअघि विराटनगर-६ रामपुरमा गठित महिला समूहमा आबद्ध भएपछि तुलसीको जीवन फेरिन थालेको हो । उहाँ समूहको उपाध्यक्ष हुनुभयो । २५ जना महिला सङ्गठित भएर उक्त समूह स्थापना गरिएको हो । सानैदेखि समाज सेवा गर्ने चाहना भएकी तुलसी समूहमा सक्रिय बनेपछि ‘अगुवा अभियन्ता’ का रूपमा उहाको पहिचान बनेको छ । “घरमा गुनासो गर्दै बसिरहेका बेला गठन भएको समूह मेरा लागि त वरदान नै भयो । यो समूह दलित महिला तथा समुदायका अधिकार र मुद्दाहरूमा सार्वजनिक पैरवी र जीविकोपार्जनका लागि सम्भावना खोज्ने थलो बनेको छ”, उहाँले भन्नुभयो,“यसै क्रममा संस्थाबाट आयोजित उद्यमशीलता विकास तालिममा सहभागी भएर व्यावसायिक सीप आर्जन गरी उद्यमशील बन्ने प्रेरणासमेत मिलेको छ ।”

फेडोको सहजीकरणमा समूहले ‘एक घर, एक व्यवसाय’ को नारा तय गऱ्यो । त्यही नाराले तुलसीको जीवनमा गहिरो प्रभाव पाऱ्यो । त्यसपछि उहाँले थोरै लगानीमा कपडा पसल सञ्चालन गर्नुभएको छ । हाल सोही पसलबाट दैनिक रु सात सयदेखि रु एक हजारसम्म आम्दानी गरिरहेको तुलसीले बताउनुभयो ।

“विगमा श्रीमान्कै मुखताक्नुपर्ने अवस्था थियो । उहाँको कमाइले घरखर्च धान्नै मुस्किल हुन्थ्यो । अहिले म पनि कमाउन थालेपछि श्रीमान्लाई पनि दबाब कम भएको छ । उहाँको कमाईले घर खर्च चलाउने र आफ्नो कमाई बचतलगायत अरु कममा लगाउछु । अब यो व्यवसाय ठूलो बनाउने योजना बनाउँदैछु”, उहाँले सुनाउनुभयो ।

तुलसीले हाल अरू महिलालाई पनि उद्यमशील र आत्मनिर्भर बन्न प्रेरित गरिरहनुभएको छ । उहाँले भन्नुभयो,“पहिलोदेखि नै सामाजिक कार्य गर्न, समूहमा रमाउन मन पर्थ्यो, त्यो अवसर फेडोले दिएको छ । त्यसले आत्मविश्वास बढाउनुका साथै आम्दानीसँग जोडिने आधार बनाएको छ । अब आफ्नो मात्रै होइन, समाजका अरू महिलाको जीवन परिवर्तनका लागि पनि काम गर्ने चाहना छ ।” यो दलित महिला तुलसीको कथा मात्रै होइन, सङ्गठन, सीप र आत्मबल भयो भने महिलाहरूले आफ्नै भविष्य र पहिचान निर्माण गर्नसक्छन् भन्ने उदाहरण पनि हो ।

# 'राधालाई समूहले सीप दियो, सीपले आत्मनिर्भर बनायो'

**जनकपुर**: पहिले सामान्य खर्चका लागि पनि अरूको मुख ताक्थें  जनकपुरधाम उपमहानगरपालिका-२२ की २८ वर्षीया राधा पासवान अचेल आफ्नै पौरखमा घर चलाइरहनुभएको छ ।

जग्गाजमिन नभएको, आम्दानीको एकमात्र स्रोत विदेशमै रहेको श्रीमान्ले पठाएको रकम र त्यसैले आठ सदस्यीय परिवारको आवश्यता टार्नुपर्ने बाध्यता । श्रीमानलृ पठाएको रकमकै भरमा आफ्ना र परिवारको गर्जो टार्नुपर्ने जिम्मेवारी राधाकै काँधमा थियो । पछिल्लो समय यी सबै बाधा भत्काउँदै उहाँ स्वावलम्बी बन्नुभएको छ । राधाले सिलाईकटाई सीप सिकेपछि आम्दानी मात्रै होइन, उहाँको जीवनमा नै परिवर्तन ल्याएको छ ।

"पहिले सीप थिएन, सम्पूर्ण रुपमा वैदेशिक रोगारीमा रहेका श्रीमान्ले पठाएको रकममा निर्भर थियौँ । कुनै महिना ढिलोगरी पैसा आएमा के खाने, कसरी खाने भन्ने समस्या हुन्थ्यो", उहाँले भन्नुभयो,"सिलाई सीप सिकेपछि भने आत्मनिर्भर बनेकी छु । दैनिक ७-८ सय रुपैयाँसम्म कमाउँछु, हाल केही वर्षअघिसम्म आर्थिक अभाव, पारिवारिक बोझ र निराशाले गिजोलेको जीवन सहज बन्दै गएको छ ।"

राधाको परिवारमा दुई छोरा, एक छोरी, सासु-ससुरा र श्रीमान् छन् । घरमा स्थायी आम्दानीको स्रोत नभएपछि श्रीमान् करिब एक वर्षअघि वैदेशिक रोजगारीमा जानुभएको छ । "श्रीमान्ले विदेशबाट पठाएको थोरै रकम र माइतीले कहिलेकाँही गर्ने सहयोगले घर धान्न हम्मेहम्मे थियो । छोराछोरीले चाहेको बेला कापी-किताब किन्न पनि सक्ने अवस्था थिएन । हाल आफैं कमाउने भएपछि सहज भएको छ ।"

### विवाहले रोकिएको पढाइ, गरीबीले गिजोलियो जीवन

पारिवारिक अवस्थाले राधाले कक्षा १० मै आफ्नो पढाईमा विराम लाउनुपर्‍यो । त्यसपछि विवाह भयो र एक वर्षमै पहिलो सन्तान जन्मियो । त्यसपछि खानेमुख थपिँदै गए । सासु-ससुराको उपचार खर्च, घर खर्च, तीन छोराछोरीको पढाईलगायत सबै कुरा श्रीमान्ले मजदुरी गरेर कमाएको थोरै आम्दानीमा निर्भर थियो ।

"कक्षा १० पढ्दै गर्दा विवाह भयो, पढ्ने सपना अधुरो रह्यो । पोइलीघरमा पनि राम्रो अवस्था थिएन ।



पछि तीन सन्तान जन्मिए, तर पढाउनका लागि सधैं अभाव भइनै रह्यो । सासुससुरा बिरामी पर्दा औषधि किन्न पनि ऋण काड्नुपर्ने अवस्था थियो । अहिले ती दिन सम्झिदा पनि उदेक लाग्छ", राधाले भन्नुभयो ।

एक वर्षअघि दलित महिला संघ (फेडा), धनुषासँग जोडिएपछि उहाँको जीवनमा परिवर्तन आएको हो । राधा आफ्नो वडामा फेडोले गठन गरेको महिला समूहको सदस्य बनेपछि केही गर्ने जाँगर आएको बताउनुहुन्छ । "सुरुमा मासिक एक सय रुपैयाँ  बचत गर्थ्यौं, पछि पाँचदिने उद्यम तथा व्यवसाय सीप विकास तालिममा लिन पाएँ", उहाँले भन्नुभयो,"त्यहाँ व्यवसाय कसरी सुरु गर्ने, लगानी कसरी जुटाउने र उत्पादनलाई बजारमा कसरी पुर्‍याउने भन्ने व्यवहारिक ज्ञान सिक्ने अवसर मिल्यो । त्यहीबाट सीप सिकेपछि सिलाईलाई नै व्यवसाय बनाउने निधो गरेर अगाडि बढेकी छु ।"

### समूहमा जोडिएपछि बदलियो जीवन

राधाले सुरुआतमा समूहबाट रू १५ हजार ऋण लिएर व्यवसायको थालनी गर्नुभयो । त्यसबाठ सिलाई मेसिन किनेर घरमै सानो सिलाई व्यवसाय सुरु गर्नुभयो । "सुरुमा १-२ जना ग्राहक आउँथे, हाल ५-६ जना नियमित ग्राहक छन् । दैनिक ७-८ सयसम्म कमाउँछु । घर चलाउन सजिलो भएको छ", उहाँले मुस्कुराउँदै भन्नुभयो ।

हाल उहाँले आफ्ना छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाइरहनुभएको छ । श्रीमान्ले विदेशबाट पठाएको पैसा बचत गर्न थाल्नुभएको छ । विगतमा घरखर्च चलाउन लागेको ऋण करिब चुक्ता भइसकेको छ ।

# आत्मनिर्भर हुँदै भेरीगङ्गाकी दीपा चुनारा



**सुर्खेत**ः भेरीगङ्गा नगरपालिका-४ की ३० वर्षीया दीपा चुनारा पहिले न केही काम गर्नुहुन्थ्यो, न उहाँमा केही गर्नुपर्छ भन्ने आत्मविश्वास थियो । त्यसैले उहाँको दिनचर्या घरको चौघेरामा सीमित थियो । सामान्य आवश्यकता पूर्ति गर्न पनि श्रीमान्मा भर पर्नुपथ्र्यो । श्रीमान् दैनिक मजदुरी गर्नुहुन्थ्यो, त्यही आर्जनले परिवारमा सासु-ससुरा र दुई छोराको हातमुख जोर्न सघाउ पुगेको थियो । आत्मविश्वासको अभाव र अवसर पहिल्याउन नसक्दा उहाँको उर्वर समय त्यसै खेर गइरहेको थियो ।

हाल उहाँ आफ्नै खुट्टामा उभिन (आत्मनिर्भर) सफल हुनुभएको छ । यो आत्मनिर्भरताको बाटो दलित महिला संघ (फेडो) र हजारी दलित महिला समूहको सक्रिय सहयोगका कारण तय भएको हो ।

"जब फेडो र महिला समूहमा आबद्ध भए, त्यसपछि जीवनले नयाँ मोड लिएको हो । समूहमा सक्रिय भएपछि मनको डर हट्यो । आत्मबल विकास जागृत भयो । कुखुरा/बाखापालन र आयआर्जनका विभिन्न तालिममा सहभागी भएपछि आर्थिक रुपमा आत्मनिर्भर बन्ने बाटो समातेकी हुँ", उहाँले भन्नुभयो ।

हाल दीपाले कुखुरा र बाखापालन व्यवसायमार्फत आम्दानी गरिरहनुभएको छ । यसले आर्थिक स्रोतमा पहुँच वृद्धि भई, घर खर्चमा निर्णायक भूमिका निर्वाह गर्नुका साथै आफ्ना छोराहरूको शिक्षा र स्वास्थ्यमा समेत ध्यान दिन सजिलो भएको छ । "महिलाको आर्थिक स्रोतमाथि पहुँच हुनु भनेको आत्मसम्मान पनि बढ्नु हो । त्यसले व्यक्तिगत स्वाभिमान मात्रै होइन, परिवारको उचित रेखदेख, बालबच्चाको शिक्षादिक्षामा सहयोग र सामाजिक प्रतिष्ठामा पनि सहयोग गर्छ",उहाँले खुसी हुँदै भन्नुभयो,"यो कुरा मैले आफ्नो जीवनमा अनुभूत गरेकी छु । सायद फेडो र हजारी महिला समूहले सहयोग नगरिदिएको भए आज म चुलोचौकोमै हुन्थे होला । त्यसैले मेरो जीवनलाई नयाँ दिशा दिने फेडोप्रति सधैँ आभारी छु ।"

दीपाको जीवनमा भएको परिवर्तन केवल उहाँ र उहाँको परिवारका लागि मात्रै उपयोगी छैन, उहाँजस्तै सयौँ दलित तथा सीमान्तकृत महिलाका लागि प्रेरणा बन्नसक्छ । त्यसैले उहाँले जस्तै अन्य महिलाले पनि आर्थिक रूपमा आत्मनिर्भर, सामाजिक रूपमा प्रतिष्ठित र पारिवारिक रूपमा निर्णायक बन्नका लागि सानो भए पनि उद्यम गर्न जरूरी छ ।

# ‘सङ्गठन शक्ति मात्रै होइन, आत्मविश्वास पनि हो’

**सुर्खेत**: ४० वर्षीया तोली नेपालीको जन्म सल्यानमा र विवाह सुर्खेतमा भयो । उहाँको श्रीमान् नेपाल प्रहरीको सेवामा हुनुहुन्छ । यस दम्पतीका एक छोरा र एक छोरी गरी दुई सन्तान छन् । श्रीमान् राष्ट्र सेवक, आर्थिक अवस्था तुलनात्मक रूपमा ठिकै भए पनि उहाँ जातीय आधारमा सामाजिक रूपमा भोग्ने अपमान भने फरक थिएन । तथापि, त्यसविरुद्ध बोल्ने चेतना थिएन ।

“श्रीमान् राष्ट्र सेवामा, म घरेलु काम र बालबच्चाको स्याहारसुसारमा सीमित । व्यक्तिगत रूपमा मलाई आर्थिक दबाब थिएन, तर समाजले हेर्ने दृष्टिकोण भने फरक थियो । जातीय आधारमा हेप्ने प्रवृत्ति त कायमै थियो, तर त्यसविरुद्ध बोल्न न आत्मबल थियो, न आँट । यो डरले मलाई सधैं पछाडि धकेलिरहन्थ्यो”,भेरीगङ्गा नगरपालिका-४ की तोली नेपालीले विगत स्मरण गर्नुभयो ।

तोलीलाई न आफ्नो अधिकारबारे धेरै थाहा थियो, न त निर्णाय क्षमता । त्यसैले समाजमा हुने अवहेलनाविरुद्ध बोल्न र परिवारमा निर्धक्क भएर निर्णय गर्न सधैं हिचकिचाहट भइरह्यो । “पहिले म बोल्न पनि डराउँथे । बोलीहालेमा गलत पो हुन्छ कि भन्ने लाग्थ्यो, हाल म प्रश्न गर्छु र उत्तर खोज्छु”, उहाँले भन्नुभयो ।

पछिल्लो समय उहाँको बुझाई बदलिएको छ । विभेदविरुद्ध बोल्ने साहस जुटेको छ । हाल तोली नेपालीमा आत्मविश्वास मात्र होइन, आफ्नो अधिकार र निर्णय क्षमतामा पनि सुधार आएको छ । यसका लागि फुर्केसल्ली दलित महिला समूह सहयोगी बनेको छ। उहाँ भन्नुहुन्छ, “समूहमा आबद्ध भएपछि अरूका कुरा



सुनेँ । के बोल्ने र कसरी बोल्ने भन्ने कुरा पनि सिक्न थालेँ । त्यसपछि खुलेर बोल्नसक्ने भए । समूहले मलाई सचेतना, साहस र आवाज दिएको छ ।”

हाल उहाँ गाउँमा हुने हरेक बैठकमा सक्रिय सहभागिता जनाउनुहुन्छ । महिला अधिकारका मुद्दामा आवाज उठाउनुहुन्छ र अरू महिलालाई पनि आफ्नो अधिकारका लागि बोल्न उत्प्रेरित गर्नुहुन्छ। “सङ्गठित भएपछि बोली मात्रै होइन शक्ति र आत्मविश्वास पनि जागृह हुँदो रहेछ । महिलाको सहभागिता समानता र न्यायका लागि कति महत्त्वपूर्ण हुँदो रहेछ भनेर बुझिँदो रहेछ”, तोली गर्वका साथ भन्नुहुन्छ,“अरू महिलाले पनि यस्तै अवसर पाउनुपर्छ । सबै मिलेर सम्मानयोग्य, सुरक्षित, समृद्ध र समतामूलक समाज निर्माणमा योगदान गर्नुपर्छ ।”

# जातविहीन विश्वका लागि 'टोरन्टो सम्मेलन' फेडोको सशक्त सहभागिता



**टोरन्टो (क्यानडा)**: क्यानडाको टोरन्टोमा आयोजित 'जातविहीन विश्वका लागि ग्लोबल सम्मेलन' मा दलित महिला संघ (फेडो) ले आफ्नो सशक्त सहभागिता जनाएको छ । गत मे २५ देखि २७ सम्म टोरन्टोमा 'बराबरी सामाजिक न्याय र जातीय विभेदको अन्त्यतर्फ ऐक्यबद्धता निर्माण" भन्ने मूल नाराका साथ आयोजित सम्मेलनमा फेडोले आफ्नो अर्थपूर्ण सहभागिता जनाएको हो ।

दक्षिण एसिया र उत्तर अमेरिकाका दर्जनौं संस्थाहरूको उपस्थिति र सहकार्यमा भएको सम्मेलनमा फेडोकी संस्थापक अध्यक्ष दुर्गा सोवले विशेष वक्ताको रूपमा सम्बोधन गर्नुभएको थियो । त्यस अवसरमा उहाँले दलित महिला र किशोरीहरूको आवाज मुखरित गर्दै ती आवाज सम्बोधनका लागि साझा पहिलको आवश्यकता औंल्याउनुभयो । संस्थापक अध्यक्ष सोवले आफ्नो दशकौं लामो दलित अधिकार अभियानको अनुभव साझा गर्दै जातीय विभेदविरुद्धको सङ्घर्षमा महिला नेतृत्वको उपस्थिति र महत्त्वबारे चर्चा गर्नुभएको थियो ।

उहाँले भन्नुभयो,"जातविहीन विश्वका लागि राष्ट्रिय, अन्तरराष्ट्रिय र क्षेत्रीय रूपमा साझा सहकार्यको आवश्यकता छ । खासगरी दलित महिला र किशोरीहरूका अधिकारलाई केन्द्रमा राख्दै समावेशी नीति निर्माणको खाँचो छ । फेडो समुदायको अवस्था र मागलाई सम्बोधन गर्न राष्ट्रिय मात्र नभई अन्तरराष्ट्रिय तहमा पनि यस्तो नीति निर्माण हुनुपर्नेमा ध्यानाकर्षण गराउँदछ ।"

सम्मेलनले विभिन्न देशका सरकारी अधिकारी, नीति निर्माता, मानव अधिकारकर्मी, शिक्षाविद्, सामाजिक अभियन्ता र विद्यार्थीहरूलाई एउटै मञ्चमा ल्याएर जातीय विभेद अन्त्यका व्यवहारिक रणनीतिमा व्यापक छलफल गर्ने अवसर प्रदान गरेको फेडोले जनाएको छ ।

# सिड–६९औँ अधिवेशनमा फेडोः 'बेइजिङ प्लेटफर्म अफ एक्सन'को तीन दशकको यात्रा स्मरण



**न्यूयोर्क (अमेरिका)**: दलित महिला संघ (फेडो) ले संयुक्त राष्ट्रसङ्घीय मुख्यालय, न्यूयोर्कमा सम्पन्न महिला स्थितिसम्बन्धी आयोगको ६९औँ अधिवेशन तथा बेइजिङ+३० समीक्षामा महिला अधिकार प्रवर्द्धनको क्षेत्रमा आफ्नो परिवर्तनकारी अभियान र दृढता प्रस्तुत गरेको छ ।

गत मार्च १०–११ मा न्यूयोर्क आयोजित सम्मेलनमा बेइजिङ प्लेटफर्म अफ एक्सनको ३० वर्षको यात्रामाथि गम्भीर समीक्षा भएको थियो । फेडोले महिलाका लागि मानवअधिकार (डब्लुएचआर) र नेपाल राष्ट्रिय दलित सञ्जाल (एनएनडिएन) सँग सहकार्य गर्दै सम्मेलनमा फेडोले 'बेइजिङ+ यात्राको ३० वर्षः अन्तरछेदीय दृष्टिकोण, चुनौतीहरू र प्रगति' शीर्षकको विशेष पूरक कार्यक्रमको नेतृत्व गरेको थियो । कार्यक्रममा नेपालमा दलित महिला अधिकारको अवस्थाबारे विश्लेषण र सिफारिसहरू समेटिएको एक वृत्तचित्र र बेइजिङ+३० सम्बन्धी फेडोको प्रतिवेदन सार्वजनिक गरिएको थियो ।

यस्तै, सम्मेलनमा 'श्रम र आर्थिक न्यायः दक्षिण एसियाबाट दलित आवाज' विषयक प्यानल छलफल, 'महिला अधिकारको प्रवर्द्धनः हिंसाको अन्त्य र नेतृत्व सुदृढीकरण" शीर्षकको समानान्तर कार्यक्रममा सहभागिता जनाई फेडोले नेपालमा महिलामाथि हुने हिंसा र नेतृत्व विकाससम्बन्धी अनुभव, दलित महिलाहरूको श्रम, पहुँच र अवसरबारे प्रकाश पारेको थियो ।

साथै अमेरिकाको बाल्टिमोर सहरमा आयोजित ६०औँ अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस केन्द्रित 'नासो समुदाय कार्यक्रम' (NASO Community Event) मा फेडोका प्रतिनिधिको सहभागिता रह्यो ।

यस ऐतिहासिक कार्यक्रममा फेडोले दलित र सीमान्तकृत महिलाहरूको अधिकार र गरिमाको पक्षमा स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्म दशकौँ लामो नेतृत्व र अडिग पैरवी गरेको भन्दै डा रुथ मनोरमालाई सम्मानित गरेको थियो । यसैगरी, महिलाको अधिकार, आर्थिक सशक्तिकरण, र लैङ्गिक समावेशी नीतिहरूको प्रवर्द्धनमा दक्षिण एसिया क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएकामा युनिफेम (गुएन वुमन) दक्षिण एसियाकी पूर्वक्षेत्रीय निर्देशक चाँदनी जोशीलाई समेत सम्मान गरिएको थियो ।

फेडोको यस्तो सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा दलित महिलाहरूको अधिकार, अनुभव र संघर्षको आवाजलाई थप मजबुत बनाएको छ । सम्मेलनमा फेडोका संस्थापक अध्यक्ष सोव, महासचिव रेणु सिजापतिलगायत नेपालका अन्य संस्थाका प्रतिनिधिसमेत सहभागी हुनुहुन्थ्यो ।

# सिड समितिको ९०औँ पूर्वसत्रमा फेडोद्वारा विशेष सम्बोधन, विविध मुद्दाबारे विश्व समुदायको ध्यानाकर्षण



**जेनेभा, स्विट्जरल्याण्ड:** संयुक्त राष्ट्रसंघीय महिला अधिकारसम्बन्धी सिड समितिको ९०औं पूर्वसत्रमा फेडोले नेपालको सातौं आवधिक प्रतिवेदनबारे विशेष सम्बोधन गरेको छ ।

गत फेब्रअरी ३ मा **जेनेभामा** आयोजित इन्टरनेश्नल दलित सोलिडारिटी नेटवर्कसँगको सहकार्यमा प्रतिवेदन पेस गर्ने क्रममा फेडोले मौखिक वक्तव्य प्रस्तुत गरेको हो ।

फेडोको तर्फबाट संस्थापक अध्यक्ष दुर्गा सोवले प्रस्तुत गरेको वक्तव्यमा दलित महिला र किशोरीमाथिको विभेद, विशेषगरी न्यायमा पहुँच, राजनीतिक सहभागिता र अन्तरजातीय विवाहसम्बन्धी संरक्षणको अभावलगायत विषय उठान गर्नुभएको थियो । वक्तव्यमार्फत अन्तरछेदीय कानुनी व्इवस्थठा कार्यान्वयन, प्रभावकारी नीति कार्यान्वयन र बलियो तथ्याङ्क प्रणाली, नेतृत्वमा दलित महिलाको प्रतिनिधित्व र अन्तरजातीय विवाह गर्नेहरूको संरक्षण र पुनर्स्थापना जस्ता विषयहरूमा सशक्त कदम चाल्न आग्रह गरिएको थियो ।

त्यस अवसरमा फेडोले न्याय, शिक्षा, स्वास्थ्य, लैङ्गिक हिंसा, हानिकारक प्रथा र परम्परा, रोजगारी, राजनीतिक सहभागिता, जलवायु न्याय, तथा दलित, आदिवासी र ग्रामीण महिलाका अधिकार हरूमा पैरवीलगायत १२ वटा मुख्य विषय सम्बोधन गर्नुपर्नेमा जोड दिएको थियो । यी सबै मुद्दाहरू सिड समितिको अन्तिम सिफारिसमा समेत समावेश गरिएका छन् । समितिले नेपाल सरकारको प्रतिवेदन र जवाफप्रति सराहना व्यक्त गर्दै लैङ्गिक समानता प्रवर्द्धन गर्ने कानूनलाई बलियो बनाउने, भेदभाव र लैङ्गिक हिंसाविरोधी कानुन निर्माण गर्ने तथा सीमान्तकृत समूहहरूको न्याय, सेवा र अवसरमा पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ । यसैगरी, समावेशी प्रतिनिधित्व, महिला मानव अधिकार रक्षकको संरक्षण र लैङ्गिक दृष्टिकोणयुक्त जलवायु तथा विपद् नीति निर्माणको आवश्यकतासमेत औंल्याइएको छ ।

---

# 'महिलामा लगानी' विश्वव्यापी संवादमा फेडोको सहभागिता



**कोपेनहेगन (डेनमार्क):** दलित महिला संघ (फेडो) ले महिलाको आर्थिक स्वतन्त्रता र दीर्घकालीन लगानीको आवश्यकता औँल्याएको छ ।

डेन चर्च एड (डिसिए) मुख्यालयद्वारा गत फेब्रअरी ८ मा कोपेनहेगनमा आयोजित 'महिलामा लगानी' शीर्षकको अन्तरराष्ट्रिय कार्यक्रममा फेडोले दलित महिलाहरूको आर्थिक सशक्तिकरणलाई दीर्घकालीन दृष्टिकोणमा हेर्ने र स्थायी लगानीमार्फत सामाजिक न्याय तथा समावेशिता सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याएको हो ।

त्यस अवसरमा फेडोका कार्यकारी निर्देशक डा रबिना जी रसाइलीले महिलाको आर्थिक आत्मनिर्भरता र सशक्तिकरणमा दीर्घकालीन लगानीको आवश्यकतासम्बन्धी फेडोका दृष्टिकोण र प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । अन्तरराष्ट्रिय मञ्चमा हुने संवाद र महिला सशक्तिकरणमा लगानी गर्ने प्रतिबद्धताले समावेशी विकास, लैङ्गिक समानता र सामाजिक न्याय प्रवर्द्धनका लागि सहयोग पुग्ने फेडोको विश्वास छ ।

# मिडियामा फेडोका गतिविधि

कान्तिपुर

समाचार

## दलितका संवैधानिक हक कार्यान्वयन गर्न माग

हिंसापीडित महिलामध्ये दलित महिला र बालिका धेरै

फागुन २२, २०८१ | कान्तिपुर संवाददाता



गृह पृष्ठ English समाज राजनीति अर्थ समाचार खेलकुद विचार बैठौती मनोरञ्जन अन्तर्वार्ता चिठ्ठी-पत्र अन्तराष्ट्रिय अन्य

साँघु

## फेडोद्वारा दलित समुदायका पत्रकारलाई सम्मान

रासस/साँघु २०८१ माघ ४ शुक्रवार २०:३६:००

9 Shares Share



---

https://ujyaaloonline.com/story/115423

उज्यालो

रेडियो टिभी मोबाइल

२७ साउन २०८२, मंगलबार (August 12, 2025)

समाचार

## जनगणना २०७८ : दलितसम्बन्धी सबै सूचकाङ्क राष्ट्रिय औसतभन्दा कमजोर




ekhabarraftar.com/2025/03/29002/

"सूचना विचार र निष्पक्ष समाचार, राष्ट्र, राष्ट्रियता र जनसरोकारका पक्षमा खबर रफ्तार"

२०८२ श्रावण २७ मंगलवार

English

खबर रफ्तार


समाचार प्रदेश अर्थतन्त्र विचार टिभी शिक्षा स्वास्थ्य विज्ञान प्रविधि मनोरञ्जन खेलकुद सम्पादकीय अन्य

## दलित महिला संघ फेडोद्वारा धनगढीका महिलाहरुलाई बाख्रा तथा सिलाई मेशीन वितरण

Home » दलित महिला संघ फेडोद्वारा धनगढीका महिलाहरुलाई बाख्रा तथा सिलाई मेशीन वितरण

No data was found

Khabar Raftar



भर्खरै

महाकाली नदीमा बगेर बेपत्ता भएका दुई जना

---

२०८२ श्रावण २५

बाडुली न्युज

गृहपृष्ठ समाचार समाज खेलकुद राजनिति देश विचार/ब्लग अन्य पात्रो राशिफल

## दलित महिलाका लागि ३ दिने व्यवसाय विकास तथा वित्तीय साक्षरता तालिम सम्पन्न।

badulinews २०८२ श्रावण २५



डोटी, श्रावण २५
संचार विश्वकर्मा

हाम्रो पात्रो

धेरै पढिएको

दलित महिलाका लागि ३ दिने

सञ्चारपाटी


होमपेज राजनीति शिक्षा स्वास्थ्य खेलकुद सेरोफेरो इटहरीको समाचार विराटनगरको समाचार अन्य

## महिलालाई सीप सिकाएर उद्यमसँग जोड्दै विराटनगर महानगर (भिडियो रिपोर्ट)

सञ्चारपाटी संवाददाता / जेठ २१, २०८२




# नेपालको महिला आन्दोलन र आगामी मुद्दा



'सन्धान' ले महिला तथा महिला भित्रका महिलाका विविध सवालबारे विभिन्न व्यक्तिको विचार सामाजिक सञ्जालमार्फत् प्रस्तुत गर्दै आएको छ ।
यसै क्रममा प्रस्तुत छ, अधिकारकर्मी रेणु सिजापति को विचार ।

- महिला आन्दोलनले महिलाभित्रको विविधताको मुद्दालाई मूलप्रवाहीकरण गर्न चुकेको छ । जस्तै दलित महिलाहरूले लैङ्गिक विभेदसँगै जातीय र वर्गीय विभेद भोगिरहेका छन् । यो मुद्दालाई महिला आन्दोलनले आत्मसात् गरेर मूलप्रवाहीकरण गर्नु जरुरी छ ।
- अहिले जसको सवाल उसैको आवाज मात्र भइरहेको छ । जस्तै स्थानीय तह र संसदमा धेरै दलित महिला पुग्नुभएको छ तर उहाँहरुको आवाज सुनिँदैन । त्यसले गर्दा उहाँहरुको सहभागितालाई कसरी अर्थपूर्ण बनाउने भन्ने महिला आन्दोलनको मुद्दा हुनुपर्छ ।
- हामी जनप्रतिनिधि महिलाहरुसँग पनि काम गर्छौं । सङ्घीय र प्रदेश संसदमा मुद्दा उठाउँदा अरुको साथ नपाएको गुनासो धेरैले गर्नुहुन्छ । यो सामाजिक मुद्दा हो त्यसैले जातीय विभेद र छुवाछूतको मुद्दामा सबैले बोल्नुपर्छ ।
- संविधान र कानुनमा लेखिएका प्रावधान कार्यान्वयको अवस्था कमजोर छ, त्यसैले यसमा प्राथमिकता दिनपर्छ ।

नेपाल सरकार राष्ट्रिय तथ्यांक कार्यालयले आइतबार जनगणना, २०७८ को दलितसम्बन्धी तथ्यांकीय प्रतिवेदन सार्वजनिक गरेको छ। सोही प्रतिवेदन नतिजाले नेपालमा रहेका दलित परिवारको अवस्था अतिविपन्न वर्गमा रहेको...




ANNAPURNAPOST.COM

**३२.६ प्रतिशत दलित अझै निरक्षर, पहाडभन्दा तराईमा निरक्षर दर उच्च**

काठमाडौं : सरकारकै एक प्रतिवेदनअनुसार मधेसका एकतिहाइ दलित महिलाले विद्याल

लित महिला सङ्घ (फेडो) मोरङको आयोजना र विराटनगर महानगरपालिकाको सहकार्यमा ६ दिनको उद्यमशीलता तालिम ञ्चालन......



ANCHARPATI.COM

**गहिलालाई सीप सिकाएर उद्यमसंग जोड्दै विराटनगर महानगर (भिडियो रिपोर्ट)**

वैराटनगर । विराटनगर महानगरपालिका वडा नं. २ की रन्जिता सुवेदी पार्लर सञ्चालन गरेर आज आत्मनिर्भर छिन् । त्यो ...

दलित महिलासंघ फेडोले ४ अम्रेलासिलाई मेसिन ,१ इन्टरलक मेसिन ,६ इस्टुल, ६ फिता इन्चीटेप,२ टेवल,२ पाइट सेप स्केल,६ तेल कुप्पी मेसिनमा हाल्ने, २ पकेट मेसिन सियो,२ पकेट हाते सियो,२ कपडा नास्केल,५ इलास्टीक रोल,२ वटा डिजाइन बुक लगायतका २१ सामाग्री एक लाख सोह हजार दुई सय नब्बे रुपैया बराबरको सामाग्रीहरु उपलब्ध गराएको छ ।



कार्यक्रममा भेरीगंगा नगरपालिका १२ नम्बर वडाका कार्यवाहक अध्यक्ष इन्द्रलाल गिरिले महिलाहरुलाई कृषी उत्पादन संगै व्यवसायीमुखी बनाउनमा टेलरिङ मेसिनले सहयोग पुर्याउने बताए । महिलाहरु आत्म निर्भर भए घरपरिवार चलाउन सजिलो हुने बताए ।




News Nepal TV
May 13

सुदूरपश्चिम प्रदेश सरकारलाई आगामी आर्थिक बर्षको बजेटमा दलित समुदायका मुद्दामा केन्द्रित हुन दलित समुदायले आग्रह गरेको छ


राष्ट्रिय जनगणना २०७८
दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदन
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौँ
मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

FEDO




## लेख रचना पठाउन अनुरोध

यस मार्गदर्शन पत्रिकालाई दलित सवालका विषयमा आफ्ना विचार, लेख, रचना, विवेचना, कथा, कविता, नाटक वा अन्य साहित्य सन्दर्भ लेखहरू प्रकाशन गर्न चाहनुहुन्छ भने निम्न ठेगानामा पठाउनु होला ।


**सम्पर्क ठेगाना:**

**मार्गदर्शन**

**दलित महिला संघ (फेडो)**

केन्द्रीय कार्यालय, ज्वागल, ललितपुर, नेपाल

+९९७ ०१-५४२०९८२

dms.fedo@gmail.com

www.fedonepal.org


Follow Us

Feminist Dalit Organization , FEDO Nepal